# पहिलो परिच्छेद

## शोध प्रस्तावना

### १.१ शोध शीर्षक

प्रस्तुत शोध पत्रको शीर्षक **'नेपाली ताङकाको अध्ययन'** रहेको छ ।

### १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह द्धितीय वर्षको दसौ पत्रको प्रयोजनका लागि प्रस्तुत गरिएको हो ।

### १.३ शोधकार्यको समस्याकथन

भाषा साहित्यका विभिन्न विधाहरू मध्ये काव्य विधा एक प्रमुख विधाको रूपमा देखा पर्दछ । यो एक प्राचीन विधा पनि हो । काव्य विधा अन्तर्गत महाकाव्य र फुटकर कविता, मुक्तक, गजल वा गीति रचनाहरूको भेद देखापर्दछ । यी काव्यका विधाको पनि कविताको उपविधाका रूपमा ताङकालाई हेर्ने गरिन्छ । यो कविताको लघुत्तम रूप चाहिँ हो तर कविताकै सानो रूप भने होइन । यसको आफ्नै संरचनात्मक सूत्रवद्ध नियम भएका कारणले यो कविताको छोटो रूप होइन । ताङका जापानी लघुकविता हो । यसको इतिहास हेर्दा जापानमा आठौं शताब्दीतिर लेखिएको "मानयोसु" सम्म पुग्नु पर्ने हुन्छ । यसपछि ताङका जापानी दरबारिया राजकुमार राजकुमारीको प्रेमाभिव्यक्तिका रूपमा विकसित हुँदै जनसाधारणसम्म पुगेको काव्यिक सिर्जनाको रूपमा विकसित भएको देखिन्छ, जुन आज आएर एउटा साहित्यिक विधाको रूपमा विकसित भएको छ ।

नेपाली साहित्यमा क्षेत्रप्रताप अधिकारीद्वारा अनुवादित **जापानी नवरत्न** (२०४७), **हिम,जून,फूल** (२०५१)र **जापानी साहित्यको इतिहास** (२०५५) पछि

नै ताङकाको चर्चा शुरु भएको पाइन्छ । मूलतः यसपछि ताङका लेखनमा मोफसलका युवा स्रष्टाहरूबाट लेखनाभ्यास भएको देखिन्छ । पाँचथरका युवा स्रष्टाले ताङका लेखन तथा प्रसारण अभियानमा महत्त्वपूर्ण कार्य भएको देखिन्छ । सचेत रूपमा ताङका लेखनको आरम्भ युवा पिँढीबाट भएर स्थापित लेखकहरूमा सर्दै गएको पाइन्छ । छिटफुट रूपमा विभिन्न पत्रपत्रिकाहरू गरिमा, मधुपर्क, नूतन पाइला, लुङा, आदिमा ताङका प्रकाशित भएको पाइन्छ । प्रस्थान, साहित्य चौतारी, कौशिकी, संगम, कटाक्ष आदि पत्रिकाले ताङका विशेषाङ्क प्रकाशित गरेको देखिन्छ । **नेपाली ताङका** (२०६१) र **साहित्यिक ताङका** (२०६२) ताङका प्रधान पत्रिका हुन् । नेपाली साहित्यमा राज माङलाकको **धूवाँका धुन**हरू (२०६०) ताङका कृतिको प्रकाशन पश्चात् थुप्रै ताङका सङ्ग्रहहरु आइरहेका छन् । नेपाली साहित्यमा एउटा विधाको रूपमा यो स्थापित हुँदै गइरहेको छ । ताङका सम्बन्धमा छिटफुट रूपले केही छोटा लेखहरू पत्रपत्रिकामा र विभिन्न कृतिका भूमिका लेखनमा देखिए पनि यसको समालोचनात्मक अध्ययन, सैद्धान्तिक स्वरूप र ऐतिहासिक परम्पराको विस्तृत सुव्यवस्थित अध्ययन हुन सकेको छैन । त्यसैले यसको सैद्धान्तिक चर्चा, नेपाली ताङकाको स्पष्ट र सुव्यवस्थित अध्ययन र विवेचनाका निम्ति निम्न शोधको विषय छनौट गरिएको छ । यस विषयका शोध समस्याहरू देहाय बमोजिम रहेका छन् ।

१. ताङकाको विधागत सैद्धान्तिक आधार कस्तो छ ?

२. नेपाली ताङकाको इतिहास के कसरी विकसित भइरहेको छ ?

३. नेपालीमा प्रमुख ताङकाकार र ताङका कृतिमा के कस्तो प्रवृत्तिगत वैशिष्ट्यताहरू पाइन्छन् ?

## १.४ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधपत्रमा ताङकाको विधागत मूल्य, मान्यता, अस्तित्व र महत्त्वको बारेमा स्पष्ट पार्दै शोधकार्यको समस्या कथनसँग सम्बन्धित निम्न लिखित उद्देश्यहरू रहेका छन् ।

१. ताङकाको विधागत सैद्धान्तिक आधार केलाउनु,

२. नेपाली ताङकाको ऐतिहासिक परम्पराको जानकारी गराउनु,

३. उत्कृष्ट नेपाली ताङका सङ्ग्रहहरूको विश्लेषण र ताङका स्रष्टाको प्रवृत्तिगत परिचय दिनु,

## १.५ पूर्वकार्यको समीक्षा

नेपाली साहित्यमा ताङकाको सैद्धान्तिक स्वरूप र परम्पराबारे खासै कुनै किसिमको गहन अध्ययन भएको छैन । विभिन्न खाले साहित्यिक तथा गैर साहित्यिक पत्रपत्रिकाहरूमा ताङकाको विषयमा छिटफुट रूपमा चर्चा परिचर्चा गरिएको पाइन्छ । त्यसैगरी ताङका विशेषाङ्क र कतिपय ताङकाकै पत्रिका सञ्चालन गरेर पनि यस बारेमा स्थूल वा मोटामोटी चर्चा नगरिएको होइन । तथापि यस विषयको क्षेत्रमा खास लगाव राखेर सुव्यवस्थित र विस्तृत रूपमा अध्ययन गरिएको देखिँदैन । नेपाली ताङका बारे यस सम्बन्धमा भए गरिएका टिकाटिप्पणी र पूर्वकार्यहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

क्षेत्रप्रताप अधिकारीले **हिम, जून, फूल** (२०५१) कृतिमा जापानी ताङकाहरूको अनुवाद गरेका छन् । वास्तवमा जापानी कविताको आदिम शैली ताङका हो । जापानमा यसका कवि र पाठक प्रसस्त छन् । पाँच, सात, पाँच र सात, सात अक्षरको पाँच हरफमा लेखिने अर्थात एकतीस अक्षरीय यो शैली जापानीहरूको ढुकढुकी हो[१] भनेर उल्लेख गरेका छन् ।

सगुन सुसाराले वसन्तकुमार बस्नेतद्वारा सम्पादित साहित्य चौतारी (२०५९) ताङका विशेषाङ्कमा ताङका लेखनारम्भको सङ्केत गरेका छन् । नेपालमा प्रथमत पाँचथरका युवा लेखकहरूले यसलाई लेख्न थालेका हुन् । अझ नयाँ प्रतिभाहरूको लागि त पहिलो बाटो नै भएको छ । यो बाढीलाई

---

[१] क्षेत्रप्रताप अधिकारी,**'हिम, जून, फूल'** (२०५१),पृ.१-३

संयमताका साथ निरन्तरता दिने हो भने भविष्यका लागि सुन्दर यात्रा हो भन्न पनि अतिशयोक्ति नहोला[२] भनेर ताङकाको आयामको चर्चा गरेका छन् ।

चेतनाथ धमलाले **नेपाली ताङका** (२०६१) मा ताङकाको परिभाषा दिएका छन् । प्रकृति र कलाको दर्शनलाई साङ्केतिक चेतनाद्वारा एकाकार जिज्ञासा उत्पन्न गराउने लघुकवितालाई ताङका भनिन्छ । यस विधाले सूक्ष्म पक्षको अध्ययन गरेर विशिष्ट भाववोध गर्दछ[३] भनेर सङ्क्षिप्त परिभाषा दिएका छन् ।

रमेशप्रसाद सागरले **नेपाली ताङका** (२०६१) मा विधागत सम्भावनात्मक स्वरूप र पक्षको आयामबारे चर्चा गर्दै ताङकामा अरू थप कुराहरू स्वतन्त्ररूपमा वा भन्न बाँकी कुरा व्यक्त गर्ने ठाउँ रहन्छ । जसले गर्दा यो विधा थप मिठासपूर्ण र ललित देखिन्छ । नेपाली भाषामा लेख्नलाई पनि शास्त्रीय परम्पराको सीमाबन्धन सम्भव छ । हामीले मानिआएका छ वटा ऋतु अनि प्राकृतिक छटाहरूले भरिपूर्ण नेपालमा हाइकु र ताङका लेख्ने वातावरण सहज हुने चर्चा गरेका छन् ।[४]

विष्णु संगमले **'साहित्यिक संगम'** ताङका अङ्कको सम्पादकीयमा नेपाली साहित्य भण्डारमा प्रथम राज माङलाकको **धूवाँका धुन**हरू (२०६०) र त्यसपछिको दोस्रो विष्णुबहादुर सिंहको **फूलको वर्षा** (२०६२) आइसकेको छ । यी बाहेक ताङका प्रधान पत्रिका **नेपाली ताङका** (२०६१) र **साहित्यिक ताङका** (२०६२) बाट आइसकेका छन् र अन्य हवाई ताङका सङ्ग्रह र विशेषाङ्कहरू पनि ती पछिका हुनेछन्[५] भनेर ताङका क्षेत्रमा भएका महत्त्वपूर्ण कार्यहरूको विश्लेषण गरेका छन् ।

---

[२] सगुन सुसारा, **'सेरोफेरोमा केही तांका'**, साहित्य चौतारी, (२०५९)

[३] चेतनाथ धमला, **ताङका लेखनको लघुत्तम सर्भेक्षण**, नेपाली ताङका, (वर्ष - १, अङ्क - १, २०६१)

[४] रमेश प्रसाद सागर, **ताङका कविता केही नमूना**, नेपाली ताङका (पूर्ववत् - पृ.३-६

[५] सम्पादकीय, **साहित्यिक संगम** (पूर्णाङ्क - २६, २०६२, कार्तिक - मङ्सिर)

सुविसुधा आचार्यद्वारा सम्पादित अन्तरिक्ष (२०६३) मा पुष्कर लोहनीले ताङका भनेको छोटो कविता अथवा छोटो गीत भन्ने बुझाउँछ । ताङकाको इतिहास खोतल्दै जाँदा गुप्त रूपले खबर पठाउने साधनको नाम नै ताङका रहन पुगेको रहेछ । रातभर आफ्नो प्रेमी अथवा प्रेमिकासँग बिताएको क्षणको सम्झना स्वरूप धन्यवाद दिदै फेरि पनि राम्रो शुभरात्रिको कामना गर्दै पठाइएको चिठी नै ताङकाको स्वरूप हुन पुगेको कुरा कसैले पनि बिर्सन सक्दोरहेनछ । ताङकाले आफ्नो छुट्टै अस्तित्व राख्न सकेकाले नै आज सम्म पनि यसको मौलिक स्वरूप र बनावटमा तलमाथि अथवा यता र उता पारे पनि ५,७,५,७,७ को स्वरूपमा कुरूपता लेराउन सकेका छैनन्[६] भनेर ताङकाको इतिहासको टिप्पणी गरेका छन् ।

डा.बमबहादुर थापा जितालीले **जापानी छन्दमा नेपाली कविता** (२०६४) नामक आफ्नो पुस्तकमा ताङकाको सैद्धान्तिक परिचय दिँदै यसको आयामबारे प्रकाश पारेका छन् । ताङकामा हलन्त र अर्धअक्षरको गणना हुदैन । यसमा प्रकृतिको अलौकिक संरचना, प्रेमजन्य शाश्वत चेतना र नश्वर जिन्दगीका अनेक आरोह अवरोहलाई अति सूक्ष्म पारामा सम्प्रेषण गरिएको हुन्छ । कालजयी ताङकामा सन्निहित लयात्मक भाव तत्त्वले कतै पाठकको मुटु छोए जस्तो, कतै मृदुल मन धोए जस्तो त कतै कठोर आँखा रोए जस्तो भान हुन्छ । यसमा सबै किसिमका भाव, रस र गुण अटाउन सकिन्छ भने शाब्दिक तथा अर्थ चमत्कार पनि प्रदर्शन गर्न सकिन्छ अनि समसामयिक विषयवस्तु पनि समेट्न सकिन्छ ।[७]

विष्णुबहादुर सिंहले मैनबत्ती (२०६४)मा हाइकुमा जस्तै ऋतुबोधक प्रकृतिजन्य बिम्बको प्रयोग, शब्दभन्दा भावपक्षलाई जोड दिने, रहस्य र

---

[६] पुष्कर लोहनी, **ऐतिहासिक तथ्यमा जापानी ताङका**, अन्तरिक्ष (पूर्णाङ्क - १४, २०६३, असोज) पृ ख- ज

[७] डा. बमबहादुर थापा 'जिताली' **जापानी छन्दमा नेपाली कविता** (२०६४) पृ.४८ - ५३

यथार्थको चित्रण गरी लेखिने ताङकाहरू बढी सबल हुन्छन्[8] भनेर ताङका लेखनका सबलपक्षहरू उल्लेख गरेका छन् ।

वियोगी बुढाथोकीले विष्णुबहादुर सिंहको मैनबत्ती (२०६४) कृतिमा ताङकालाई पनि जापानको अर्को इतिहास बोकेको सूत्रकविताका रूपमा लिइन्छ । झन्डै बाह्रसय वर्षभन्दा लामो समय व्यतीत गरिसकेको ताङकाको इतिहासले बताउँछ । ताङकालाई पनि विशेषगरी हाइकाईको शृङ्खलाको अंशका रूपमा लिइन्छ[9] भनेर यसको आयामबारे छोटो रूपमा उल्लेख गरेका छन् ।

राज माङलाकले **साहित्यिक ताङका** (२०६२) पत्रिकामा जापानी भाषाका ताङकामा प्रणय प्रेमका, जीवनका विभिन्न सूक्ष्मातिसूक्ष्म कोणहरू सजिएका पाइन्छन् । जापानीहरू मुक्त कण्ठले प्रेमी प्रेमिकाबीचको प्रणयलाई ताङकामा सम्प्रेषण गर्दछन्[10] भनेर जापानी ताङकामा पाइने विषयवस्तुका बारे चर्चा गरेका छन् ।

## १.६ शोधकार्यको औचित्य

कविताको उपभेदको रूपमा देखापरेको ताङकाले नेपाली भाषा साहित्यमा पनि आफ्नै प्रकारको मौलिक पहिचान स्थापित गर्दै आएको छ । जापानमा ताङकाले लामो इतिहास निर्माण गरिसकेको छ । यद्यपि नेपाली साहित्यमा यसको अध्ययन चर्चा परिचर्चा सुव्यवस्थित र विस्तृत रूपमा हालसम्म हुन नसकेको परिप्रेक्ष्यमा नेपाली ताङकाको अध्ययन अनिवार्य र आवश्यक नै थियो । तसर्थ यस विषयमा गरिएको शोध अध्ययन स्वत औचित्यपूर्ण रहन्छ । प्रस्तुत शोधकार्यको माध्यमबाट नेपाली ताङकाको सैद्धान्तिक स्वरूपको चर्चा उद्भव र नेपाली साहित्यमा यस विधाको अध्ययनका साथै यस क्षेत्रमा लागेका प्रमुख सर्जक र तिनका कृतिको संक्षिप्त

---

[8] विष्णुबहादुर सिंह, **मैनबत्ती** (काठमाडौं, शिवपुरी साहित्य समाज, २०६४) पृ.

[9] ऐजन ।

[10] राज माङलाक, **ताङका विशेषाङ्क र साहित्य चौतारी**, साहित्यिक ताङ्का (२०६९)

चर्चा गरिएको छ । ताङकाको अध्ययन गर्न रुचि लिनेहरूका लागि नेपाली साहित्यमा आयातित विधाहरूको शोधकार्य गर्न चाहानेहरूका लागि प्रेरणादायी बन्न सक्ने देखिन्छ । खासगरी नेपाली ताङका विधामा चासो लिई थप अध्ययन गर्ने अरू अध्येता तथा शोधार्थी सबैका लागि मार्गदर्शकको काम गरी फलदायी हुन सक्ने देखिन्छ ।

## १.७ शोधकार्यको सीमाङ्कन

मूलतः नेपाली साहित्यमा ताङका लेखनारम्भ पचासको दशकदेखि प्रादुर्भाव भएको पाइन्छ भने वि.सं. २०६० बाट यसले गति लिएको देखिन्छ । यद्यपि कतिपय विद्वानवर्गले शङकर लामिछानेले नै ताङका सिर्जना गरेको दाबी पनि गरेका छन् । तर हालसम्म कुनै प्रमाण हात लागेको छैन । जेहोस नेपाली साहित्यमा ताङकाले मौलिक ऐतिहासिक परम्परा लिएर विकसित भइरहेको छ । नेपाली साहित्यमा वि.सं.२०६० सालमा राज माङलाकको **धूवाँका धुन**हरू प्रकाशित भएपछि थुप्रै ताङका सङ्ग्रहहरू प्रकाशित भएको देख्न सकिन्छ । यो विधा स्थापित लेखक र युवा सर्जक दुवैका निम्ति लोकप्रिय बन्न पुगेको देखिन्छ । त्यसैले यसमा ताङकाको सैद्धान्तिक स्वरूपको चित्रण गर्ने प्रयास गरिएको छ । नेपाली साहित्यमा सुरुदेखि वि.सं.२०६६ सम्मका ताङका सङ्ग्रह र प्रमुख ताङका स्रष्टाहरूको सामान्य प्रवृत्तिगत चर्चामात्र गरिएको छ ।

समष्टिमा प्रमुख ताङकाकारहरूको कृतिहरूको कृतिपरक अध्ययन उनीहरूको ताङकाकारीता र प्रवृत्तिगत विशेषतालाई जहाँसम्म संक्षिप्त जानकारीमूलक रूपमा अध्ययन विश्लेषण गरिएको भए पनि अन्य विशिष्ट पक्षमा व्यापक विश्लेषण तर्फ लागिएको छैन । साथै फुटकर लेखकहरूको सामान्य लेखन प्रवृत्तिको जानकारी मात्रका साथ शोधकार्य सम्म गरिएको छ ।

## १.८ शोधविधि

प्रस्तुत शोधकार्य सम्पन्न गर्नका लागि पुस्तकालयीय अध्ययन पद्धतिलाई नै सामाग्री सङ्कलनको मुख्य स्रोत बनाइएको छ । यसका साथै यस विषयसँग

सम्बद्ध विभिन्न स्रष्टा, समालोचकहरू र गुरुजनहरूबाट पनि सामग्री सङ्कलन, सल्लाह, सुझाव तथा सहयोग लिइएको छ ।

साहित्यको काव्यविधा अन्तर्गत फुटकर कविता पनि उपविधा लघुकविताको निकट रहेको देखिन्छ ताङकालाई । तसर्थ कवितामा हुनुपर्ने रचना विधानका केही आवश्यक उपकरणहरू ताङकामा पनि पाइन्छन् तर यो सैद्धान्तिक र संरचनागत रूपले पूर्ण रूपमा आफ्नो मौलिक पक्षहरू रहेकोले अन्यविधाको परम्पराभन्दा वस्तुपरक ढङ्गबाट अध्ययन गरिएको छ । प्रमुख कृतिकारहरूको अध्ययन कृतिपरक र प्रभावपरक समालोचना पद्धतिका आधारमा व्याख्या विश्लेषण गरिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई पाँच ओटा परिच्छेदमा विभाजन गरिएको छ ।

| | |
|---|---|
| पहिलो परिच्छेद | शोधको परिचय |
| दोस्रो परिच्छेद | ताङकाको सैद्धान्तिक प्रतिमान |
| तेस्रो परिच्छेद | ताङकाको ऐतिहासिक परम्परा |
| चौथो परिच्छेद | नेपाली साहित्यका प्रमुख आधुनिक ताङकाकारहरू |
| पाँचौ परिच्छेद | सारांश र निष्कर्ष |

उपयुक्त परिच्छेदहरूलाई आवश्यकता अनुसार विभिन्न शीर्षक र उपशीर्षकहरूमा विभाजन गरी प्रस्तुत गरिएको छ ।

# दोस्रो परिच्छेद

## ताङ्काको सैद्धान्तिक प्रतिमान

### २.१ ताङ्काको अर्थ र परिभाषा

नेपाली भाषा साहित्यमा लेखिने गरिएको ताङ्का नेपाली फुटकर कविताको छोटो रूप जस्तो देखिन्छ तर यथार्थमा त्यस्तो नभएर आफ्नै मौलिक स्वरूप भएको भिन्न विधा हो यो । फुटकर कवितालाई छोट्याउँदा वा टुक्र्याउँदा ताङ्का बन्दैन । यसको उत्पत्तिस्थल जापानमा भएको हुनाले त्यहाँ यसको छुट्टै परम्परागत  इतिहास कायम भएको छ । त्यसैले यो नेपाली भाषामा प्रचलित लघुकविता, मुक्तक,गीत,सायरी, हाइकु, चुट्किला आदि भन्दा भिन्न अस्तित्व रहेको विधा हो । पद्य साहित्य अन्तर्गत पर्ने काव्य विधाको एक स्वतन्त्र मौलिक स्वरूप भएको उपविधागत भेदको रूपमा ताङ्का लेखन अगाडि बढेको छ । यसर्थ पनि ताङ्का आफ्नै संरचनात्मक स्वरूप भएको विभिन्न साहित्यका विधा जस्तो भिन्न विधा हो ।

साहित्यका मुख्य चार भेद अर्थात विधाहरू कविता, आख्यान, नाटक र निबन्ध मध्ये कविता सशक्त र प्राचीन विधा हो । यस विधाको विभिन्न उपविधा महाकाव्य, खण्डकाव्य, फुट्कर कविता, लघु कविता आदि स्थापित भइसकेका छन् । यी विभिन्न उपविधाका पनि कविताका रूपमा जापानमा विकास भएको हुनाले यसलाई गीतसँग पनि निकट हेर्न सकिन्छ । तर यो आफैमा स्वायत्त विधा भएको हुनाले यसको आफ्नै मौलिक विधागत स्वरूपमा अर्थ्याउनु बढी सान्दर्भिक हुन्छ ।

आठौं शताब्दीतिर प्रकाशित भएका दुई वटा पुस्तकले नै जापानी कविताबारे र तिनले प्रयोग गरेका मान्यतालाई बुझ्न सकिन्छ । सन् ७१२ तिर लेखिएको कोजिकी (Kojiki) लाई प्राचीन वस्तुहरूको रेकर्ड मानिन्छ भने मानयोशु (Man yoshu) लाई कविताको सङ्कलन भनेर चिनिन्छ । यी पुस्तकले नै जापानी कविताको परिवेश, प्रयोग, रूप आदिका साथसाथै

सामाजिक, सांस्कृतिक बनोट र त्यस समाजबाट उत्पन्न मनोदशाको विश्लेषण त्यत्तिकै गहन रूपमा गरेका छन् । ५,७,५,७,७ अक्षरमा संरचित ताङकालाई Heian period ( 794 -1185 ) को उत्तरार्धमा दुई भागमा विभाजित गरी दुई जना कविहरूले सारवस्तु प्रदान गरेर ताङकाको भविष्यलाई उज्ज्वल पार्न महत्त्वपूर्ण देन दिए । ताङकालाई कसैले छोटो कविता भन्छन् भने कसैले छोटो गीत । दुई भागमा विभक्त गरिएको ताङकामा अघिल्लो ५,७,५ लाई कामि – कू ( kami -ku ) र ७,७ लाई सिमो – कू ( Shimo -ku ) भनिन्छ । यसरी विभक्त अघिल्लो भागले हाइकुको मान्यता पायो र पछिल्लो ७,७ मा केही परिवर्तन गरी ५- ७ को दुई लाइनले शोककाव्य ( Elegy ) को अवधारणा बनाएको पाइन्छ । ताङकाको प्राचीन पृष्ठभूमि हेर्ने हो भने जापानको तत्कालीन दरबारिया वातावरणले उन्मुक्त पारेको बखत एकले अर्कोलाई प्रभाव पार्नु र आकर्षित पार्नुको आफ्नै प्रकृतिको मूल्य, मान्यता थियो । प्रेम र प्रणयको अभावमा आफ्नो अस्तित्वलाई अर्कोमाथि समर्पण गर्ने अभिव्यक्ति ताङका मार्फत नै हुने गर्दथ्यो । आफ्नो इच्छालाई अरूमाथि समर्पण गर्ने माध्यम नै ताङका हो । विपरीत लिङ्गीप्रतिको प्रेमाकर्षण यसमा घनीभूत हुन्छ । आफ्नो हृदयको भक्कानो विपरीत लिङ्गीप्रति विसर्जन गरेर मुक्त हुनाले स्वर्गीयानुभूति यहाँ प्रकट हुन्छ । पुष्कर लोहनीले भनेझैं – ‘आफूले चिताएको अथवा आफ्नो मनले खाएको आफ्नो प्रेमी अथवा प्रेमिकालाई सम्बोधन गरेर पठाइने शब्दलाई नै ताङका भनिने गर्थ्यो सुरुका दिनहरूमा ।’[११]

ताङकाको विषयप्रवेश गर्ने बित्तिकै प्रेमको स्वरूप देखापर्दछ । साहित्यिक मापदण्ड भन्दा माथि उठेको ताङकाको Classic form लाई अलिकति तोडमोड र घुमाउरो तरिकाबाट अघि बढाउन खोज्ने प्रवृत्तिकाहरूले पनि पूर्ण रूपमा बङ्ग्याउन सकेका छैनन् । यौनजन्य अभिव्यक्ति पहिले पनि थियो, अहिले पनि त्यत्तिकै रूपमा कलात्मक प्रस्तुतिकासाथ देखा परिरहेको छ । यसमा जीवनका वास्तविकतासँग परिचित स्वरहरू यसमा प्रभावशाली रूपमा

[११] पुष्कर लोहनी, भूमिका, **डाँडावारिको घाम**, २०६२, पृ.१३ - ३३

रहेको ताङका सर्वसाधारणसम्म ओर्लिएर सर्जक र पाठकको भावात्मक तथा हृदयको आत्मिकताको कलापूर्ण अभिव्यक्तिको रूपमा विकसित भएको छ ।

त्यसैले वास्तविक रूपमा 'ताङका जून हो । ताङका हिम हो । ताङका फूल हो । जून, हिम र फूलका एकतीस अक्षर गाँसेको माला हो ताङका । ताङका जीवन हो । ताङका प्रणय हो । ताङका बिम्ब हो । जीवन, प्रणय र बिम्ब एकाकार हुँदा बन्छ - ताङका ।[१२]

जीवन, प्रकृति र कलाको दर्शनलाई साङ्केतिक चेतनाद्वारा समयसापेक्ष एकाकार जिज्ञासा उत्पन्न गराउने लघुकविता वा गीत पनि ताङका नै हो ।[१३]

ताङका प्रणय हो, ताङका बिम्ब हो, ताङका जीवन हो, ताङका सामयिकता हो ।[१४]

जापानमा फस्टाएका ताङका र हाइकु जस्ता काव्यिक शैलीले नेपालसम्म आइपुगेर आफ्ना भावनात्मक न्वारान गरिसकेका छन् । साहित्य नै युगदेखि युगसम्म फैलिएर, देखेका कुरा, सुनेका कुरा, बेहोर्नु पर्ने विषयहरूलाई आत्मसाथ गर्दै केही निचोडकासाथ प्रस्ट्याउने परम्परा नै साहित्यिक लक्षण हुन् ।[१५]

ताङका आफैमा पूर्ण र स्वतन्त्र अस्तित्व भएका अनेक अर्थ लाग्ने छोटाछरिता लयात्मक अनुभूतिजन्य कविता हुन् । यिनका आ-आफ्नै संरचना ढाँचा छन् । यिनमा वर्णको सूत्रात्मक अनुशासन रहन्छ ।[१६]

पाँच, सात, पाँच, सात र सात गरी ३१ अक्षर ( Syllable ) समूहका पाँच पङ्क्तिको वार्णिक छन्दशैलीमा संरचित छोटो, मीठो लयात्मक अभिव्यक्तिलाई वाका वा ताङका भनिन्छ ।[१७]

---

[१२] क्षेत्रप्रताप अधिकारी, **हिम, जून, फूल** (काठमाडौं, हिमाली पुस्तकालय - २०५१) पृ.३

[१३] चेतनाथ धमला, **नेपाली ताङ्का सिद्धान्त र सिर्जना** (काठमाडौं कौशिकी साहित्य प्रतिष्ठान, २०६४) पृ.२

[१४] सगुन सुसारा, भूमिका, **धुँवाका धूनहरू** (पाँचथरः प्रस्थान प्रकाशन, २०६०)

[१५] शशि भण्डारी, **डाँडावारिको घाम** (काठमाडौं: श्रीमती विजयादन श्रेष्ठ, भण्डारी, २०६२) पृ. ४७

[१६] डा. बमबहादुर थापा 'जिताली', पूर्ववत् पृ. ४८-५३ ।

ताङकाबाट जन्मेको हाइकु अहिले पूर्ण स्वतन्त्र काव्य विधाका रूपमा विकसित छ । ताङका जापानी परम्परागत पुरानो शैलीको लघुकविता हो । यो ३१ अक्षर ५,७,५ र ७,७ मा रचिने गरिन्छ ।[१८]

ताङका होस कि हाइकु एउटा ढाँचा, सिद्धान्त,भाव,दर्शन,प्रतीक, बिम्ब आदिको संरचना पद्धतिमा सिर्जना गरिन्छ ।[१९]

सौन्दर्य कलाको खानी मानिने ताङकाको आफ्नै पृष्ठभूमि छ । आफ्नै प्रारूप छ । सौन्दर्यको आकार तथा रङ्ग होइन, भित्री गहिराइ र उत्कृष्टता पहिल्याउन जरुर ठानिन्छ ताङकामा ।[२०]

यसरी विभिन्न विद्वानले ताङकाको अर्थ, परिभाषा, प्रवृत्ति र आयामबारे विभिन्न ठाउँमा चर्चा परिचर्चा गरेका छन् ।

## २.२ ताङकाको स्वरूप

ताङका जापानी कविताको आदिम शैली हो । यो शैली जापानीहरूको ढुकढुकी हो । ताङका शब्द सुन्नेबित्तिकै यसका असल पाठकहरू एउटा सूत्र सम्झिने गर्दछन् –

ताङका वा
सोका दा ।

अर्थात 'ताङका तिम्रो आदरणीय कविता हो' । ताङकामा यसका पाठकहरू आत्मा छाम्न चाहान्छन् । अन्य साहित्यिक विधा जस्तै ताङकाको आफ्नै संरचना छ । यसको संरचनागत सूत्रमा बाँधिएर आफ्नो अभिव्यक्ति प्रस्तुत गर्ने गरिन्छ । ताङकालाई कतिले लघुकविताको रूपमा विश्लेषण गरे तापनि आफ्नो मौलिक संरचनाका कारण यो एक स्वायत्त विधा हो । यो पाँच

---

[१७] पूर्ववत् पृ. ४८ ।

[१८] डा. रामकुमार पाँडे **"हाइकुको चमत्कार र चमत्कारित हाइकु"** कविता - ८२ (२०६०)

[१९] रमेशप्रसाद सागर, पूर्ववत् पृ. ४ ।

[२०] विष्णु संगम, सम्पादकीय, **साहित्यिक संगम** (विशेष अङ्क) (पूर्णाङ्क २६, २०६२)

हरफमा लेखिने ३१ अक्षरीय सूत्रात्मक कविता हो यसलाई निम्न प्रकार हेर्न सकिन्छ ।

पहिलो हरफमा पाँच अक्षर,
दोस्रो हरफमा सात अक्षर,
तेस्रो हरफमा पाँच अक्षर,
चौथो हरफमा सात अक्षर,
पाँचौ हरफमा सात अक्षर,

अथवा ५,७,५,७,७ गरी ३१ अक्षरीय सूत्रबद्ध संरचनामा ताङ्का सिर्जना गरिन्छ । अघिल्लो ५,७,५ लाई **कामि कू** र पछिल्लो ७,७ लाई **सिमो कू** भनिन्छ । परम्परागत मान्यता अनुसार ताङ्कामा विभिन्न बिम्ब र प्रतीकहरूले सिँगारिएका मानवीय भावुकताहरू हुने गर्दछन् । ताङ्का कविता संवेदनशील र भावुक हुने गर्दछ । यसमा प्रकृतिको अलौकिक रचना प्रेमजन्य शाश्वत चैतन्य तथा नश्वर जीवनका स्पृश्यास्पृश्य कोणहरू सूक्ष्म तरिकाले सम्प्रेषित भएका हुन्छन् । ताङ्कामा सन्निहित तत्त्वले कतै मुटु छोए जस्तो हुन्छ त कतै मृदुल मन धोए जस्तो आभास दिन्छ ।

ताङ्काको स्वरूपलाई विभिन्न विद्वानहरूले जनाउन खोजेको लक्षणहरूको आधारमा चिनाइ व्याख्या विश्लेषण गरिएको छ, जुन निम्नानुसार छन् ।

१) ताङ्का साहित्यको लघुविधा हो । यो साहित्यको काव्य विधाको लघुत्तम भेद अन्तर्गत पर्दछ । ताङ्का एक मौलिक पूर्ण पाठ हो । यो मौखिक तथा लिखित दुवै प्रकारको हुन्छ । कुनै पनि भाव विचार वा सन्देशको तीव्र सम्प्रेषणका निम्ति ताङ्का सक्षम छ । सापेक्षिक रूपमा कविताको तुलनामा ताङ्का भाषाको लघुत्तम विस्तार भएको पाठ हो । यसको संरचना संक्षिप्त हुन्छ जसले गर्दा जटिल जस्तो देखिए तापनि यो सहज र सम्प्रेषणीय हुन्छ । ताङ्का सानो कदको हुन्छ तर स्वयम्मा पूर्ण हुन्छ । जीवन र जगतका अनुभूतिलाई सटीक र सूक्ष्म तवरले सम्प्रेषण गर्न ताङ्का सक्षम देखिन्छ ।

थोरै शब्द संयोजनमा पूर्ण अर्थाभाव प्रदान गर्नु ताङकाको मौलिक विशेषता हो ।

२) खासगरी ताङकाको मुख्य अभिलक्षण आकारगत संक्षिप्तता नै हो । तर यो संरचनागत आकारको संक्षिप्तता मात्रै ताङकाको मूल परिचय भने होइन । गहन विषयलाई सूक्ष्मतम रूपमा विचार वा भावको प्रभावकारी विस्फोट हुन सक्ने भित्री अणुसामर्थ्य यसमा सन्निहित हुने गर्दछ । यही लघुत्तम विशेषताका कारण यो अन्य विधाभन्दा पृथक छ । यहाँ अर्कोतर्फ संक्षिप्तताको अर्थ अधुरो, अपूर्ण र खिइएको भन्ने नभएर सानोभन्दा सानो तर पूर्णाङ्गिक र यौगिक संरचना हो । ताङका सुसङ्गत (coherent), अर्थपूर्ण (Meaningful) र स्वयम्मा पूर्ण (Whole) हुन्छ । यसको कार्य कुनै सन्देश, विचार सम्प्रेषण गर्न सक्षम हुनु हो । सानोभन्दा सानो उपस्थितिबाट सिङ्गो अर्थात पूर्ण परिणाममुखी अभिव्यक्ति प्रभावकारी रूपमा दिन सक्ने अन्तर्निहित सूक्ष्म अणु सामर्थ्य यसमा रहेको हुन्छ ।

ताङका संरचनाको आयामिक संक्षिप्तता ५,७,५,७,७ अक्षर अर्थात ३१ अक्षर नै हो । ताङका अध्ययनका लागि पाठकले खास समय छुट्याउन आवश्यक पर्दैन । यो सानो आयामको हुने भएकाले थोरै समयावधिमा पढेर सिध्याउन सकिने हुन्छ । चिया खाँदा, कतै हिँड्दा, गफ गर्दागर्दै पनि यसो हेर्‍यो कि पढेर सकिने हुन्छ । यसरी छोटो समयमा अध्ययन गर्न सकिने लघुत्तम संरचनामा यो आफैँमा अस्तित्वपूर्ण रहेको हुन्छ ।

३) प्राकृतिक बिम्ब तथा प्रतीक यसमा सन्निहित हुन्छ । बिम्ब र प्रतीकविना ताङकामा पूर्णभाव अभिव्यक्त गर्न असम्भवप्राय हुन्छ । खासगरेर बिम्बबारे समालोचक लक्ष्मणप्रसाद गौतमको मत छ – शाब्दिक रूपमा बिम्ब भनेको छाँया, दर्पण, प्रतिबिम्ब र प्रतिच्छवि हो । बिम्बको यो अर्थ शाब्दिक अर्थ वा पर्याय मात्र हो तर साहित्यमा बिम्बले काव्यबिम्बलाई जनाउँछ । सर्जकका मानसपटलमा रहेको मानसिक तस्बिरलाई सम्मूर्तित बनाउने चित्रात्मक भाषा नै बिम्ब हो । अंग्रेजीमा बिम्बलाई Image र काव्यबिम्बलाई poetic

image भनिन्छ ।[२१] यिनै बिम्बको समायोजनले नै ताङ्का ओजपूर्ण बन्दछ । ताङ्कामा एउटा प्राकृतिक बिम्ब वा प्रतीक अनिवार्य मानिन्छ ।

ताङ्का लेखनमा परम्परागत र आधुनिक बिम्ब विधानको प्रचुर प्रयोग भएको पाइन्छ । डा. बमबहादुर थापा जितालीले उल्लेख गरे जस्तै प्रमुख रूपमा आकाश, धर्ती,बादल, कुहिरो,हुस्सु, जून, घाम, हावा, पानी, सर्प, साँझ, बिहान, रात, दिन, हिमाल, हिउँ, पहाड, थुम्का, तराई, विविध फल, फूल, ऋतु, भवँरा, माहुरी, शीत, तुसारो, खोला, नदी, समुद्र, सागर, जुरेली, सुगा, कोइली, न्याउली, काग, गिद्ध, ब्वाँसो, बाघ, वनबिरालो, ढाडेबिरालो, मलसाँप्रो, स्याल, कुकुर, भालु, गाई, गोरु, साँढे, चितुवा, चित्तल, घोरल, मृग, खरायो, जरायो, सुकुटी, ढुकुटी, हात्ती, माउते, मुरली, बाँसुरी, वीणा, घाँस, वर्षा, खडेरी, खरानी, सिरानी, अनि भर्याङ, करङ, चट्याङ, क्षेप्यास्त्र, गोलाबारुद, एम्बुस, नेता, जनता, जस्ता अनेकौं बिम्बको प्रयोगले ताङ्का जीवन्त बन्नमा मद्दत पुग्दछ ।[२२]

ताङ्का लेखनमा हाइकुमा जस्तो बिम्बविधान प्रकृति वा ऋतुबोधकलाई अनिवार्य गरिएको हुदैन, स्वेच्छाले बिम्ब समायोजन गर्न सकिन्छ, अभिव्यक्ति चाहिँ स्वतन्त्र रूपमा हुन्छ र शास्त्रीय बाह्य संरचना भने ज्यूँ रहन्छ ।[२३]

बिम्बको कुशल प्रयोगले अर्थमा पूर्णता, गहनता, र गाम्भीर्यता प्रदान गर्दछ । केवल शब्दको थुप्रो मात्र भएमा ताङ्कापन रहँदैन । शब्दको चाङ मात्रले अर्थमा विचलन ल्याउँछ । तसर्थ ताङ्कामा बिम्ब प्रयोगको गरिमायुक्त महत्त्व छ । उदाहरणार्थ दुई ताङ्का –

---

[२१] लक्ष्मणप्रसाद गौतम, **समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण**, (काठमाडौः साझा प्रकाशनः २०६०) पृ-१ ।

[२२] बमबहादुर थापा जिताली, **पूर्ववत**, पृ-९५-९६ ।

[२३] चेतनाथ धमला, **पूर्ववत**, पृ-१० ।

- तिम्रो आलुचा
  हुर्किएपछि मात्र
  हाम्रो विवाह
  सम्भव हुन्छ होला
  सफल हुन्छ होला ।

  - फजिवारा याचुका

- आह्विस लाग्ला
  म त चाङ्गोते मान्छे
  एता नल्याऊ
  फूल जस्तो जोवन
  जून जस्तो जोवन ।

  - मेदिनी पाइअस

४) साङ्केतिकता तथा सूक्ष्मता ताङकाको अर्को विशेषता हो । खदिलो, चोटिलो र प्रभावकारी रूपमा प्रस्तुत गरिएको ताङकाको अर्थभाव साङकेतिक हुन्छ । सूक्ष्म भाव वा मर्मलाई उद्घाटन गर्न ताङका सफल देखिन्छ ।

५) साहित्यिक कलात्मकताले सज्जित रचना हो ताङका । साहित्यमा भनिने सौन्दर्यानुभूति भनेको साहित्यिक कलात्मकता हो । साहित्यका विभिन्न विधा मध्ये कवितामा कलापक्ष त्यत्तिकै घनीभूत रूपमा प्राप्त गर्न सकिन्छ । यद्यपि कवितामा जस्तो कला प्रस्तुत गर्न नसके पनि समग्रमा गद्य साहित्यमा प्रयोग हुने भाषिक तथा आर्थिक चमत्कारका पक्षहरू नाटकीकरण, संवादात्मक, आग्रहीकरण, अलङ्करण आदिको दर्शनको प्रवल सम्भावना हुन्छ ।

६) ताङकामा सूक्ष्म दर्शनको प्रबल सम्भावना हुन्छ ।

७) अन्तरसंवादको पक्ष रहन्छ ।

८) शब्दलाई भन्दा भावपक्षलाई जोड दिइन्छ ।

९) जैविक चक्रको अध्ययन हुन्छ ।

१०) समानन्तर जिज्ञासा उत्पन्न हुन्छ ।

११) प्रतीकात्मक अर्थमा सौन्दर्य शक्तिको पहिचान हुन्छ ।

१२) रहस्य र यथार्थको चित्रण हुन्छ ।[२४]

## २.३ ताङकाका तत्त्वहरू

ताङका एक साहित्यिक विधा हो । यो सानो कदको भएपनि परिपूर्ण भेद हो । आकारगत लघुतामात्र यसको मुख्य परिचय होइन, यसको आफ्नै खालको विशिष्ट पहिचान छ । ताङकाको विषय, संरचनात्मक आयाम, विधागत स्वत्व, चिन्तन, उद्देश्य र रचनाधर्मिता पनि आफ्नै तहको मौलिक रहेको छ । ताङकाबारे क्षेत्रप्रताप अधिकारीको भनाइ छ – कलात्मक गरिमा ताङकाको स्थाइ तत्त्व हो । सौन्दर्यको आकार तथा रङ्गभन्दा गहिराइ र उत्कृष्टता पहिल्याउने प्रयत्न गर्छन् ताङकाकर्मीहरू । यो सौन्दर्य चेतनामा विशाल शून्यता अन्तर्निहित छ भन्छन् उनीहरू । शब्द र वाक्यहरू थुपारेर खाली ठाउँ पुर्दाखेरि शून्यता रहँदैन । शून्यता नरहेपछि सम्भावनाको आकाश साँघुरो हुन्छ ।[२५]

ताङका कुनै विधाबाट छुट्टिएको नभएकाले यसका पनि निर्मिति वा रचनामा प्रयुक्त हुने संरचनात्मक अङ्गहरू, तत्त्वहरू आफ्नै प्रकारका छन् । सैद्धान्तिक रूपले कवितासँग केही समान संरचनात्मक तत्त्व देखिएतापनि वस्तुत ताङकाका आफ्नै तत्त्वहरू समाविष्ट छन् । तर नेपाली ताङका अध्येताहरूबाट आजसम्म यसका अनिवार्य तत्त्वहरूका बारेमा चर्चा गरेको पाइदैन । ताङकाको सम्पूर्ण अध्ययनलाई हेर्दा निम्न प्रकारका तत्त्वहरू रहेका छन् ।

---

[२४] **पूर्ववत्**, पृ. १० ।

[२५] क्षेत्रप्रताप अधिकारी, भूमिका पृ.क, **धूँवाका धुनहरू** (पाँचथरः प्रस्थान प्रकाशन २०६०) ।

१) **संरचना** – ताङकाको प्रथम तत्त्व नै संरचना हो । यसको आफ्नै प्रकारको संरचनात्मक अवयव रहेका छन् । ५,७,५,७,७ अर्थात ३१ अक्षरीय पाँच हरफको संरचना नै यसको स्थाइ तत्त्व हो । वास्तवमा क्रमश पाँच, सात, पाँच, सात र सात गरेर ३१ अक्षर समूहका पाँच पङ्तिको वार्णिक छन्द शैलीमा संरचित छोटो, मीठो लयात्मक अभिव्यक्ति नै वाका वा ताङका हो । तर वास्तवमा जापानी र नेपाली भाषाको भाषिक संरचना फरक रहेको छ । समालोचक राजेन्द्र सुवेदीकानुसार जापानी भाषा एक अक्षरी हुन्छ । जसमा शब्द पनि हुन्छ र अर्थ पनि हुने गर्दछ । तर नेपाली भाषाको एक अक्षरले जापानी भाषामा जस्तो शब्द र अर्थ वहन गर्न असमर्थ देखिन्छ । यस्तो अवस्थामा हलन्त र अर्ध अक्षरको गणना नगरी पूरा अक्षरको मात्र नेपाली ताङ्का सिर्जना गर्न सकिने देखिन्छ । नेपाली ताङकामा हलन्त र अर्ध अक्षरको गणना गरिएको छैन । ताङका लेखनको सूत्रात्मक सिद्धान्त पक्षलाई यसरी पनि हेर्न सकिन्छ ।

ताङका मानवका मनोभाव वा भनाइ पूरा गर्ने सूत्रात्मक गीति कविता हो । तसर्थ यो छोटो कविता हो । अधोरेखीय ढाँचामा संरचित ताङकाको प्रत्येक पङ्तिमा अक्षर व्यवस्थापन रहेको हुन्छ ।

क) पहिलो हरफमा पाँच ओटा अक्षर समूह,

ख) दोस्रो हरफमा सात ओटा अक्षर समूह,

ग) तेस्रो हरफमा पाँच ओटा अक्षर समूह,

घ) चौथो हरफमा सात ओटा अक्षर समूह,

ङ) पाँचौ हरफमा सात ओटा अक्षर समूह,

यसप्रकारको अक्षरगत संरचनाले गर्दा ताङकामा लयगत मिठास र अनुप्रासमय नेपालीपन पनि थप्न सकिन्छ ।

२) **विषयवस्तु** – ताङका रचना गर्नकालागि छनोट गरिएको वस्तु चयन नै मूल रूपमा ताङकाको विषयवस्तु हो । ब्रम्हाण्डभित्रको यावत वस्तु

मानवीय स्वभाव,प्रवृत्ति,ज्ञानविज्ञानका विषयवस्तु, धर्म,संस्कार, संस्कृति, देश, समाज, राजनीतिक स्वभाव, जीवनभोगाइ र हेराइका अनेक पक्षहरु ताङकाका विषयवस्तु हुने गर्दछन् । ताङकालाई काव्यिक विस्तारसम्म लम्ब्याएर मानवीय जीवनपद्धति र चराचर प्रकृतिजगतसम्म यहाँ प्रस्तुत गर्न सकिन्छ । यस्ता विषयवस्तुको छनोटको क्रममा कविले यस्तै विषयवस्तु छनौट गर्नुपर्छ भन्ने छैन । यस सन्दर्भमा कवि स्वतन्त्र हुने गर्दछ । तथापि कविले अँगाल्ने कविताको विषयवस्तु भने आफैंमा सुन्दर, आफैमा कलापूर्ण, आफैंमा उपयुक्त, आफैमा आकर्षक एवं प्रभावपूर्ण भने हुनुपर्दछ । यसर्थ कुनै पनि विषयवस्तुले आफ्नो वास्तविक स्वरूप प्राप्त गर्न सक्नुलाई नै सार्वभौम रूपमा ताङको विषयवस्तु मान्न सकिन्छ ।

३) **भावविधान** – ताङकाको मूल तत्त्व नै भाव हो । भावविनाको ताङकाको कल्पना पनि गर्न सकिन्न । उचित भाव संयोजनविना ताङका उत्कृष्ट बन्न सक्दैन । तसर्थ भावविधान ताङकाको अनिवार्य तत्त्व हो । शब्द शब्दको लयात्मक गुम्फनभित्रको संयोजनबाट प्रकटित हुने भाव नै यथार्थत ताङकाको भाव हो । कुनै पनि विषयवस्तुका गूढ, गहन, गम्भीर ज्ञानभित्र रहेर विशेष किसिमको भाव सृष्टि गरेका हुन्छन् । ताङका लेखनका क्रममा उठेका विविध भाव, तरङ्ग र तीसँग सम्बद्ध विचारलाई ताङका स्रष्टाले कलापूर्ण, सौन्दर्यमय, अनुभूतिपूर्ण भाव स्वरूप प्रदान गर्न सक्ने किसिमले संयोजन गर्न सक्नुलाई नै उत्कृष्ट भावविधान भन्न सकिन्छ । अत उत्कृष्ट ताङका रचनामा सशक्त भावविधान रहेको हुन्छ ।

४) **लयविधान** – ताङका गेय विधाका रूपमा पनि रहेको हुनाले यसमा लयविधानलाई महत्त्वपूर्ण तत्त्व मानिएको छ । मानिसको जीवनको गति आफैंमा लयपूर्ण हुने भएकाले यस्तो जीवनको गतिको लयलाई थोरै शब्द संयोजनले संरचित ताङकाले समात्न,पक्रन र अभिव्यक्ति दिन सक्षम हुन्छ । यही लयात्मकताले जापानी ताङकादेखि नेपाली ताङकासम्मले पाठकलाई आकर्षित गर्न सकेको हो । जापानी भाषाका ताङकाहरू यही

लयविधानका कारणले गाइन्थे । सिर्जनाका क्रममा यो लयविधान कवितामा अक्षर अक्षरहरूको आक्षरिक क्रम र अक्षरहरूको मात्राक्रमको संयोजन सुसम्बन्धनसहित वार्णिक, मात्रिक क्रमको सुसंयोजनसहितका शब्द संरचनासहित यस्ता संरचित शब्द गुच्छाहरूको आवृत्ति योजना क्रममा यतिको उचित संयोजन गरिन्छ र ताङका लयपूर्ण बन्न पुग्दछ । अनुप्रासीय विधानले अन्तर्लय र वहिर्लयको सृष्टि विधानमा ताङका समृद्ध बन्न पुग्दछ ।

यसर्थ निर्मित कविता आफैँमा लयात्मक हुन सक्नु पर्दछ र त्यो लयले भावात्मक अनुभूतिलाई गति दिन सक्नुपर्दछ । रसात्मक स्थिति, प्रभावपूर्ण एवं रोचक हुन सक्ने प्रविधि प्रकृयालाई समेत यसै लयात्मक लयविधानका क्रममा सुसंयोजन गर्न सक्नुपर्दछ ।

५) **अलङ्करण तथा विम्बविधान** – ताङका रूपसज्जा, सौन्दर्य, आवरण अनावरणले सुसज्जित सौन्दर्यपूर्ण हुनुपर्दछ । यो सानो तर चिटिक्क र पूर्ण हुनुपर्दछ । यसमा शब्द, अर्थ, भाव र रूप सबैमा कलापूर्ण हुने गर्दछ । सौन्दर्य विधायक अलङ्करण प्रविधि ताङकामा आवश्यक मात्र होइन अपरिहार्य र मूल तत्त्वका रूपमा रहेको हुन्छ । अलङ्करणका निम्ति प्रयोग गरिने अलङ्कार बिम्ब, प्रतीक जस्ता ताङकाका अनिवार्य तत्त्व हुन् । ताङकाकारले भावलाई अलङ्कारका माध्यमले सौन्दर्ययुक्त बिम्बका माध्यमबाट अर्कै सहवर्ती अर्थमय छाँया रूपयुक्त र प्रतीकका माध्यमले विशेष अर्थयुक्त तुल्याइ सौन्दर्यमय रूपसहित उत्कृष्ट बनाउन सक्नु नै यथार्थत ताङकाको अलङ्करण वा बिम्बविधान हो । कवित्वभावको प्रति छायाका रूपमा आउने अर्को सहवर्ती आकृतिमय फोटोकपी रूप नै बिम्ब विधान हो । यसले विशिष्ट भावलाई उत्कृष्ट परिधान र सौन्दर्यमय आधानमा विशिष्टीकृत रूपमा संयोजन गर्ने गर्दछ ।

६) **भाषा तथा शैली** – ताङकामा भाव र त्यस भावबाट उद्‌बुद्ध हुने अनुभूतिलाई बोक्ने, संवहन गर्ने तत्त्व भाषा हो । यथार्थत भाव अनुभूतिको

अभिव्यक्ति साधन नै भाषा हो । यही भाव र अनुभूतिलाई विशिष्ट तौर तरिका विधि, पद्धति एवं ढाँचा,ढर्रा र विशेष किसिमको प्रक्रिया अपनाउने तत्त्व नै यसको शैली हो । ताङकामा आउने भाषामा वर्ण,पद, शब्द, पदावलीले सुललितता, रागात्मकता, रागमयता, ललितता एवं लालित्य र श्रुतिमधुरता जस्ता कुराहरूलाई आफूभित्र समाहित गरी सुसङ्गठित, सम्बद्ध, समायोजन गर्न सक्नुमै यसको शैलीपक्ष बढी सशक्त हुने गर्दछ । शब्द चयन अनुप्रासीय अर्न्तअनुप्रासीय पद संयोजनले ताङकालाई सशक्त पार्ने गर्दछ ।

मानवीय संवेदनासँग प्रत्यक्ष सरोकार राख्ने साहित्यकालागि शैली एउटा अनिवार्य तत्त्व हो । अन्य तत्त्वका तुलनामा साहित्यमा शैलीको प्रभाव महत्त्वपूर्ण हुन्छ किनभने अन्य विभिन्न तत्त्वहरूको कुशल र सुन्दर ढङ्गले संयोजन गरी साहित्यिक विधा विशेषको रूप स्वरूप प्रदान गर्ने काम यसले गर्दछ । एउटै विषय वा भावलाई पनि निबन्ध, कथा र कवितामा अभिव्यक्त गर्दा त्यो फरक फरक किसिमले आएको देखिन्छ । यो मूलत विधागत संरचना र शैलीको परिणाम हो । ताङकाको अभिव्यक्तिको शैली सुन्दर,सहज, कोमल, भावयुक्त,छरितो र हृदयस्पर्शी हुनु आवश्यक छ । वास्तवमा शैली लेखकको पहिचान हो । एउटै विषयमा लेखे पनि शैलीले गर्दा कुनै लेखकको सृजनाले उच्चता प्राप्त गरेको हुन्छ भने कुनै लेखकको सृजनाले चाहिँ त्यो प्राप्त गर्न सक्तैन । मूलत सरलता, संक्षिप्तता, नवीनता, प्रभाव वा असर जस्ता तत्त्वहरूको समष्टिगत संयोजनबाट ताङकाको शैलीले आकार ग्रहण गर्दछ । यहाँ ती बुँदाहरूको संक्षिप्त चर्चा गरिन्छ ।

### क. सरलता

सरलता ताङकाको शैलीभित्र पर्ने कुरा हो । शब्दचयनमा सरलता र कलात्मकता प्रकटीकरणमा ताङका प्रभावकारी बन्दछ । ताङका लेख्न सजिलो देखिए पनि त्यसमा भावको धारिलो प्रभाव सिर्जना गर्न सजिलो छैन । ताङका लेख्ने कविका निम्ति सरलता नै उसको चुनौती हो । यसको शब्द विन्यास

सरल र सुन्दर हुनु आवश्यक मानिन्छ । कठोर शब्दका सट्टामा सुललित पद पदावलीको प्रयोगले नै ताङकालाई सम्प्रेष्य बनाउँछ । तसर्थ सरल शैलीको प्रयोग ताङकाका लागि अनिवार्य कुरा हो ।

### ख. संक्षिप्तता

संक्षिप्ततामा पूर्णता ताङकाको विशेषता हो । सूत्रात्मक शैलीमा संरचित ताङका सफल मानिन्छ । भाष्यात्मक शैलीमा होइन । संक्षिप्तता ताङकाको गुण हो भने वर्णनात्मकता चाहिँ दोष हो । ताङका पाँच पङ्तिभित्र अनुभूति जगतको चित्र उतार्ने सङ्केत प्रधान, शक्तिवत संरचना भएका कारणले संक्षिप्तता यसको शैलीगत विशेषता हो । तर संक्षिप्तताको अर्थ अपूर्ण भने अवश्य होइन । विभिन्न पङ्तिमा हुने शब्दको व्यवहार यति सङ्गठित र प्रभावकारी हुनुपर्दछ जसले गर्दा त्यसमा कुनै शब्दको कमी खट्किनु हुँदैन । यसमा प्रस्तुत गरिने विषय या भाव अत्यन्त गहन र प्रभावकारी हुनुपर्दछ ।

ताङका थोरैमा धेरै कुरा व्यक्त गर्ने अभिव्यक्तिको माध्यम भएकाले यसमा प्रतीक, बिम्ब, रूपक, उपमा आदि अलङ्कार प्रविधिको पनि प्रयोग गरिन्छ । उपमा, रूपक, बिम्ब, प्रतीकको प्रयोग वर्णनलाई सुन्दर र गहन बनाउन मात्र प्रयोग गरिनुपर्दछ, चटक देखाउनकालागि होइन । ताङका कुनै विषयको कोरा विवरण, सतही चित्रण र वर्णनात्मक प्रस्तुति नभएर त्यसको साङ्केतिक एवं मार्मिक उद्घाटन गर्ने सशक्त काव्य रूप हो । त्यसर्थ संक्षिप्तता ताङकाको महत्त्वपूर्ण शैली हो ।

### ग. नवीनता

मानव सभ्यताको इतिहासदेखि वर्तमानसम्मको समय यात्रामा विषयगत विविधता पाइए तापनि एउटै युग र समाजका सन्दर्भमा प्राय समान विषयहरू विद्यमान रहेका देखिन्छन् । वस्तुत एउटै विषयवस्तु वा भावधरातलमा लेखिए पनि अन्यका सापेक्षतामा नितान्त नवीनता र मौलिकता लिएर प्रस्तुत हुने सिर्जनात्मक शैलीद्वारा नै कुनै पनि लेखकीय प्रतिभाको पहिचान गर्न सकिन्छ ।

बारम्बार भनिसकिएको कुरालाई पुनरुक्ति मात्र गर्नु ताङकाको उद्देश्य होइन बरु कतै कसैले व्यक्त गरेको भाव वा विषयलाई पनि अत्यन्त नवीन ढङ्गले प्रकट गर्नु यसको अभिप्राय हो । सिर्जनामा मौलिकता र नवीनता आएन भने त्यसको कुनै औचित्य र महत्त्व पनि रहँदैन । त्यसैले नवीनता ताङकाको महत्त्वपूर्ण शैली हो ।

७) **उद्देश्य** – कुनै विषयवस्तुमा आधारित भएर भावमय अनुभूतिप्रधान कलात्मक व्यञ्जना अभिव्यञ्जनात्मक प्रकटीकरण नै मूल रूपमा ताङकाको उद्देश्य हो । यसरी उद्देश्यपूर्ति गर्नका निमित्त कविले ताङकामा प्रथम -म, हामी, द्वितीय - तिमी, तृतीय - उनी, तिनी जस्ता दृष्टि विन्दुको प्रयोग गर्दै निश्चित वस्तुको भावमय अनुभूतिप्रधान कलात्मक अभिव्यञ्जना प्रकटीकरण गर्दछ र यस रूपमा जे जस्तो भावअनुभूतिको प्रकटीकरण हुन्छ त्यसैलाई नै ताङकाको मूल उद्देश्य मान्नु पर्दछ । ताङकाकारले भन्न चाहेको, प्रस्तुत गर्न चाहेको र अभिव्यक्त गर्न चाहेको मूल चुरोको कलात्मक अभिव्यञ्जनामय अनुभूति प्रकटीकरणको सार्थक सम्प्रेषणभित्र पाठक रमाउन, हराउन सक्नु नै ताङकाको सार्थक उद्देश्य मानिन्छ । तसर्थ उद्देश्य ताङकाको निम्ति अनिवार्य तत्त्व मानिन्छ ।

## २.४ ताङकाको अन्य विधासितको सम्बन्ध

समसामयिक साहित्यिक सन्दर्भमा गद्य कविता अन्तर्गत पर्ने ताङका एक मुक्त र स्वतन्त्र उपविधाको रूपमा देखापरेको छ । वास्तवमा वर्तमान सन्दर्भमा गद्य कविता अन्तर्गत देखिएको ताङकाको विषयगत क्षेत्र, रचनाधर्मीता, भाषाशैली, संरचनात्मक आयाम, स्वयम्मा पूर्णता, ऐतिहासिक र विचार वाहकको रूपमा देखिएको यस्तो सिर्जनालाई निरीक्षण गर्दा यो छुट्टै विधागत वैशिष्ट्यता प्राप्त गरिसकेको एक मुक्त साहित्यिक विधा हो । आजको समयमा कुनै पनि विधा, उपविधा, सिद्धान्त र विषयवस्तु विशुद्ध रूपमा अर्थात निरपेक्ष एकल अस्तित्वमा अन्यसित सम्बन्ध रहित भएर रहन सक्तैनन् । परिणाम स्वरूप सम्बद्ध कुनै पनि विषयहरू नजिकको यस्तै अन्य विधाहरूसित साम्य

तथा वैषम्यगत अन्तर्विषयक सम्बन्ध Inter Disciplinary Relation मा रहेका हुन्छन् । यसअनुसार ताङकाको अन्य विधाहरूसितको सम्बन्धलाई निम्नानुसार देखाउन सकिन्छ ।

### २.४.१. ताङका र फुटकर कविता

निक्कै नजिकको नाता कविता र ताङकाबीचमा भेट्न सकिन्छ । मुक्तकभन्दा ठूलो एकाइ र मझौला रूप खण्डकाव्यभन्दा सानो एकाइ नै फुटकर कविता हो । कवितामा जीवन जगतको खास एक सन्दर्भ, प्रसङ्ग र मनोदशाको कवितात्मक अनुभूतिमय अभिव्यञ्जित प्रकटीकरणको कलात्मक स्वरूप फुटकर कवितामा पाइन्छ भने ताङकामा पनि समानरूपमा प्राप्त गर्न सकिन्छ । यी दुवैमा अन्तर्लयात्मक अन्तर्लयप्रधान हुन्छ । संरचनात्मक तत्त्वको आधारमा हेर्दा कविताको निर्मितिमा प्रयुक्त हुने केही महत्त्वपूर्ण तत्त्वहरू ताङकामा पनि प्रयुक्त हुन्छन् तर ताङकामा ती संरचनात्मक तत्त्वहरूको प्रयुक्ति संक्षिप्त र सूक्ष्मतवरले गरिने भएकोले कविताभन्दा ताङकामा अक्षर गणना गरी निश्चित संरचनासिमाभित्र रहेर सिर्जना गरिन्छ भने कवितामा त्यो बन्देज हुदैन ।

### २.४.२ ताङका र मुक्तक

ताङकाको विधागत अर्न्तसम्बन्ध पद्य साहित्यको काव्यविधाको लघुत्तम उपविधा मुक्तकसित पनि प्रवृत्तिगत सामीप्यता रहेको पाइन्छ । काव्यविधाको उपविधागत वर्गीकरण गर्ने सिलसिलामा मुक्तक आफैँमा पूर्ण अत्यन्त सानो संरचना भएको आख्यान रहित कवितात्मक रचना हो । जसरी काव्य क्षेत्रमा लघुत्तम संरचना भइकन पनि काव्यात्मक मुक्त अनुभूतिको ज्वार फैलाउन सक्ने स्वपहिचान मुक्तकको छ । त्यसैगरी ताङकाको पनि समान महत्त्व र स्वपहिचान छ । मुक्तकको सन्दर्भमा वैदिक संस्कृतमा कविताको न्यूनतम ढाँचा द्विपदी, त्रिपदी, चतुष्पदी देखा पर्छन भने उत्तरवर्ती लौकिक संस्कृतको कविता परम्परामा चतुष्पदी श्लोकलाई कविताको न्यूनतम ढाँचा मानिएको छ । एक श्लोकको न्यूनतम कविता रूपलाई मुक्तकको पारिभाषिक संज्ञा दिइएको छ र

यो कविताको सानोमा सानो लघुत्तम (सबैभन्दा सानो) रूप हो ।[२६] संस्कृत र नेपाली साहित्यमा व्यापक प्रचलनमा रहेको मुक्तक, जीवन र जगतप्रति कविको मनमा उठेका अनुभव र अनुभूतिको आख्यानरहित लय, भाव, राग, कलात्मकतासहितको लघुत्तम तर स्वयम्मा पूर्ण हुने कवितात्मक एकाइ, श्रेणी हो मुक्तक । यसरी कविता विधामा देखिएका मुक्तकीय रचनाको प्रभाव ताङ्का विधामा लघुत्तम, स्वतन्त्र कवितात्मक अनुभूति, विचार क्षेपण गर्ने रचनाको रूपमा ताङ्का देखापरेको छ । मुक्तक हुनको लागि अनुभव र अनुभूतिको ज्वार न्यूनतम दुई हरफ वा पाउमा बाटिएर आउनुपर्दछ । कवितात्मक एकल अनुभूतिको स्वयम्मा पूर्ण, स्वतन्त्र आख्यानरहित लघुत्तम रचना मुक्तक भए जस्तै ताङ्कामा पनि हुन्छ । समाजमा देखा पर्ने परम्परागत तथा समसामयिक विविध विकृति विसङ्गतिहरूलाई यी दुवै विधाहरूले आफ्नो लेखको मुख्य विषयक्षेत्र बनाएका हुन्छन् । यस्ता प्रकारका समानता मुक्तक र ताङ्कामा हुँदाहुदै पनि भिन्नताहरू पनि स्पष्ट देख्न पाइन्छन्, जुन निम्नानुसार छन् ।

यी दुवै कविताधर्मी रचना भए पनि मुक्तक चतुष्पदी संरचनाको हुन्छ भने ताङ्का ५,७,५,७,७ गरी ३१ अक्षरको हुन्छ । त्यसैले यीबीचमा संरचनात्मक अङ्गहरूमा धेरै अन्तर छ । मुक्तकमा व्यङ्ग्यात्मकता, प्रतीकात्मक र विधुतीय झड्का प्रमुख रूपमा रहन्छ भने ताङ्कामा भावात्मकता, रागात्मकता, लयात्मकता, अलङ्कार, अनुभूति आदिको बाहुल्यता रहन्छ । यसप्रकार उपर्युक्त साम्यता र भिन्नताको रूपमा अन्तरसम्बन्ध लघुकथा र मुक्तकबीच छ ।

### २.४.३ ताङ्का र हाइकु

सगोत्री विधाको रूपमा ताङ्का र हाइकुको सम्बन्ध प्रष्ट देखिन्छ किनकि यी दुवैको स्वभावगत विशेषता समान छ । यसैले पनि ताङ्काको धेरै नजिकको नाता कसैसित छ भने हाइकु विधासँग मात्र छ । तर हाइकु  र ताङ्का एउटै होइनन् । जसरी हाइकुको आफ्नै छुट्टै अस्तित्वगत पहिचान छ ठीक त्यसरी

---

[२६] वासुदेव त्रिपाठी र अरू, सम्पा. **नेपाली कविता भाग** - ४ ते.सं. (ललितपुरः साझा प्रकाशन, २०५४) पृ-७ ।

नै ताङकाको पनि आफ्नै स्वअस्तित्व छ । संरचनात्मक तत्त्वको आधारमा हेर्दा ताङकाको निर्मितिमा प्रयुक्त हुने सम्पूर्ण तत्त्वहरू हाइकुमा पनि प्रयुक्त हुन्छन् तर ताङकामा ५,७,५,७,७ अक्षरको संरचना हुन्छ भने हाइकुमा ५,७,५ अक्षर मात्र हुन्छ । तसर्थ ताङका र हाइकु पृथक भेदको रूपमा देखापर्दछ ।

एउटा चित्र । त्यो चित्रले सङ्केत गरेको सम्भावित दृष्य । एउटा अनुभव । एउटा बिम्ब । त्यो बिम्बले औल्याउन खोजेको अनुभवको आकार । त्यो सम्भावित दृश्य हो हाइकु । त्यो अनुभवको आकार हो हाइकु ।[२७] तर यी गुण ताङकामा पनि लागु हुन्छ । सन् १८६८ पूर्वकालमा हाइकुलाई 'हाइकाइ' भन्ने चलन थियो । जापानी भाषामा 'हाइ' भन्नाले 'सामायोउ' अर्थात घुमघाम वा कुनै यात्रा भन्ने बुझिन्छ । अनि 'काइ' शब्दले 'तोतोनोउ' अर्थात कुनै वस्तु र विचारलाई व्यवस्थित गर्नु वा सिलसिला मिलाउनु भन्ने जनाउँछ । यी दुवै शब्दका आशय संयोजन गर्दा यात्रामा देखे भोगेका दृश्यादिका कारणले उत्पन्न हुने विविध फिलिङहरूलाई मिलाएर व्यवस्थित गर्ने कुरो झल्किन्छ ।[२८] यसरी नै ताङकामा पनि यात्रामा देखे भोगेका दृश्य परिदृश्यहरूलाई कुशल बिम्बको संयोजनले अनुभूतिहरूको प्रस्तुति गर्न सकिन्छ ।

यी दुवैमा भावात्मकता, रागात्मकता, व्यङ्ग्यात्मकता, प्रतीकात्मकता, लयात्मकता, संक्षिप्तता, सूक्ष्मता, अलङ्कार आदिको समानता देखिएपनि आफैंमा पृथक अस्तित्व कायम गरेका विधा हुन् । संरचनात्मक आयामका दृष्टिले ताङका तुलनात्मक रूपमा लामो हुन्छ भने हाइकु अझ लघु आकारको हुन्छ । त्यसरी नै हाइकुमा बेसी अमूर्तता र सूक्ष्म भावाभिव्यक्ति प्राप्त गर्न सकिन्छ भने ताङकामा केही सरलता र शिथिलता पाइन्छ । त्यस्तै ताङकामा लयात्मक गुण रहेको हुन्छ तर हाइकुमा सङ्केतात्मक र कम लयविधान रहेको हुन्छ । यसप्रकार उपर्युक्त साम्यता र भिन्नतामा ताङका र हाइकुको अन्तर सम्बन्ध रहेको छ ।

---

[२७] क्षेत्रप्रताप अधिकारी, **पूर्ववत**, पृ.५ ।

[२८] सासाकी मिकिरो, भूमिका पृ. २०, **हाइकु र हाइजिन** (भक्तपुरः अक्षर प्रकाशन, २०६४) ।

### २.४.४ ताङ्का र लघुकथा

समसामयिक साहित्यिक सन्दर्भमा गद्य साहित्य अन्तर्गत पर्ने लघुकथा आख्यानविधाको एक मुक्त, स्वतन्त्र उपविधाको रूपमा देखापर्दछ । यस सम्बन्धमा मोहनराज शर्माले नेपालीमा मात्र होइन विश्वसाहित्यमा पनि लघुकथाले छुट्टै विधाको स्वयत्ता प्राप्त गरेको छैन भनेका छन् ।[२९] तर वास्तवमा वर्तमान सन्दर्भमा आख्यान साहित्यमा देखिएको यस भेदको विषयगत क्षेत्र, रचनाधर्मिता, भाषाशैली, संरचनात्मक आयाम, स्वयम्मा पूर्णता, ऐतिहासिक र विचार वाहकको रूपमा देखिएको यस्तो सिर्जना लघुकथालाई निरीक्षण गर्दा यो छुट्टै विधागत वैशिष्ट्यता प्राप्त गरिसकेको आख्यान साहित्यको मुक्त भेद हो । यस सम्बन्धमा राजेन्द्र सुवेदीको मत यस्तो छ -'लघुकथा शब्द नेपाली साहित्यका सन्दर्भमा कथा विधाको एक प्रविधा हो ।'[३०]

तीव्र कथात्मक, संक्षिप्तता, एकोन्मुखता, भावकेन्द्रीयता,क्षिप्र व्यङ्ग्य, तथा प्रतीकात्मक, कुतूहलता र सटीक एवं सघन अभिव्यक्तिको वस्तुपरक चित्रण लघुकथाका मुख्य विशेषता हुन् । यसमा आकर्षक कथानक ढाँचा,सटीक प्रस्तुतिको चमत्कारद्वारा सन्देश वा भावानुभूतिको सशक्त कलात्मक र तीव्र विन्यास गरिएको हुन्छ । यसरी लघुकथा कथाको लघुत्तम रूप हो भने ताङका कविता विधाको लघुत्तम रूपमा पनि हेर्न सकिन्छ । आयामगत संक्षिप्तताका हिसाबले ताङका र लघुकथाबीच निकट सम्बन्ध छ । ताङका पनि एउटा लघु रचना हो भने लघुकथा पनि स्वयम्मा लघुरचना हो । यति हुँदाहुदै पनि लघुकथामा गद्यविधात्मक निजी रूप स्वरूपमा हुने गर्छ । साथै ताङकामा अनुभूति तत्त्वको प्रधानता हुन्छ भने लघुकथामा आख्यानात्मक तत्त्व निजी रूपमा समावेश हुने गर्छ ।

---

[२९] मोहनराज शर्मा, **"लघुकथाः लघुत्तम आख्यान"** मधुपर्क (पूर्णङ्क ३६२, २०५६ भदौ( पृ. २६ ।

[३०] राजेन्द्र सुवेदी, **"लघुकथाको परिचय विकास र वर्तमान परिप्रेक्षमा लघुकथाको महत्व"**, अप्र. कार्यपत्रः (२०५३), पृ. १ ।

लघु आयामको रचनाविधान हुनु, सटीक र चमत्कारपूर्ण प्रस्तुति रहनु ताङका र लघुकथा दुवैको समान विशेषता हुन् । लघुकथा एक लघुआयामिक विधा हो भने ताङका पनि छोटो आकारको विधा हो । यी दुवैमा सीटक प्रस्तुति रहेको हुन्छ । चमत्कारपूर्ण प्रस्तुतिले नै लघुकथा र ताङकालाई जीवन्तता प्रदान गर्नमा मद्दत गरेको छ । भावानुभूतिको सशक्त कलात्मक र तीव्र विन्यास दुवै विधामा अपेक्षित तत्त्व हुन् । यिनै विविध पक्षले ताङका र लघुकथाको सम्बन्ध देखापर्दछ ।

### २.४.५ ताङका र गीत

ताङका र गीत दुवै भाषालाई माध्यम तुल्याई कलात्मक रूप प्रस्तुत गर्ने साहित्यिक विधागत दुई रूप हुन भने दुवैमा सङ्गीत तत्त्व लय बनेर रहेको हुन्छ । जापानी ताङकाहरू गाइन्थे । यद्यपि नेपाली ताङकाहरू गेय रूपमा लेखिएका पाइन्नन् । गीत लयात्मकताभित्र सङ्गीत तत्त्व गीतिचेतको प्राधान्यता अँगाल्दै अघि बढिरहेको हुन्छ । ताङकामा भावपक्षको लयात्मक प्राधान्यभित्र गीति चेत सलबलाई रहेको हुन्छ । लयात्मक अन्तर्नाद गुञ्जित हुदै रङमङाई रहेको भने गीतमा अनुभूतिको साङ्गीतिक भावप्राधान्यताले सञ्चार गरेको हुन्छ । ताङकामा गीति चेत भए पनि गीतिचेतको अप्राधान्यतामा स्वानुभूतिमय भाव प्रखर रूपमा देखापरेको हुन्छ र गीतले अन्तत सङ्गीतकै प्रस्ट मान्यता एवं गीति चेतकै प्रवल, प्रमुख तीव्रतर छटा फिँजाउन पुगेको हुन्छ । गीतले एउटा निश्चित संरचनात्मक आयाम लिने क्रममा स्थायी र अन्तरा भागको गेय गुणको गुम्फन गरिएको हुन्छ जहाँ स्थायी भागमा गीतको सार एवं अन्तरा यात्रामा त्यसको परिपुष्ट्याइ रहेको हुन्छ ।

यसरी गीत अर्न्तसङ्गीतको साङ्गीतिक भाव प्रधान साहित्यिक विधागत यात्रा हो भने ताङका कविको स्वानुभूतिमय यात्राको एक बिसौनीपूर्ण अनुभूतिप्रधान यात्रा हो । गीतमा सङ्गीत प्रमुख तत्त्व हो भने ताङकामा त्यही सङ्गीत वैकल्पिक मात्र हो । यसरी केही भिन्नतामा गीत र ताङका छुट्टाछुट्टै विधा एवं स्वतन्त्र परिचय भएका साहित्यिक रूपमा हुन् भन्ने प्रस्ट हुन्छ ।

### २.४.६ ताङ्का र चुट्किला

वास्तवमा मनोरञ्जनकै प्रयोजनार्थ सिमीत समयमा छोटो, छरितो, चिटिक्कको घतलाग्दो,सूक्ष्म आख्यान भएको तर कुतूहलता अनि साहित्यिक ध्वनिको दीर्घ असर पाठकमा नपार्ने हास्यव्यङ्ग्य युक्त मुक्तक मनोरञ्जन प्रधान गफ वा अभिव्यक्ति नै चुट्किला वा हास्यौली ठट्यौली हो । यो गद्य तथा पद्य भाषामा व्यक्त हुन्छ । खासगरी यस्तो किसिमको चुट्किलाको शिष्ट साहित्यमा त्यस्तो तात्त्विक विधागत महत्त्वको रूपमा देखापर्दैन तैपनि हास्य व्यङ्ग्यात्मक रचना नाटकका संवाद आदिमा प्रसङ्गवश प्रयोग गरिएको हुन्छ ।

ताङ्का र चुट्किला दुवै लघु संरचना भएका विधा हुन् । ताङ्कामा जस्तै सरलता, व्यङ्ग्यात्मकता, प्रतीकात्मकता, कुतूहलता, मनोरञ्जनमूलक उत्कर्षात्मक निष्कर्ष चुट्किलामा पनि हुन्छ तर चुट्किला ताङ्का भने होइन । ताङ्का शैलीका चुट्किला र चुट्किला शैलीका ताङ्का दुवैमा प्राप्त गर्न सकिन्छ । तापनि संरचनात्मक बनोटका हिसाबले यिनीहरूमा अन्तर छ । चुट्किला लोक साहित्यसित सम्बन्धित उखान टुक्का र किस्सासित धेरै नजिक छ । गाउँखाने कथा र उखानभन्दा ठूलो केही सृजनात्मक रूपमा मनोरञ्जन वा हास्यप्रधान शैलीमा यो प्रस्तुत गरिएको हुन्छ । ताङ्का कवितातत्त्व भएको एक साहित्यिक विधा हो । ताङ्कामा हाँसो ठट्टा मजाक भन्दा पनि समाजमा विद्यमान सङ्गति, विसङ्गति, विकृति, जीवन भोगाइका आरोह अवरोह, असमानतामूलक घटनाहरूको यथार्थ तथा गहन अर्थयुक्त चित्रण गर्न मुख्य ध्येय रहेको हुन्छ । यसको साहित्यिक र विधागत मूल्य र महत्त्व प्रस्ट देखिन्छ तर चुट्किलामा यी कुराहरूको मूल्य र महत्त्वको स्पष्ट उठान भएको हुँदैन ।

यसरी ताङ्का र चुट्किलामा केही साम्यताको भान परे पनि उपर्युक्त विश्लेषणको आधारमा यी दुईबीच व्यापक अन्तर रहेको छ ।

**मूल्याङकन :**

तीव्र भाव सम्प्रेषण, संक्षिप्तता, व्यङ्ग्य, प्रतीकात्मकता, कुतूहलता र सटीक एवं सघन अभिव्यक्तिको वस्तुपरक चित्रण ताङकाका प्रमुख विशेषताहरू हुन् । यसमा आकर्षक चमत्कारद्वारा सन्देश वा भावानुभूतिको सशक्त कलात्मक र तीव्र विन्यास गरिएको हुन्छ । ताङकाको कार्य संक्षिप्त भए पनि यो अपूर्ण वा अधुरो रचना नभएर स्वयम्मा पूर्ण, गहन अर्थयुक्त विचारको प्रक्षेपणमा गर्न सक्ने अणुसामर्थ्य बोकेको आफ्नै निश्चित संरचनामा संरचित लघुत्तम भेद हो । यसमा प्राकृतिक बिम्बको कुशल प्रयोगले ताङका सिर्जनामा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।

विभिन्न कारणले साहित्यका अन्य लघुभेदहरू फुटकर कविता, मुक्तक,हाइकु, लघुकथा, गीत, चुट्किला जस्ता लघुविधासँग निकट सम्बन्ध रहेको देखिएता पनि आफ्नै मौलिक संरचना र सिद्धान्तले युक्त विधागत इतिहास बोकेर ताङका नेपाली साहित्यमा हुर्किंदै गरेको छ । सूक्ष्म नै सुन्दर हुन्छ । एक्काइसौं शताब्दी सूत्रबद्ध युग भएकैले काव्यमन्त्रबद्ध हुनुपर्दछ भन्ने मान्यता राखेर सानो कवितामा धेरै अटाउने एउटा महत्त्वपूर्ण माध्यम ताङका बनेको छ । नेपाली साहित्यमा युवा जगतले अँगालेको महत्त्वपूर्ण काव्यविधामा जापानी शैलीका कविता ताङका पनि पर्दछ । नयाँ पिँढीले यसको विकास प्रकृयामा महत्त्वपूर्ण कार्य गर्दै आएका छन् ।

# तेस्रो परिच्छेद

## ताङकाको ऐतिहासिक परम्परा

### ३.१ उद्‌भव प्रक्रिया

साहित्यमा कविता विधाको छोटो रूप जस्तो देखिने ताङका एउटा छुट्‌टै स्वतन्त्र विधा हो । जसरी अन्य साहित्यका विधाहरू आफैमा पूर्ण,स्वतन्त्र र मौलिक भइ आफ्नो पृथक इतिहास बनाएर अगाडि बढिरहेका छन् ठीक त्यसरी नै यो आफ्नै प्रकारको संरचना, आयाम, पूर्णता, मौलिकता र छुट्‌टै इतिहास परम्परामा अघि बढेको छ ।

नेपाली साहित्यमा विविध आयातित विधाहरू पनि रहेका छन् । आज ती पाहुना विधाले नेपाली साहित्यमा पुऱ्याएको योगदानलाई नकार्न सकिन्न । जापानी ताङका र हाइकु अत्यन्त निकट विधाका रूपमा रहेका छन् । वाका (ताङका) अर्थात रेङ्गा लघुकविताको पनि लघुत्तम रूप हो हाइकु ।[३१] यी दुवै जापानी साहित्यका देन हुन् । जापानी भाषा साहित्यको इतिहासमा ताङकाबाट हाइकुको जन्म भएको पाइन्छ । यद्यपि नेपाली साहित्यमा भने हाइकुले प्रवेश गरेको लामो समयपछि ताङकाले प्रवेश पाएको हो । खैर, आजको परिप्रेक्षमा साहित्यमा देखा परेको एक नवीन तथा लोकप्रिय बन्दै गरेको ताङकाको उद्‌भव वा उत्पत्ति प्रक्रिया कहाँबाट कसरी सुरु भयो भन्ने कुरा पनि अनुसन्धानको विषय हो । यसको उद्‌भव प्रक्रियालाई दुई किसिमका अवधारणाबाट देखाउने प्रयास गरिएको छ ।

क) जापानी साहित्यमा ताङकाको ऐतिहासिक परम्परा

ख) नेपाली साहित्यमा ताङकाको विकास प्रक्रिया

यहाँ, पहिलो अवधारणा अनुरूप जापानी साहित्यमा ताङकाको उद्‌भव प्रक्रिया तथा यसको विकास प्रक्रिया सहित ऐतिहासिक परम्परा समेत प्रस्तुत

---

[३१] क्षेत्रप्रताप अधिकारी **'जापानी साहित्यको इतिहास'** (२०५५), पृ. ८७ ।

गरिएको छ । त्यस्तै दोस्रो अवधारणा अन्तर्गत नेपाली साहित्यमा यसको प्रवेश र विकासक्रम प्रस्तुत गरिएकोछ ।

### ३.१.१ जापानी साहित्यमा ताङकाको ऐतिहासिक परम्परा

यस धारणा अनुसार ताङकाको विश्लेषण गर्नुपर्दा जापानी पूर्वकालीन साहित्यको सिङ्गो परम्परालाई नै अध्ययनको पृष्ठाधार बनाउनुपर्ने हुन्छ । जापानी साहित्यको आफ्नै खालको विशेषता, पृष्ठभूमि र प्रारूपहरू रहेका छन् । यहाँको साहित्यमा जापानी संस्कृतिमा प्राप्त गरिने सादृश्य कला र साहित्यको भूमिका महत्त्वपूर्ण मान्नुपर्ने हुन्छ । जापानीहरूले इतिहासको कुनै पनि कालमा आफ्नो अवधारणा अमूर्त दार्शनिक माध्यमबाट अभिव्यक्त नगरेर विशुद्ध साहित्यिक रचना नै उनीहरूको अभिव्यक्तिको उपयुक्त माध्यम हो । जापानीहरूमा कन्फ्युसियस दर्शनको प्रभाव रहेको पाइन्छ । पाश्चात्य एवं चिनियाँ प्रभाव पनि परेको देखिएतापनि यिनीहरू आफ्नै विशेषताले युक्त छन् । पच्चीस सय वर्षभन्दा पनि पुरानो बुद्ध धर्मदर्शन र चिनियाँ लाओत्सेले छब्बीस सय वर्ष अगाडि प्रतिपादन गरेको रहस्यात्मक ताओवादलाई समेत ताङकाको आधार प्रभावको रूपमा इतिहासकारहरूले उल्लेख गर्दै आएको पाइन्छ ।

जापानी साहित्यको लिखित इतिहासको थालनी सातौं शताब्दीमा भएको पाइन्छ । चीन र जापानका भाषाको उत्पत्ति, श्वासप्रणाली, शब्दरचना र व्याकरण फरक छन् तथापि आफ्नो लेखन पद्धति विकसित नभएको अवस्थामा एसियाली मुलुकसित सम्पर्क स्थापित गर्नुपर्दा जापानीहरूले पनि पाँचौ शताब्दीमा चिनियाँ प्रणाली नै अनुसरण गरे । 'कोजीकी' (प्राचीन इतिहास) र 'मानयोशु' कविता सङ्ग्रहमा पाँचौ शताब्दीमा दक्षिण चीनमा बोलिने उच्चारण तथा कान्जी अक्षर पाइन्छ भने निहोन शोकी (जापानी इतिहास) मा सातौं शताब्दीमा उत्तरी चीनमा बोलिने उच्चारण तथा कान्जी अक्षर पाइन्छ । नवौं शताब्दी अर्थात हेयानयुगको पहिलो चरणमा मौलिक जापानी अक्षर (काना) आविष्कार गरियो । यसपछि जापानी भाषा र यसको लेखनप्रणालीमा महत्त्वपूर्ण

परिवर्तन भयो ।[३२] यसरी जापानीहरूमा वाका अर्थात ताङका गीति कविता शैली जापानमा आठौं शताब्दीदेखि प्रसिद्धि पाएको पाइन्छ । यसै समयमा सबैभन्दा भव्य र जेठो साहित्यिक ग्रन्थ मानयोशु (हजारपत्री) सम्पादन भएको थियो । यस ग्रन्थलाई जापानी भाषाको कोसेढुङ्गो मानिन्छ र जापानी साहित्य जगतको आधारस्तम्भ हो भनिन्छ । यस ग्रन्थका सम्पादक कोको थिए? भन्ने थाहा भएको छैन तर कवि ओतोमोनो याकामाचीको सक्रियतामा रचना सङ्कलन भएको विश्वास गरिएको छ । यसमा सङ्कलित ४५१६ कविता मध्ये ४२०० वाका अर्थात ताङका लघुकविता छन् । मानयोशुको सम्पादन पश्चात ताङकाले पृथक रूपमा लघुकविताको बोध गराएको थियो । २६० चोका र बाँकी सेदोका शैलीका छन् यसमा । मानयोशु काव्यग्रन्थ पश्चात सन् ९०५ मा 'कोकिन्शु' काव्य सङ्ग्रह सम्पादन भएको छ । मानयोशुमा ताङकाका अलावा चोका र सेदोका छन् । मानयोशुमा धेरै जसो प्रणय कविता समावेश भएका छन् भने कोकिन्शुमा ज्यादा कविता प्रेम,प्रकृति र सादृश्यबाट माथि उठेर रचिएका छन् ।[३३]

यसरी जापानी साहित्यमा मानयोशु र कोकिन्शु ग्रन्थहरूको सम्पादन पश्चात ताङका शैली अत्यन्त फस्टाएको पाइन्छ । १९८० को दशक जापानी ताङका जगतमा अति महत्त्वपूर्ण मानिन्छ । यो समयमा ताङकाले जापानी साहित्यमा ठूलो हलचल ल्याएको थियो । उन्नाइसौं शताब्दीलाई 'हाइकु रेनेसाँ' भने जस्तै असीको दशकलाई 'ताङका रेनेसाँ' मान्न सकिन्छ । यसको मुख्य श्रेय तावारा माचीलाई जान्छ ।

सातौं शताब्दीको उत्तरार्धमा राजपरिवारका अतिरिक्त भारदारवर्ग पनि काव्य लेखनमा अग्रसर भएको पाइन्छ । पेशाको रूपमा कविता लेख्ने अभ्यास पनि यही समयमा हुन थाल्यो । आदिकवि मानिएका प्रसिद्ध कवि काकिनोमोतो हितोमारो यो वर्गका प्रमुख व्यक्ति मानिन्छन् । हितोमारोको पूर्ण जीवनी थाहा नभए पनि मानयोशुमा उनका ४७० कविता सङ्कलित छन् । यी कवितामध्ये

[३२] **पूर्ववत,** पृ.३ ।

[३३] राज माङलाक, **धूवाँका धुनहरू** (२०६०) पृ. ।

केही राजपरिवारका निर्देशनमा लेखिएका छन् र केही आफ्नै भावनाका अभिव्यक्ति । हितोमारोको लेखनकला शिल्प अतुलनीय थियो । उनका शब्दमा अनुवाद, लावण्य र श्रृङ्गार हुन्छ । उनका कवितामा महाकाव्यको पूर्णता झल्किन्छ, प्रणय, प्रकृति र प्रारब्ध टल्किन्छ । पछिका दिनहरूमा यामाबेनो आकाहितो र अन्य दरवारिया कविहरूले हितोमारोको नक्कल गरेर कविता लेखे । यसरी वाका अर्थात एकतीस अक्षरीय ताङका शैली लोकप्रिय भयो ।

जापानी दरवारका राजकुमार राजकुमारीले ताङकालाई मनोरञ्जनको माध्यम बनाएको प्रसस्त उदाहरण पाइन्छन् । आफ्नो प्रेमाभिव्यक्ति प्रस्तुत गर्ने उपयुक्त माध्यमका रूपमा ताङकालाई लिएको पाइन्छ । नवविवाहित राजकुमार राजकुमारीले समेत हाइकु र ताङका लेखन तथा वाचनको प्रशिक्षण लिएको देखिन्छ । सातौं शताब्दीपश्चात सन् ७१२ मा कोजिकी (kojiki) र सन् ७२० मा निहोन्सोकी (Nihonshoki) नामक दुई ऐतिहासिक सङ्कलन ग्रन्थ प्रकाशन भएको पाइन्छ । कोजिकीमा वाका अर्थात ताङका शैलीले पनि आफ्नो अस्तित्व निर्माण गरेको छ ।

जापानी साहित्यको इतिहासमा हेइएनकाल (Heianperiod, 794-1185)[३४] महत्त्वपूर्ण समयको रूपमा लिइन्छ । जापानको आठौंदखि बाह्रौं शताब्दीसम्मको युगलाई हेइएनकाल भनिन्छ । हेइएनकाललाई जापानीहरू आफ्नो पहिलो साहित्यिक युग मान्छन् । साहित्यिक पृष्ठभूमिको आधारले यो युग पनि महत्त्वपूर्ण र ऊर्जाशील मानिन्छ । हेइएनकालको उत्तरार्द्धमा दुई जना कविको एक आपसको भावनाले ताङकालाई दोहोरीको स्वरूपमा विभक्त हुन पुगेको देखिन्छ । ती दुई कविले ताङकालाई दुई भागमा विभाजन गरी भिन्नाभिन्नै सारयुक्त रूप दिएर यसको भविष्य चम्काए । उनीहरूले एउटा रोमान्टिक धारणाको थालनी गरेर ताङकालाई छोटो छरितो कविता वा सुललित गीत तुल्याए । यसरी जापानी साहित्यमा शृङ्खलाबद्ध कविताको लामो परम्परापछि ५,७,५ र ७,७ = ३१ अक्षरको ताङका वा हाइकाइ (कामी - नो -

---

[३४] डा. बमबहादुर थापा जिताली, **जापानी छन्दमा, नेपाली कविता,** (२०६४), पृ. २०-२१ ।

कु (Kami -No-Ku) र बाँकी ७,७ = १७  अक्षर समूहका तीन हरफलाई शिमो -नो -कु (Shimo-No-Ku) बनाए । ताङकाको अघिल्लो भागले पछि जुन रूप लियो, त्यसले 'हाइकु' को मान्यता पायो र यसको पछिल्लो भाग ७,७ मा केही परिवर्तन भएर ५,७ = १२ अक्षरका दुई पङ्तिले शोककाव्य (Elegy) को भिन्नै अवधारणा बनाएको पाइन्छ ।

यसरी नै ताङकासँग अन्तरसामिप्यता बोध भएका रेङ्गा, हेनका, नागाउता र वाका आदिलाई पनि उल्लेख गर्न उपयुक्त हुन्छ ।

**रेङगा (Renga)**

हेइएनकालमा ताङकाको प्रस्तुतिलाई भिन्न भिन्न स्वरूप र शैलीमा अपनाएको देखिन्छ । ताङकाको सुरुका दुई हरफलाई एकजनाले लेख्ने र बाँकी तीन हरफलाई अर्को व्यक्तिले पूर्णता दिने प्रचलनको विकास भयो । फलस्वरूप दुईजना व्यक्तिको सौहार्द्र, गम्भीर र समर्पण स्वरूप विलीन भई लेखिने ताङकालाई नै रेङगा भनिन थालियो ।

**हेनका (Henka)**

एक वा एकभन्दा बढी ताङकाको शृङ्खला अर्थात क्रमलाई समायोजन गरी रचनालाई मूर्तरूप दिइन्छ । यही संरचनाको लामो कविता शैलीको स्वरूप र स्वभावलाई नागाउता पनि भनिएको छ ।

**नागाउता (Nagauta)**

स्वतन्त्र शैलीमा प्रयुक्त हुने दीर्घ शृङ्खलायुक्त ताङका मिश्रित एउटा नयाँ संरचना पनि हो, यो मात्रै पुरानो सिर्जनशील सत्तामा आधारित छ । यस रूपमा हेनकाले आफ्नो परिचय खुलाउन सकेको देखिन्छ ।

**वाकाः मेजिकाल** (१८६८ - १९९२) – सम्म ३१ अक्षर र पाँच हरफे रचनालाई वाका कविता भनियो । यस पश्चात ती कविहरूलाई ताङका कवि भनिने नयाँ परम्परा बस्यो, तसर्थ वाका र ताङकाको अन्तरसामीप्यता एउटै हुन गयो । यी

दुवै शब्द वाका र ताङकाको परिणामलाई समानता जस्तै मानिएको छ । यसरी वाका र ताङकालाई एउटै अर्थबोधका भिन्न शब्द हुन भनिएको हो ।[३५]

मानयोशु सङ्कलनमा चिनियाँ काव्य लेखनको प्रभाव पाइन्छ । नेपाली भाषा साहित्यको आधार संस्कृत भाषा साहित्य भए जस्तै जापानी भाषा साहित्यमा चिनियाँ भाषा र साहित्यको प्रभाव भेटिन्छ । चिनियाँ लिपी खाञ्जीको प्रभाव सुरुका समयमा जापानी सहित्यमा प्राप्त गर्न सकिन्छ । तर जापानीहरूले आफ्नै शैलीमा हिरागाना र काताकाना लिपीको विकास भए पश्चात जापानी साहित्यमा मौलिकताको सुरुवात भएको हो ।

अत, जापानी साहित्यको इतिहासमा ताङकाले आठौं शताब्दी देखि नै प्रसिद्धि पाएको देखिन्छ । मानयोशु ग्रन्थको प्रकाशन नै ताङकाको एक आधारस्तम्भ हो । यसमा सङ्कलित वाका अर्थात ताङकाले जापानी साहित्यमा चर्चा र प्रसिद्धिको शिखर चुमेको यथार्थ प्रस्ट हुन्छ । राजकुमार राजकुमारीले आफ्नो प्रेमाभिव्यक्तिको माध्यम ताङकालाई बनाउनुले पनि ताङका विकासमा महत्त्वपूर्ण योगदान रहेको देखिन्छ । राजपरिवारको निर्देशनमा ताङका लेखिनुले पनि जापानमा ताङका लोकप्रिय भएको देखिन्छ । जापानी भाषा साहित्यमा यसरी ताङकाको विकास हुँदैआएको देखिन्छ ।

### **३.१.२ नेपाली साहित्यमा ताङकाको विकास प्रक्रिया**

नेपाली साहित्यमा विधागत विविधताको उछिनपाछिनको अवस्थाका बग्रेल्तीहरू हाम्रा साम् प्रसस्त छन् । कति स्थापित हुने क्रममा छन् भने कतिपय साहित्यिक विधाको मान्यता प्राप्त गरिसकेको अवस्थामा छन् । साहित्यमा देखिएको विधागत विविधतामा आयात गरिएका विधाहरूको उपस्थिति पनि सक्रिय देखिन्छ । यस्ता पाहुना विधाहरूको योगदानको अध्ययन तथा मूल्याङ्कनविना नेपाली साहित्य अपूरो अधुरो हुने निश्चितप्राय छ । नेपाली साहित्यको इतिहासको कालक्रममा मूलत आधुनिक कालमा विभिन्न प्रयोग र नवीन प्रवृत्तिहरू देखापरेका छन् । यही समयमा विभिन्न नवीन

---

[३५] चेतनाथ धमला, **पूर्ववत्** २०६४, पृ. ६ ।

विधाहरूले प्रवेश गरेको पनि देख्न सकिन्छ । कतिपय यस्ता नवीन आयातित विधामध्ये ताङकाले साहित्यमा आफ्नै दरिलो सक्रियता देखाइसकेको छ ।

अन्य विधाहरू झैं ताङकामा पनि सामाजिक, राजनीतिक, आर्थिक, साँस्कृतिक, भौतिक, लैङ्गिक र जातीय चेतनाको क्षेत्रमा देखापरेका असङ्गति, अत्याचार, द्वन्द्व, कुण्ठा, निचता, स्वैच्छाचारिता आदि विषय सफल रूपमा व्यक्त भएका छन् । जापानी भाषाका ताङकाले पाठकलाई सन्तुष्टि प्रदान गरेर लोकप्रियता हासिल गरे जस्तै नेपाली ताङकाले पनि पाठकलाई आफूप्रति आकर्षित गर्दै आएको छ । स्रष्टाहरू ताङका सिर्जनामा जुट्नुकासाथै कृति प्रकाशन अभियानमा जुट्नुले पनि नेपाली साहित्यमा यसको उपस्थिति महत्त्वपूर्ण देखिन्छ ।

नेपाली साहित्यमा ताङकाले कहिले प्रवेश पायो भन्ने सन्दर्भमा विद्वानहरूबीच केही मतभिन्नताहरू देखिएका छन् । यस विषयमा ताङका समालोचक चेतनाथ धमलाले शङ्कर लामिछानेलाई नेपाली ताङकाका प्रथम प्रयोक्ताका रूपमा उल्लेख गरेका छन् । 'उनी जापानी शैलीको नेपाली हाइकु र ताङकाका प्रथम प्रयोक्ता पनि हुन् । त्यसैले उनलाई आदि हाइकु - ताङकाकार भन्नु उपयुक्त हुनेछ[३६] भनेर लेखेका छन् । तर हालसम्म शङ्कर लामिछानेको कुनै ताङका प्रकाशित भएको पाउन नसकिएकाले यो कुरो मान्न अर्काथरी विद्वानहरू सहमत देखिन्नन् । यस विषयमा चेतनाथ धमलाले प्रस्ट पार्ने कोसिस गरेका छन् । उनले कवि धनञ्जय भट्ट 'यत्न' को निजी टिप्पणी पुस्तकमा शङ्कर लामिछानेका केही ताङका र हाइकु रचना थिए - यत्नले मलाई ताङका र हाइकु पढाउने क्रममा केही नमुना २०५२ सालमा लेखाएका हुन्[३७] भनेर उल्लेख गरेका छन् । तर धनञ्जय भट्टको पनि मृत्यु भइसकेकाले यसमा सत्यता नरहेको ताङका विश्लेषक सगुन सुसारा र चन्द्र योङयाको टिप्पणी रहेको छ । उनीहरू शङ्कर लामिछानेले ताङका नलेखेको तर हाइकुको विश्लेषण गर्ने क्रममा ताङकाको चर्चा भने गरेको स्वीकार्छन् । चेतनाथ

[३६] **पूर्ववत्**, पृ. १३ ।

[३७] **पूर्ववत्**, पृ. १४ ।

धमलाको आफ्नो पुस्तक **'नेपाली ताङ्का सिद्धान्त र सिर्जना'** (२०६४) मा शङ्कर लामिछानेका तीनवटा ताङ्का राखिएका छन् । यसरी त्यो समयमा लामिछानेका कुनै ताङ्का प्रकाशित भएका पाइएका छैनन् । हालसम्मको अध्ययनमा प्रकाशनका रूपमा पाँचथरका युवा ताङ्काकार चन्द्र योङ्याको ताङ्का सर्वप्रथम **नूतन पाइला** (१:१, २०५८) पत्रिकामा देखिएको छ । यसैलाई आधार मानेर कति पय विद्वानहरू पाँचथरका युवा ताङ्काकारहरूबाट नेपाली भाषाको ताङ्का लेखिएको दावी गर्दछन् । यद्यपि यो एउटा अनुसन्धानको विषय अद्यावधी रहेको छ ।

मूलतः नेपाली साहित्यमा क्षेत्रप्रताप अधिकारीको **जापानी नवरत्न** ( २०४९- अनु.) **हिम, जून, फूल** (२०५१- अनु.) र **जापानी साहित्यको इतिहास** (२०५५) पुस्तकहरूको प्रकाशनपछि ताङ्काको लेखनारम्भ भएको देखिन्छ । यी पुस्तकाकार कृतिको अध्ययनपश्चात युवा स्रष्टाहरू ताङ्का सिर्जना कार्यमा जुटेका पाइन्छन् । ताङ्का लेखन तथा प्रकाशन र यसको विकास प्रक्रियामा युवा स्रष्टाको महत्त्वपूर्ण योगदान रहेको छ । यो प्रयासमा स्थापित लेखकहरूको सक्रिय उपस्थितिले ताङ्काको भविष्य उज्ज्वल देख्न सकिन्छ । आज ताङ्का सिर्जना कर्ममा नयाँ तथा पुराना सर्जकहरूको लामो ताँती देखिसकिएको छ । ताङ्कामा रमाउने स्रष्टाका निमित्त यो निक्कै सुखद विषय हो ।

नेपाली साहित्यमा ताङ्काको विकास प्रक्रियालाई दुई भागमा बाँडेर अध्ययन गर्नु उपयुक्त देखिन्छ ।

१. प्रारम्भिक चरण – वि.सं. सुरुदेखि २०५९

२. विकास चरण – वि.सं. २०६० - हालसम्म

### ३.१.२.१ प्रारम्भिक चरण

सुरुदेखि वि.सं.२०५९ सालसम्मको समयावधिलाई नेपाली ताङ्काको ऐतिहासिक विकासमा पूर्वार्ध चरणको रूपमा लिइएको छ । यस चरणमा ताङ्का सम्बन्धमा गरिएका चर्चा परिचर्चा तथा लेखन अभ्यासको चरण हो ।

यस चरणमा जापानी ताङ्काबारे विभिन्न विद्वानबाट विधागत चिनारी दिने कार्य भएको पाइन्छ । यसरी ताङ्का विधाको सम्बन्धमा चर्चा परिचर्चा गर्ने कार्यमा नेपाली हाइकुका संस्थापक शङ्कर लामिछानेले तत्कालीन नेराप्रप्रबाट प्रकाशित **'विश्व साहित्यको रूपरेखा'** (२०३०) नामक सम्पादन गरिएको ग्रन्थमा हाइकु, ताङ्का, सेदोका र सेन्यू लगायतका कविताको संक्षिप्त विश्लेषण गरेका छन् । त्यसैगरी राधेश्याम लेकालीद्वारा सम्पादित **'कदर'** ( २०३८) साहित्यिक पत्रिकामा प्रमोद प्रधानले आफ्नो हाइकु लेखमा ताङ्का शब्दको प्रयोग गरेका छन् । साझा प्रकाशनबाट प्रकाशित अभि सुवेदीको **'जापानी हाइकु हिजो र आज'** (२०४४) मूलतः हाइकु सम्बन्धी पुस्तक भएतापनि ताङ्काका निमित्त महत्त्वपूर्ण देखिन्छ । यसमा अभि सुवेदीले ताङ्कालाई ५,७,५ र ७,७ अक्षरको हाइकाइ भनेर चिनाएका छन् । त्यसैगरी अनुवादक भुवनलाल प्रधान र सम्पादक चित्तरञ्जन नेपाली रहेको **'जापानी इतिहास'** (२०४५) पुस्तकमा ताङ्काको परिचय भेटिन्छ ।

त्यस्तै ताङ्काको अनुवाद र सैद्धान्तिक चर्चाको विषयमा महत्त्वपूर्ण योगदान पुऱ्याउनेमा अग्रज कवि क्षेत्रप्रताप अधिकारीको नाम अग्रपङ्तिमा आउँछ । उनले '**जापानी नवरत्न**' (२०४९ - अनु.) **हिम, जून, फूल** (२०५१- अनु.) र '**जापानी साहित्यको इतिहास**' (२०५५) पुस्तकहरूमा जापानी भाषाका मौलिक ताङ्काहरूको नेपालीमा अनुवाद गर्नुका साथै ताङ्काको परम्परा तथा सैद्धान्तिक विश्लेषण समेत गरेका छन् । उनले तांका शब्दको प्रयोग गरेका छन् । त्यसरी नै भिक्टर प्रधानको **'चिनियाँ साहित्यको दिग्दर्शन'** (२०५१) पनि उल्लेखनीय पुस्तकको रूपमा रहेको छ । वी.के. पाल्पालीले **'हाइकु साहित्य र सैद्धान्तिक अवधारणा'** नामक सङ्ग्रहमा हाइकु र ताङ्काको चर्चा गरेका छन् । त्यस्तै विभिन्न नवीन ताङ्का कृतिहरूमा भूमिका लेखनका माध्यमबाट ताङ्काको सैद्धान्तिक विश्लेषण गर्नेमा पुष्कर लोहनी र रामकुमार पाँडेको नाम उल्लेखनीय रहेको छ । उनीहरूको विभिन्न ताङ्का सङ्ग्रहमा जापानी ताङ्काको परम्पराबारे चर्चा गरेका छन् ।

त्यसरी नै मोफसलमा बसेर खासगरी नेपालको पूर्वाञ्चलमा ताङकाको सैद्धान्तिक विश्लेषण गर्दै ताङका लेखन अभियान सञ्चालन गर्ने स्रष्टामा सगुन सुसाराको नाम अग्रपङ्तिमा देखिन्छ । उनले मोफसलका पत्रपत्रिकामा ताङका चर्चा गर्नुकासाथै ताङका लेखन अभियान चलाएर यसमा महत्त्वपूर्ण योगदान दिएका छन् । यसरी विभिन्न पत्रपत्रिकामा ताङकाको व्याख्या र विश्लेषण गर्नेहरूमा चन्द्र योङया, मेदिनी पाइअस, ताराहाङ तावा, चेतनाथ धमला, धिरज गिरी कल्पित, समीर, रामदयाल राकेश, मधुसुदन गिरी, बुलु मुकारुङ, राज माङलाक, विष्णु संगम आदिको नाम महत्त्वपूर्ण रहेको छ ।

यस्तै प्रकारले सामाजिक, राजनीतिक, आर्थिक र साँस्कृतिक क्षेत्रमा देखापरेको अनियमितता, हिंसा, हत्या, बलात्कार, असङ्गति, अभाव, अन्याय, अत्याचार,रोग, भोक, शोक, पीडा, शोषण, दमन, हेपाहा प्रवृत्ति, र मानवीय संवेदनारहित जीवन, एक अर्कामा खुट्टा तान्ने जस्ता खराब प्रवृतिहरूलाई केन्द्रीय विषयवस्तु र भाव बनाई ताङका लेख्ने यस पूर्वार्द्ध चरणका सर्जकहरूमा – धनञ्जय भट्ट यत्न, राजु तुम्बापो सुधा, सुनिल अन्जान, पदम नेम्बाङ, देवेन्द्र लाओती 'पराभूत', पदमेश थुलुङ, वसन्तकुमार बस्नेत, पृथराज थेगिम, कृष्ण बान्तवा, पराजित, सविना कन्दङवा, सोम सुब्बा सम्बाहाम्फे, उदय अपेक्षा, लेखनाथ सिकारु, समीर, अन्योल नरेन्द्र केरुङ, अरुणा राई, नवीन लोयम, श्रीजङ राई, वन्दना राई, मिलन राई, देवेन्द्र खालिङ राई, खड्गनारायण आङ्देम्बे, चेतनाथ निरौला, इन्द्रजीत लावती, मनिला राई, राजेन्द्र नेम्बाङ, ईश्वर अन्जान भट्टराई, निशेष सुब्बा, राजकुमार खड्का, गजेन दासी, शोभा बुढाथोकी, कुवेरमान थेगिम, मदन रोदन तुम्वापो, वसन्तहाङ आङदेम्बे, खेमराज मायालु , रिङका राई, राधा सुब्बा, कविता राई आदि पर्दछन् । यस चरणका स्रष्टाहरूमा लेखानाभ्यास समयका ताङकाहरू प्रसस्त रहेका छन् भने केही लेखकका उत्कृष्ट ताङकाले नेपाली साहित्यमा दरिलो उपस्थिति देखाएको छ ।

यसैगरी नेपाली ताङकाको विकासक्रमको पूर्वार्ध चरणमा यसको विधागत अभ्यासकोनिम्ति भूमिका खेल्ने मुख्य कारक तत्त्वहरूमा ताङकाकारहरूका साथसाथै विभिन्न पत्रिकाहरू खास गरेर मोफसलका गोजिका, हवाई, तथा लघुपत्रिकाको भूमिका महत्त्वपूर्ण मानिन्छ । यस्ता पत्रिकामा **'साहित्य चौतारी'** (२०५९) को योगदान अग्रपङ्तिमा देखिन्छ । यसले २०५९ सालमै ताङका विशेषाङ्क प्रकाशित गरेको छ । यसमा सगुन सुसाराको लेख 'सेरोफेरोमा केही ताङका' मा ताङकाको छोटो रूपमा विश्लेषण गरिएको छ । यस पत्रिकाका सम्पादक वसन्तकुमार बस्नेत रहेका छन् । त्यस्तै अन्य पत्रिकाहरूमा नन्द नेम्बाङको सम्पादनमा पाँचथरबाट प्रकाशित **नूतन पाइला** (२०५८), राजु सुधा तम्बापोको सम्पादनमा पाँचथरबाटै प्रकाशित **आगमन** (२०५९) र ताराहाङ तावाको सम्पादनमा पाँचथरबाटै प्रकाशित **प्रस्थान** (२०५९) रहेका छन् । त्यस्तै प्रेम प्रभातको सम्पादनमा इलामबाट प्रकाशित **प्रभात** (२०५९) पद्मेश थुलुङको सम्पादनमा पाँचथरबाट प्रकाशित **मेचीकाली** (२०५९) राज माङलाकको सम्पादनमा पाँचथरबाट **साहित्यिक आँखीझ्याल**, राजेश विद्रोही सम्पादक रहेको धरान, सुनसरीबाट **शब्दास्त्र** (२०५९) यावारा अटल, सचित राई, कृष्ण अभागी, अशोककुमार वान्तवा सम्पादक मण्डल रहेको इलामबाट प्रकाशित **इशारा** (२०५९) त्रिचन्द्र श्रेष्ठ प्रतीक्षा सम्पादक रहेको काठमाडौंबाट प्रकाशित **प्रतीक्षा** (२०५९) उदय अपेक्षा सावदेन प्रधान सम्पादक रहेको पाँचथरबाट प्रकाशित **चाँदनी** (२०५९) पनि उल्लेखनीय रहेका छन् । त्यसरी नै अर्जुन निर्दोष गिरीको सम्पादनमा दाङबाट प्रकाशित **बिम्ब प्रतिबिम्ब** (२०५९) निर्दोष डेविटको सम्पादनमा कैलालीबाट प्रकाशित **अणीमा** (२०५९) आदि महत्त्वपूर्ण रहेका छन् ।

### ३.१.२.२ विकास चरण

ताङकाको ऐतिहासिक विकासक्रममा वि.सं. २०६० देखि हालसम्मको अवधिलाई उत्तरार्ध चरणको रूपमा लिइएको छ । वि.सं. २०६० सालबाट नै नेपाली साहित्यमा अत्यधिक स्रष्टाले ताङका सिर्जना गर्न सुरु गरेका छन् भने यही सालमा ताङका सङ्ग्रहको प्रकाशन आरम्भ भएको तथा कृति प्रकाशनमा समेत तीव्रता आएका कारणले यसलाई विकास चरण मान्न उपयुक्त देखिन्छ । नेपाली ताङकाको विकासक्रममा हालसम्म प्राप्त कृतिहरूमा वि.सं.२०६० सालमा राज माङलाकको **'धूवाँका धुन**हरू' प्रकाशित भएको देखिन्छ । यस सङ्ग्रहमा प्राकृतिक सौन्दर्य र अभावग्रस्त नेपाली ग्रामीण परिवेशको राम्रो चित्रण गरेको पाइन्छ । स्पष्ट सम्प्रेषण प्रेमप्रणय र वासनाले युक्त ती ताङकाहरू मूलत विरोधाभास, शून्यता र आशययुक्त छन् । यस सङ्ग्रहमा राष्ट्रप्रेम र देश भक्तिपूर्ण स्वरहरू रहेका छन् । समयसापेक्ष ढङ्गबाट ताङकाहरू सिर्जना गरिएका छन् ।

यसै चरणमा राजकुमार तेयुङको हवाई सङ्ग्रह प्रकाशित भएको देखिन्छ । वि.सं.२०६१ सालमा **'गाउँ वेंसीमा रोइरहेका आवाजहरू'**- राजकुमार तेयुङ लिखित (हवाई - ४ पेज वा दुई पाताको) सङ्ग्रहको रूपमा प्रकाशित भएको पाइन्छ । जसमा चौतीसवटा (तीन पेजमा) ताङका नाम दिएर राखिएका छन् । त्यसो त यस पर्चा सङ्ग्रहको प्रकाशन साल केही हालिएको छैन । तापनि यो वि.सं. २०६१ सालमा प्रकाशित भएको हो । प्रथम हवाई ताङका संङ्ग्रह भनिएतापनि यो हवाई आकारमा प्रथम भनिएको हो । ताङका सङ्ग्रहका रूपमा यो दोस्रो सङ्ग्रहको रूपमा रहेको छ ।[३८] उनले यसमा सङ्ग्रहीत ताङकामा जीवनको मूल्य, सामाजिक जीवनमा देखिएका युद्ध, सन्त्रास, अनियमितता, ईर्ष्या, देखावटीपन,रुढी जस्ता विकृति, विसङ्गतिलाई चित्रण गर्न सफल रहेको देखिन्छ ।

---

[३८] राज माङलाक, **ताङका विशेषाङ्क र साहित्य चौतारी,** १:१ २०६२, पृ. ३ ।

त्यसैगरी वि.सं. २०६१ सालमा चन्द्रकला शाहले **'आँधी आएर'** पुस्तक प्रकाशन गरेका छन् । हुन त यो सङ्ग्रह हाइकु र ताङका विधाको संयुक्त पुस्तकाकार कृतिको रूपमा रहेको छ । यस पुस्तकमा उनका १२० ओटा ताङका रचनाहरू सङ्गृहीत छन् । उनले कुनै पनि अवस्थामा नारी पुरुषबीचमा हुने प्रेम विषयक द्वन्द्व, आवेग र संवेगलाई सुन्दर रूपमा ताङकामा सजाएका छन् । सङ्ग्रहबद्ध विभिन्न ताङकाहरूमा मानिसको अर्थहीन खोक्रो आडम्बरीपना, जिउनुको विवशता तथा नियतिको सिकार र तुच्छ अभिमानप्रति तीव्र क्षेपण गरिएको छ । यस सङ्ग्रहमा कतिपय ताङकाहरूले तात्कालिक परिवेशका मानवीय लाछीपना, निरीहताप्रति आलोचना गर्दै परम्परागत मूल्यहीन संस्कारले जकडिएको वर्तमान समाजका मानवीय प्रवृतिहरूमाथि बिम्बात्मक शैलीमा प्रस्तुत गरेका छन् चन्द्रकला शाहले ।

ताङका सङ्ग्रह प्रकाशन क्रममा वि.सं.२०६२ सालमा **"फूलको वर्षा"** नामक ताङका सङ्ग्रहको प्रकाशन विष्णुबहादुर सिंहले गरेका छन् । नेपाली साहित्यमा कविता, गीत, कथा, नियात्रा, मुक्तक, हाइकु आदि बहुविधाका स्रष्टा हुन विष्णुबहादुर सिंह । उनी ताङका लेखनमा अग्रणीहरू मध्येमा पर्दछन् । उनको 'फूलको वर्षा' सङ्ग्रहमा २५२ ताङकाहरू सङ्ग्रहीत रहेका छन् । उनले यसमा प्रकृतिको सूक्ष्म सौन्दर्यको चित्रण गर्नुका साथै मानवीय विडम्बनालाई व्यङ्ग्यपूर्ण रूपमा प्रस्तुत गरेका छन् । मानव जीवनका आयामिक क्षणहरू, प्रकृति र प्रेमका शृङ्गारीक सौन्दर्य परीक्षणहरू यस सङ्ग्रहमा पाइने ताङकाका विशेषता हुन् । ग्रामीण जनजीवन, अभाव र भोकमरी, प्राकृतिक छटा, मिथक, समाज र संस्कृतिसँग नजिक पुगेर अनुभूत गरी सिर्जना गरिएका ताङकाहरू सशक्त छन् । दर्शनका भाव पनि ताङकामा अभिव्यक्त भएको पाइन्छ । नेपाली ताङका विकासमा विष्णुबहादुर सिंह 'फूलको वर्षा' महत्त्वपूर्ण कृति रहेको छ ।

यसै क्रममा शशि भण्डारीले २०६२ सालमै **'डाँडावारिको घाम'** ताङका सङ्ग्रह प्रकाशित गरेका छन् । यस सङ्ग्रहमा अठ्ठाइसौ फन्को सम्ममा ३३६ वटा ताङका रहेका छन् । यहाँ प्रेमप्रणय जीवनका उकाली ओरालीहरू,प्रतीक्षा

र प्राप्तिहरू सशक्त रूपमा पाइन्छन् । सृष्टिको सनातन सत्य यौनजन्य अवयवको आकर्षण र विकर्षण ताङकाका गहना हुन् । उनले जीवन संस्कृति र विश्वप्रकृतिलाई अँगालेर ताङका सिर्जना गरेका छन् । मानिस र प्रकृतिको केस्रा केस्रा केलाएको अनुभूत हुन्छ उनका ताङकामा । मानिसको आन्तरिक संवेदनालाई समातेर चिन्तनको गहिराईमा पुगी भाव सम्प्रेषण गर्न सक्ने क्षमता शशि भण्डारीसँग रहेको छ । जीवनको मूल्य, सामाजिक जीवनमा देखा पर्ने विभिन्न किसिमका विविधताहरूको चित्रण 'डाँडावारिको घाम' सङ्ग्रहमा प्राप्त गर्न सकिन्छ । यसमा भण्डारीले 'तान्का' सङ्ग्रह भनेका छन् ।

अर्का ताङकाकार अमर त्यागीले वि.सं.२०६२ मा **'अभियुक्त ईश्वर'** ताङका सङ्ग्रह प्रकाशित गरेका छन् । उनले यस पुस्तकमा १२४ वटा सुन्दर ताङकाहरू समेटेका छन् । ताङकाकार त्यागीका ताङकामा भावगत तीक्ष्णता र सौन्दर्यविधानको तीव्रता उत्तिकै प्राप्त गर्न सकिन्छ । प्राकृतिक सौन्दर्य र मानव जीवनको मोहकताकासाथै राष्ट्ररागको ओज त्यत्तिकै गहन रूपमा सजिएका छन् भने समयुगीन बृहत्तर सामाजिक ढाँचामा अन्तर्निहीत विसङ्गति एवं मूल्यविधान तथा बहुल मानवीय पीडाचक्रतर्फ सङ्केतित भाव भूमिका उनका ताङकामा पाइने मौलिक विशेषता हो । कवि त्यागीको अभियुक्त ईश्वरभित्र यिनै भावभूमिमा  ताङकाहरू सजिएका छन् ।

यसैगरी वि.सं. २०६२ सालमा शान्तिनारायण श्रेष्ठले **'अनावरण'** ताङका सङ्ग्रह प्रकाशित गरेका छन् । उनले यस पुस्तकमा १८० वटा ताङकाहरू सङ्गालेका छन् । कवि श्रेष्ठको अधिकांश ताङका ग्रामीण जनजीवनका रसयुक्त रहेका छन् । विभिन्न ताङकामा प्रकृति र प्रणयका गीत नै बढी गाइएका छन् । मन धुने, मन छुने र मन समाउने रचनाहरू नै यस सङ्ग्रहमा प्रसस्त रहेका छन् । अनावरणमा समाजका व्याप्त हिंसा, द्वन्द्व, गरिबी, शोषण, अन्याय र नियतिको चक्रमा फसेका मानवीय भोगाइको रहस्योद्घाटन गर्न उद्यत ताङकाहरू प्रस्तुत गरिएका छन् ।

त्यस्तै ताङका लेखनलाई सक्रिय रूपमा अघि बढाउने सशक्त कविको नाम विष्णु संगम पनि हो । उनले २०६३ सालमा **'आलिङ्गनका स्वरहरू'** ताङका सङ्ग्रह प्रकाशित गरेका छन् । घरायसी समस्या, ग्रामीण सङ्कटावस्था, पीडा, मानवीय दुष्प्रवृत्ति, सांस्कृतिक आकर्षण, प्रेम विषयक घटना र अनुभूति अनि सामाजिक, आर्थिक समस्या आदि विषय समेटिएको यस सङ्ग्रहमा ग्रामीण जनजीवनका सुख, दुःख,घटना परिघटनाहरू समावेश छन् । कवि संगम यस कृतिमा प्राकृतिक तथा सांस्कृतिक ग्रामीण जीवनका मिथक, बिम्ब तथा प्रतीकले ताङकाहरू सजाएर सुन्दर, उत्कृष्ट र सशक्त पारेका छन् ।

यस क्रममा वि.सं. २०६३ मा वैरागी जेठाले **'शची शोक'** ताङका काव्य प्रकाशित गरेका छन् । नेपाली ताङका इतिहासमा यस विधामा काव्य नै तयार गरिएको यो पहिलो सङ्ग्रह हो । यसमा शची ११ वर्षको कलिलो उमेरमै मृत्युवरण गरेको कारुणिक कथा बुनिएको छ । शचीका बाबु र आमा पुत्री वियोगको विरह र व्यथाले शोकमग्न अवस्थामा रहेका छन् यस कव्यमा । यो कलिलै उमेरमा भाग्यको विडम्बना आशाका केन्द्रका रूपमा परिवारभित्र खुड्किला चढ्दै गरेकी शचीको मृत्युले भयावह स्थिति सिर्जना गरेको छ । ताङकाका शब्द गुच्छामा कवि वैरागी जेठाले शोक काव्य नै तयार गरेर अर्को महत्त्वपूर्ण कार्य गरेका छन् ।

त्यसैगरी वि.सं.२०६३ सालमा मोहनबहादुर कायस्थ **'विस्कुन'** ताङका सङ्ग्रह लिएर उपस्थित भएका छन् । उनले यसमा समाजका समसामयिक विकृति, विसङ्गति र अनियमिततालाई सारगर्भित रूपमा यस सङ्ग्रहमा प्रस्तुत गरेका छन् । यस क्रममा केशव आचार्यले **'छायाँ कुल्चेर'** नामक ताङका सङ्ग्रह प्रकाशित गरेका देखिन्छन् ।

यसै चरणमा देखिएका अर्का प्रतिभा हुन रमेश शुभेच्छु लुइँटेल । उनले वि.सं. २०६४ सालमा खिचडी सङ्ग्रहको रूपमा **'बगैंचा'** नामक पुस्तक प्रकाशित गरेका छन् । यसमा उनले कविता, गीत, मुक्तक, रुवाई,ताङका र हाइकुलाई समेटेका छन् । यस सङ्ग्रहमा १२ वटा ताङका समेटिएका छन् ।

समाजमा विद्यमान अन्याय, अत्याचार, राजनीतिका विकृत क्रियाकलाप आदि विषयवस्तु समेटेर ताङका सिर्जना गरिएका छन् ।

वि.सं. १९९३ सालमा नै जन्मिएर आफ्नो पछिल्लो समय ताङका सिर्जना कर्ममा लगाएका अघिल्ला पुस्ताका निर्मलकुमार रिमाल नेपाली ताङका क्षेत्रका निम्ति महत्त्वपूर्ण व्यक्तित्व हुन् । उनले वि.सं. २०६५ सालमा **'विरान बस्ती'** ताङका सङ्ग्रह प्रकाशित गरेका छन् । यस सङ्ग्रहमा ८९४ वटा ताङकाहरू सङ्ग्रहित गरेका छन् । हालसम्म प्रकाशित पुस्तकहरू मध्ये सबैभन्दा धेरै ताङका भएको यो नै पहिलो पुस्तक बन्न पुगेको छ । यस सङ्ग्रहमा सामाजिक, आर्थिक, राजनीतिक विकृति विसङ्गतिपूर्ण यथार्थलाई उतारिएका ताङकाहरू समेटिएका छन् ।

नेपाली ताङकाको समालोचनात्मक पुस्तकाकार कृति चेतनाथ धमलाले वि.सं.२०६४ सालमा **'नेपाली ताङका सिद्धान्त र सिर्जना'** नामक पुस्तक प्रकाशित गरेका छन् । यसमा जापानी ताङका परम्परा र वि.सं.२०६४ साल सम्मको नेपाली ताङका विकास प्रक्रियाका बारेमा व्याख्या र विश्लेषण गरेका छन् । नवोदित ताङका स्रष्टाहरूको चर्चा यस संग्रहमा गरेर केही ताङकाकारको ताङकाहरू पनि यस पुस्तकमा राखिएका छन् । यो ताङकाको सैद्धान्तिक व्याख्या र विश्लेषण गरिएको महत्त्वपूर्ण पुस्तकको रूपमा रहेको छ ।

त्यस्तै प्रकारले सङ्ग्रह प्रकाशन नगरेका तर ताङका सिर्जना कर्ममा लागि परेका स्रष्टाहरू पनि धेरै नै रहेका छन् । नेपाली ताङका विकासका निम्ति उनीहरूको योगदान महत्त्वपूर्ण रहेको छ । सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक क्षेत्रमा देखापरेका अनियमितता, हिंसा, हत्या, बलात्कार, असङ्गति, अभाव, अन्याय, अत्याचार, रोग, भोक, शोक, पीडा, शोषण, दमन, हेपाहा प्रवृत्ति, र मानवीय संवेदनारहीत जीवन, एक अर्कामा खुट्टा तान्ने जस्ता खराब प्रवृत्तिहरूलाई ताङकाको केन्द्रीय विषयवस्तु र भाव बनाई ताङका लेख्ने यस उत्तरार्ध चरणका अन्य सर्जकहरूमा रूपा लाओती, दीला मुक्साम, तारा लाओती, मञ्जुल सुनुवार, राम दुःखी आङ्देम्बे, लक्ष्मीहाङ

चेम्जोङ, हेटनारायण रम्तेल, अरविन अविरल, देवी याङ्सा लाओती, विनोद कुगेनाम्बा, इन्दु फोम्बो, भावना राई, सपना रम्तेल, समीप साम्पाङ, दीपक सुवेदी, मनु लिम्बू, एल. वि. नेम्बाङ, आर.के. अदिप्त गिरी, श्याम संकल्प, शेरबहादुर भुजेल निर्दोष, मोहन प्रसाद अर्याल, सन्दिप झझल्को राई, शोभित लक्सम, इन्द्रसुर वेल्टारे, चन्द्र पन्दाक, रत्न समशेर थापा, मणि लोहनी, अशोक सुब्बा, माया मोक्तान, रविन सेलिङ, विमल कार्की, सरण निष्ठुरी, उमेशचन्द्र सम्बाहाम्फे, एम. पी. आस्था, सुनिता कार्की, संजोग प्रेमी शेर्मा, कोपिला मुखिया, राजेन्द्र साम्पाङ, आशिष राई, पार्वता पोमु, सपना पोमु, सृजना चट्याङ पारघारी, नवीनय सूर्य, उदासी पान्थरे कान्छा, अतित माखिम, पुरण कटुञ्जेली, डम्बर लोरिङ्देन, अमृता थापा, देवी साम्पाङ राई, रमेश थापा, पुष्पराज पहाडी, सुन्दर अल्पभाषी, नवीन सोल्टी, निराजन वतास, सुरेश काफ्ले, जमुना लामिछाने, सीता पिरती, शोभा बुढाथोकी, रुपिन्द्र प्रभावी, श्याम थापा मगर, निरञ्जन बम, योजना सुब्बा, सुनिल अन्जान, अम्बर प्रसाद रिजाल, अमृत शर्मा, उज्वल जि.सी., कुमार खरेल, कृसु क्षेत्री, गणेश राई, गोपीकृष्ण ढुङ्गाना, गोवर्द्धन पूजा, तीर्थराज वन्त, दया खड्गी, दिव्य गिरी, तीर्थकुमारी वाइवा, दिलिप दोषी, प्रकाश पौडेल माइला, मञ्जुल सुनुवार, मधुसुदन गिरी, मनोज न्यौपाने, मुरारीप्रसाद सिग्देल, मिलन समीर, मित्रवन्धु पौडेल, युवराज गैरे, राजेन्द्र बहादुर श्रेष्ठ, रेणुका भट्टराई, फूलमाया सुभारा, फूल विश्वास, सन्तकुमार निर्दोषी, श्यामु गुञ्जन ......आदि रहेका छन् ।

त्यसरी नै नेपाली ताङकाको विकासमा विभिन्न पत्रपत्रिकाको महत्त्वपूर्ण योगदान रहेको छ । विकास चरणमा आएर ताङका प्रधान पत्रिका प्रकाशित भएका छन् भने विभिन्न साहित्यिक पत्रपत्रिकाले ताङका विशेषाङ्क प्रकाशित गरेर अतुलनीय योगदान दिएका छन् । यस चरणमा आएर राष्ट्रिय स्तरका पत्रपत्रिकाले पनि चासोकासाथ ताङका प्रकाशनमा जोड दिएका छन् । चेतनाथ धमला प्रधान सम्पादक रहेको काठमाडौंबाट प्रकाशित '**नेपाली ताङका**' (२०६१) प्रथम ताङका प्रधान पत्रिका हो । तर यो एक अङ्क प्रकाशित भएपछि बन्द भएको छ । त्यसैगरी मेदिनी पाइअस सम्पादक रहेको पाँचथरबाट

प्रकाशित भएको '**साहित्यिक ताङका**' (२०६२) ताङका प्रधान अर्को पत्रिका हो । यो पनि एक अङ्क प्रकाशित भएपछि बन्द भएको देखिन्छ । एकएक अङ्क मात्र प्रकाशित भएपनि यस विधाको स्वतन्त्र पहिचान स्थापित गर्न दिएको योगदानको ऐतिहासिक महत्त्व उल्लेखनीय देखिन्छ ।

यसरी नै ताङका विशेषाङ्क प्रकाशित गर्ने लघुआकारका पत्रिकाहरूमा – वसन्तकुमार बस्नेतको सम्पादनमा पाँचथरबाट प्रकाशित **साहित्य चौतारी** (१:३, २०५९), विष्णु संगमको सम्पादनमा इलामबाट प्रकाशित **संगम** (५:२:२६, २०६२), चेतनाथ धमलाको सम्पादनमा काठमाडौंबाट प्रकाशित **कौशिकी** (८:२:२२,२०६३) र मंगल वेघाको सम्पादनमा पाँचथरबाट प्रकाशित **कटाक्ष** (८:२०६६) आदि रहेका छन् । यसैगरी ताङकालाई महत्त्वपूर्ण स्थान दिएर प्रकाशन गर्ने पत्रिकाहरूमा – युवराज गौतम सम्पादक रहेको काठमाडौंबाट प्रकाशित **मधुपर्क** (२०६०) प्रेम कन्दङवा मौसम सम्पादक रहेको तेह्रथुमबाट प्रकाशित **गाउँले सङ्गालो** (२०६१) उदासी पान्थरे कान्छा सम्पादक रहेको इलामबाट प्रकाशित साहित्यिक **सारङ्गा** (२०६२), सुविसुधा आचार्य सम्पादक रहेको काठमाडौंबाट प्रकाशित **अन्तरिक्ष** (२०६३), सीता पिरती सम्पादक रहेको ताप्लेजुङबाट प्रकाशित **दर्पण** (२०६०) आदि पर्दछन् ।

यसरी बेलाबेलामा विभिन्न व्यक्ति तथा संघसंस्थाहरूबाट ताङका विधाको समय सापेक्ष साहित्यिक महत्त्वलाई उजागर गर्दै यसको ऐतिहासिक विकासमा योगदान दिएका छन् । सामान्यतया नेपाली साहित्यमा ताङकाको सुरुवात आधुनिक कविताको समसामयिक चरणको ५० को दशकसँगसँगै देखा परेको ताङका लेखन परम्पराले वि.सं.२०५७/५८ सालबाट यसले आफ्नो ऐतिहासिक यात्राको प्रारम्भ गरेको देखिन्छ । यसलाई आधार मानेर हेर्दा हालसम्म नेपाली ताङकाको ऐतिहासिक परम्पराले त्यति लामो समय गुजारी सकेको छैन तर यस क्षेत्रमा लागेका उत्साही स्रष्टाहरूको कृति प्रकाशनमा देखिएको तीव्रताले चाँडै अन्य विधाको दाँजोमा उत्रिन सक्ने देखिन्छ । यस विधातर्फ सम्बद्ध, प्रतिबद्ध लेखकहरू सशक्त रूपमा देखा परेका छन् र

महत्त्वपूर्ण साहित्यिक संघ संस्था तथा प्रकाशन संस्थाहरूले पनि यसको युगानुकूल साहित्यिक महत्त्वलाई बुझेर पृथक मूल्य र मान्यताको लागि सक्रिय प्रयास गरेको पाइन्छ ।

नेपाली ताङ्काको ऐतिहासिक विकासक्रममा देखा परेका कृति, तथा ताङ्का प्रधान पत्रिकाहरू यसरी प्रस्तुत गरिएको छ ।

**प्रमुख नेपाली ताङ्का कृतिहरू:**

| क.सं. | ताङ्का कृति | लेखकको नाम | प्रकाशन वर्ष | कैफियत |
|---|---|---|---|---|
| १. | धूवाँका धुनहरू | राज माङलाक | वि.सं. २०६० | |
| २. | गामवेंशीमा रोइरहेका आवाजहरू | राजकुमार तेयुङ | वि.सं. २०६१ | |
| ३. | फूलको वर्षा | विष्णुबहादुर सिंह | वि.सं. २०६२ | |
| ४. | डाँडावारिको घाम | शशि भण्डारी | वि.सं. २०६२ | |
| ५. | अनावरण | शान्तिनारायण श्रेष्ठ | वि.सं. २०६२ | |
| ६. | अभियुक्त ईश्वर | अमर त्यागी | वि.सं. २०६२ | |
| ७. | आलिङगनका स्वर | विष्णु संगम | वि.सं. २०६३ | |
| ८. | शची शोक | वैरागी जेठा | वि.सं. २०६३ | |
| ९. | बगैंचा | रमेश शुभेच्छु | वि.सं. २०६४ | |
| १०. | विरान बस्ती | निर्मलकुमार रिमाल | विं सं. २०६५ | |

**नेपाली ताङका समालोचना पुस्तकहरू**

| क्र.सं. | पुस्तकको नाम | लेखकको नाम | प्रकाशन वर्ष | कैफियत |
|---|---|---|---|---|
| १. | नेपाली ताङका सिद्धान्त र सिर्जना | चेतनाथ धमला | वि.सं. २०६४ | |
| २. | जापानी छन्दमा नेपाली कविता | डा.बमबहादुर थापा जिताली | वि.सं. २०६४ | |

**नेपाली ताङका प्रधान पत्रिकाहरू**

| क्र.सं. | पत्रिकाको नाम | सम्पादक | प्रकाशन वर्ष | कैफियत |
|---|---|---|---|---|
| १. | नेपाली ताङका | चेतनाथ धमला | वि.सं. २०६१ | |
| २. | साहित्यिक ताङका | मेदिनी पाइअस | वि.सं २०६२ | |

# चौथो परिच्छेद

# नेपाली साहित्यका प्रमुख ताङकाकारहरूको संक्षिप्त परिचय र तिनका कृतिको अध्ययन

## ४.१ ताङकाकारको परिचय

दिक्काल (Time and Space) को परिवेशभित्र घट्ने सम्पूर्ण किसिमका मानवीय तथा मानवेतर कृयाकलाप वा घटनाहरूको क्रमबद्ध अध्ययन इतिहासमा हुन्छ र यही दिक्कालकै परिधिमा सम्पूर्ण घटनाहरूको विकास प्रक्रिया अघि बढेको हुन्छ । यसर्थ मानवकृत आख्यान साहित्यसित सम्बद्ध एक उपविधा ताङकाको पनि आफ्नै ऐतिहासिक परम्पराको नेपाली साहित्यमा विकास भएको छ । यसरी लोकप्रिय हुँदै आएको ताङका विधामा विभिन्न समयमा ताङकाप्रेमी सर्जक तथा ताङकाकारहरूले फुटकर एवं पुस्तकाकार कृति (ताङका सङ्ग्रह) को प्रकाशन गरिसकेका छन् । सुन्दर ताङका सिर्जना गर्ने तथा यसको सैद्धान्तिक व्याख्या र विश्लेषणमा लागि परेका तर सङ्ग्रहको रूप नदिएका ताङकाकारहरूको योगदान सबैभन्दा महत्त्वपूर्ण रहेको छ ।

यसरी जापानी भाषा साहित्यमा उद्भव भएर नेपाली साहित्यसम्म आइपुग्दा ताङकाले केही पुराना मौलिक विशेषताहरू पनि लिएर आएको छ भने कतिपय नयाँ विशेषताहरू ग्रहण गरेको छ । खास गरी तल्लीन भएर मनले पढ्ने बानी छ जापानी पाठकमा । अथवा ताङकामा समाविष्ट साङ्केतिक बिम्ब र यो बिम्बले इशारा गरेका सूक्ष्म विन्दुहरू मनले छामेर स्वाद लिने मौलिक बानी जापानी पाठकमा पाइन्छ । यो बानीले ताङकाको निरन्तरता र लोकप्रियता बढाएको छ । यस बानीले काव्यकर्मीलाई सघाएको छ । साहित्यिक सहधर्मीलाई सघाएको छ ।[३९] यसरी जापानी ताङका रचनाहरू बिम्बका माध्यमबाट प्रेमप्रणयका अभिव्यक्तिहरू जीवन्त रहेको देखिन्छ । बिम्ब,

[३९] क्षेत्रप्रताप अधिकारी, **पूर्ववत्**, पृ. ४ ।

प्रतीक र अलङ्कारले नै ताङका घनीभूत हुने गर्दछ । यद्यपि नेपाली ताङकामा भने प्रेम प्रणयका भावका साथसाथै समसामयिक राजनैतिक दृश्य परिदृश्यहरूका विषयवस्तु पनि समेटिएका देखिन्छन् । समाजका राजनीतिक स्वार्थ, कुकृत्य, खुट्टा तान्ने प्रवृत्ति आदि समसामयिक घटना वस्तुले महत्त्व पाएको देखिन्छ । नेपाली ताङकामा कविताका प्रवृत्तिगत स्वभावहरू प्रसस्त भेट्न सकिन्छन् ।

यहाँ नेपाली ताङकाको क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएका ताङका स्रष्टाहरूको संक्षिप्त रूपमा अध्ययन गर्ने जमर्को गरिएको छ । नेपाली ताङकाको ऐतिहासिक विकास क्रममा ताङका कृति प्रकाशित भएपछि यसले महत्त्वपूर्ण रूपमा गति लिएको पाइन्छ । यसर्थ ताङका स्रष्टाहरूलाई कृति प्रकाशन, वरिष्ठता तथा महत्त्वपूर्ण योगदान र वर्णानुक्रमका आधारमा प्राथमिक क्रम मिलाएर अध्ययन गरिएको छ ।

### ४.१.१ राज माङलाक (२०३६)

नेपाली साहित्यमा राज माङलाक साधनारत नाम हो । उनी विभिन्न पत्रपत्रिकाको सम्पादन कार्यमा पनि संलग्न रहेका देखिन्छन् । उनले वि.सं. २०६० सालमा **'धूवाँका धुनहरू'** ताङका सङ्ग्रह प्रकाशित गरेका छन् । उनी नेपाली साहित्यमा भएको 'उत्तरवर्ती सोंच' आन्दोलनका संस्थापक मध्ये एक हुन् । पचासको दशकबाटै उनी ताङका साधनामा देखिएका छन् ।

उनका ताङकामा ग्रामीण जनजीवनका विषयवस्तु बिम्बात्मक र प्रतीकात्मक रूपमा प्रस्तुत गरिएका देखिन्छन् । प्राकृतिक सौन्दर्य र अभावग्रस्त नेपाली ग्रामीण परिवेशको राम्रो चित्रण उनले ताङकामा अभिव्यक्त गरेका छन् । स्पष्ट सम्प्रेषण, प्रेम प्रणय र वासनाले युक्त उनका ताङकामा मूलत विरोधाभास, शून्यता र आशययुक्त छन् । त्यहाँभित्रै राष्ट्रप्रेम र देशभक्तिको सुरिलो स्वरको क्षितिज छ भने हामीलाई पीडा र उत्पीडनमा पुऱ्याउने तत्त्वलाई कलात्मक रूपले व्यङ्ग्यवाण पनि गरेको देखिन्छ । उनका ताङकामा

सूक्ष्मता र जीवनको गति छ । जसले समयसापेक्ष ढङ्गबाट जीवन्त इतिहास कोर्ने प्रयास गरेका देखिन्छन् ।

### ४.१.२ राजकुमार तेयुङ

नेपाली ताङ्काको विकासमा राजकुमार तेयुङ महत्त्वपूर्ण प्रतिभा हुन् । यस क्षेत्रमा उनको महत्त्वपूर्ण योगदान रहेको छ । उनले वि.सं. २०६१ मा 'गाउँबेंसीमा रोइरहेका आवाजहरू' हवाई (४ पृष्ठको) ताङ्का सङ्ग्रह प्रकाशित गरेका छन् । उनले यसमा ३४ वटा ताङ्का राखेका छन् । यस पर्चा सङ्ग्रहको प्रकाशन साल केही हालिएको छैन । तापनि यो वि.सं. २०६१ सालमा प्रकाशित भएको हो । प्रथम हवाई ताङ्का सङ्ग्रह भनिएता पनि यो हवाई आकारमा प्रथम भनिएको हो । ताङ्का सङ्ग्रहका रूपमा यो दोस्रो रहेको छ । उनले यस सङ्ग्रहीत ताङ्कामा जीवनको मूल्य, सामाजिक जीवनमा देखिएका युद्ध, सन्त्रास, अनियमितता, ईर्श्या, देखावटीपन, रूढी जस्ता विकृति विसङ्गतिलाई चित्रण गर्न सफल रहेको देखिन्छ ।

### ४.१.३ विष्णुबहादुर सिंह (२००९)

नेपाली साहित्यका विविध विधामा कलम चलाएर स्थापित भइ सकेको नाम हो विष्णुबहादुर सिंह । उनका **देशको माटो** (कविता सङ्ग्रह) **ठाडाको दहमा** (गीत सङ्ग्रह) **आफ्नो विरानो** (लघुकथा सङ्ग्रह) **सलबलाउँछन् ओठहरू** (गजल सङ्ग्रह) **खुसीको यो आँशु** (गीत सङ्ग्रह) **इमान बेच्न पाइदैन** (कविता सङ्ग्रह) **इन्द्रेणी** (सप्तरङ्गी सङ्ग्रह) **तीस पाइला** (नियात्रा सङ्ग्रह) **अनुभूतिका सङ्ला पानाहरू** (मुक्तक सङ्ग्रह) **मौन वतास** (हाइकु सङ्ग्रह) **मुटुको ज्वाला** (गीत सङ्ग्रह) र **फूलको वर्षा** (ताङ्का संङ्ग्रह) गरेर एक दर्जन पुस्तक प्रकाशित गरिसकेका छन् । कवि सिंह ताङ्का लेखनमा वि.सं.२०६० सालदेखि क्रियाशील रहेका छन् ।

'फूलको वर्षा' नामक ताङ्का संङ्ग्रह वि.सं.२०६२ मा प्रकाशित गरिसकेका विष्णुबहादुर सिंहले आफ्ना ताङ्कामा प्रकृतिबोधक बिम्ब र

प्रतीकको माध्यमबाट समसामयिक र प्रेम प्रणयको विषयवस्तुलाई औधी सुन्दर रूपमा प्रस्तुत गरेका छन् । सरल र सिधा सम्प्रेषण उनको लेखनगत विशेषता देखिएको छ । ताङका सिर्जनामा जीवन पद्धतिलाई प्रेमपूर्वक अँगालेको देखिन्छ । फूलको वर्षा ताङका सङ्ग्रहमा उनले प्रकृतिको अगाध प्रेम र युगीन चेतनालाई संवादमा कुशलतापूर्वक उतारेका छन । यहाँ कतै व्यङ्ग्य, विद्रोह र क्रान्तिको विगुल फुकेका छन् भने कतै शृङ्गारिक प्रेमाकर्षणले ओतप्रोत ताङ्काको सिर्जना गरेका छन् । सिर्जनाहरू भावनात्मक र स्वच्छन्दतामा उनिएका भएतापनि जीवनचाहिँ कृत्रिमताविहीन छ भन्ने प्रस्ट अनुभूत गर्न सकिन्छ । उनले लोक जीवनको रङ आध्यात्मिक फन्को र राष्ट्रप्रेमलाई उत्तिकै महत्त्व दिएर प्रस्तुत गरेका छन् । उनका ताङकामा अन्त्यानुप्रासको कुशल संयोजनले पाठकमा मिठास र कर्णप्रियता उत्पन्न गराएका छन् ।

यसरी नेपाली ताङकाको विकास प्रक्रियामा विष्णुबहादुर सिंहले मोटो पुस्तकका रूपमा ताङका सङ्ग्रह प्रकाशित गरेका छन् । नेपाली साहित्यका निम्ति नै यो प्रशंसनीय कार्य भएको छ । यसरी विष्णुबहादुर सिंह नेपाली ताङकाको इतिहासमा उल्लेखनीय बन्न पुगेका छन् ।

### ४.४.४ शशि भण्डारी

नेपाली ताङकाको इतिहासमा महत्त्वपूर्ण योगदान दिने स्रष्टा हुन् शशि भण्डारी । उनको वि.सं. २०६२ सालमा 'डाँडावारिको घाम' ताङका सङ्ग्रह प्रकाशित भएको छ । यस सङ्ग्रहमा अठ्ठाइसौं फन्को सम्ममा ३३६ वटा ताङका रहेका छन् । यहाँ प्रेमप्रणय, जीवनका उकाली ओरालीहरु, प्रतीक्षा र प्राप्तिहरू सशक्त रूपमा पाइन्छन ।

सृष्टिको सनातन सत्य, यौनजन्य अवयवको आकर्षण र विकर्षण ताङकाका गहना हुन् । मानिस र प्रकृतिको केस्राकेस्रा केलाएको अनुभूत हुन्छ उनका ताङकामा । मानिसको आन्तरिक संवेदनालाई समातेर चिन्तनको गहिराइमा पुगी भाव सम्प्रेषण गर्न सक्ने क्षमता शशि भण्डारी समक्ष भेट्न सकिन्छ । जीवनको मूल्य, सामाजिक जीवनमा देखा पर्ने विभिन्न किसिमका

विविधताहरूको चित्रण “डाँडावारिको घाम” सङ्ग्रहमा प्राप्त गर्न सकिन्छ । यसमा भण्डारीले ‘तान्का’ सङ्ग्रह भनेका छन् । ताङकाकार भण्डारीले सामाजिक परिदृश्यका तमाम वास्तविक घटनाहरूसित सम्बन्धित जीवनका कथा, व्यथा, मानसिक घात, प्रतिघात, अभाव, शोषण, दमन, अनियमितता र भ्रष्टाचारले निम्त्याएका सामाजिक तथा राजनीतिक जीवनको जटिलताहरूलाई नै केन्द्रीय भागको पृष्ठभूमि बनाई ताङका रचना गरेका छन् । ताङकामा जीवनमा हुने असुरक्षा, दुःख, दैन्य भोक, रोग, अभाव, पारिवारिक समस्या जस्ता विषयहरू टड्कारो रूपमा प्रस्तुत गरेका छन् ।

### ४.१.५ शान्तिनारायण श्रेष्ठ (१९९६)

साहित्यका विविध विधामा कलम चलाएर शान्तिनारयण श्रेष्ठले आफ्नो प्रतिभाको परिचय दिइसकेका छन् । उनका कृतिहरू **गुप्तेश्वर** (२०२७) खण्डकाव्य, **झङ्कार** (२०५६) गीत सङ्ग्रह, **स्पन्दन** (२०५६) गीत सङ्ग्रह, **विसङ्गति** (२०५६) मुक्तक सङ्ग्रह, **वैसका सुसेलीहरू** (२०५७) गीत सङ्ग्रह, **वाडुल्की** (२०५७) गीत सङ्ग्रह, **अनुभूति** (२०६०) गजल सङ्ग्रह, **स्मृतिका लहरहरू** (२०६०) शोककाव्य, **अवतरण** (२०६१) हाइकु सङ्ग्रह, **अनावरण** (२०६२) ताङका सङ्ग्रह आदि प्रकाशित भएका छन् । उनले पचासको दशकबाट ताङका सिर्जना गर्न थालेका देखिन्छन् ।

यसरी ताङका लेखनमा आफूलाई होमेका श्रेष्ठले प्रतीकात्मक र बिम्बात्मक शैलीका ताङका सिर्जनामा विविध विषय, भावुकता र तीव्र छटपटीलाई व्यक्त गरेका छन् । उनका अभिव्यक्तिहरू आक्रोश र जलनमा मात्रै केन्द्रित नरही शृङ्गारिक धारा, त्याग र समर्पणले समेत नयाँ प्रभावकारीता निम्त्याएको देखिन्छ । उनमा आत्मपरक र वस्तुपरक मूल्यको सम्प्रेषण प्रसस्त प्राप्त गर्न सकिन्छ । सरल, सरस र मिठासपूर्ण अभिव्यक्ति उनको ताङकामा पाइने मौलिक विशेषता हो । शब्द र बिम्बको जटिल गुजुल्टो उनका ताङकामा भेटिन्न । मानवीय भावनाले ओतप्रोत मात्र त्यहाँ छैनन्, सशक्त प्राकृतिक र जैविक आशयको चित्रण समेत पाइन्छन् । गीति रचनामा स्थापित भइसकेका

शान्तिनारायण श्रेष्ठले ताङकामा समेत गीति पक्ष सफल देखाएका छन् । उनका ताङकाहरू उच्च कोटीका छन् ।

### ४.१.६ अमर त्यागी (२०२५)

सूत्रबद्ध लघुत्तम काव्य लेखनमा अमर त्यागी आफूलाई उतार्न सक्षम रहेका छन् । उनका **बाँसुरीमा आँसुको गीत** (२०५७) **अक्षरहरूको देश** (२०५८) **अनुभूतिको जुलुस** (२०६०) र **अभियुक्त ईश्वर** (२०६२) प्रकाशित कृति रहेका छन् । यी पुस्तकाकार कृति मध्ये 'अभियुक्त ईश्वर' ताङका सङ्ग्रह रहेको छ । जापानी शैलीको ताङका, सेदोका र हाइकु लेखनमा उनी ५० को उत्तरार्धबाट सक्रिय रहेका छन् ।

अमर त्यागीका ताङकामा प्रतीकात्मक अर्थ र शैलीलाई गम्भीरतापूर्वक अङ्कित गरिएको पाइन्छ । प्राकृतिक सौन्दर्य र आत्मानुभूतिलाई सुन्दर रूपमा उनले प्रस्तुत गरेका छन् । अभिभाज्य र अमिट अस्तित्व उनका सिर्जनाको विशेषता हो । जालझेल, स्वार्थ, खुट्टा तानातान र वर्वर शैलीप्रति उनले ताङकामा विमति जनाएका छन् । उनका ताङकाहरू नयाँ चेतना र शैलीले अभिप्रेरित भएका छन् । ताङकाहरू जीवनपथमा उभिएर कतै शृङ्गारमा फुल्न पुगेका छन् भने कतै प्रकृतिको मनोरम छटामा आल्हादित बनेका छन् । उनका ताङकाले नेपाली माटो र देशप्रेमको सौन्दर्य कलापूर्ण प्रस्तुत गरेका छन् । बिम्ब र प्रतीकका माध्यमबाट विसङ्गति, विकृति र अराजकतालाई सिर्जनामा उल्लेख गरेका छन् ।

### ४.१.७ विष्णु संगम (२०३७)

मोफसलमा बसेर साहित्य साधनामा सक्रिय प्रतिभाका रूपमा विष्णु संगम देखिएका छन् । इलामको सुन्दर प्राकृतिक छटाले भरिपूर्ण ठाउँमा बसेर पत्रपत्रिका सम्पादन तथा लेखनमा उनले तीव्रता दिएका छन् । उनले वि.सं. २०६३ सालमा **'आलिङ्गनका स्वरहरू'** ताङका सङ्ग्रह प्रकाशित गरिसकेका छन् ।

विष्णु संगमका ताङकाहरूमा समय र जीवन, प्रणय र ऋतुसँग तथा मर्मज्ञान र स्पर्शहरू घनीभूत रूपमा पाइन्छन् । नेपाली राजनीतिमा देखिएका विकृति विसङ्गति एवं चाकडी र चाप्लुसीलाई सुन्दर ढङ्गले ताङकामा अभिव्यक्त गरेका छन् । कतै यौनका फिलिङ्गाहरू सलबलाएका भटिन्छन् भने कतै प्रेम प्रणयका मर्मस्पर्शी बिम्बहरू ताङकामा ओर्लिएका छन् । ग्रामीण जनजीवनमा देखिने र गरिने विभिन्न किसिमका अन्याय र अत्याचार, दमन,शोषण र हैकम तथा सांस्कृतिक परम्परागत मूल्य मान्यतामा देखा परेका विकृति, विसङ्गति प्रति प्रतीकात्मक र अन्योक्तिमूलक अर्थ सापेक्षताको तहमा पुगेर कटु व्यङ्ग्य गरेका छन् आफ्ना ताङकामा । अत, ताङकाको विकास प्रक्रियामा महत्त्वपूर्ण योगदान दिँदै आएका देखिन्छन् ताङकाकार विष्णु संगम ।

### ४.१.८ वैरागी जेठा (२०२७)

साहित्यमा वैरागी जेठा सक्रिय युवा प्रतिभा हुन् । उनका **'म कुल्ली'** (२०५९) कविता सङ्ग्रह, **शची शोक** (२०६३) ताङका काव्य प्रकाशित कृति हुन् । वि.सं. २०६० सालपछि हाइकु र ताङका लेखनमा सक्रिय रूपमा लागेका देखिन्छन् । शास्त्रीय सिद्धान्तको सामीप्यतालाई झल्काउँदै प्रकृतिबोधक शब्दचयन गर्दै विकृति र विसङ्गतिप्रति तीव्र व्यङ्ग्य गर्नु उनको विशेषता हो । उनले नेपाली ताङका इतिहासमा पहिलो शोककाव्य प्रस्तुत गरेका छन् । यो निक्कै प्रशसनीय विषय रहेको छ ।

उनका ताङकामा जीवन भोगाइका यथार्थ पक्षको प्रस्तुति घनीभूत रूपमा रहेको पाइन्छ । ताङकामा सूर्य फैलिन्छ, फूलको वासना चल्छ, हिमालको गति बढ्छ र जीवन भोगाइका तमाम क्रियाकलापहरू प्रतिबिम्बित हुन्छन् । उनका शैली, भाव र कला पनि वस्तुपरक देखिन्छ । यो प्रयत्नको थप उर्जाले उनलाई नयाँ गति दिएको छ । नेपाली साहित्यमा शोक केन्द्रित प्रथम कृतिको रूपमा शची ताङका काव्यलाई लिन सकिन्छ ।

### ४.१.९ रमेश शुभेच्छु (२०३६)

नेपाली साहित्यमा विविध विधामा सक्रिय रूपमा कलम चलाउने स्रष्टा रमेश शुभेच्छु ताङ्का लेखनमा वि.सं.२०६० को दशकपछि देखापरेका हुन् । उनले **'बगैंचा'** पुस्तकमा कविता, गीत, मुक्तक, गजल, रुवाइ, ताङ्का र हाइकु विधा समेटेका छन् । यसमा सामाजिक, राजनीतिक, अन्याय, अत्याचार, शोषण, दमन, व्यभिचार आदि विषय समेटिएका छन् । वर्तमान देशमा हत्या, हिंसा, षडयन्त्र आदि विषयलाई पनि उत्तिकै प्रस्तुत गरिएका छन् ।

### ४.१.१० निर्मलकुमार रिमाल (१९९३)

वि.सं. १९९३ सालमा जन्मिएर आफ्नो पछिल्लो समय ताङ्का सिर्जना कर्ममा लगाएका अघिल्ला पुस्ताका निर्मलकुमार रिमाल नेपाली ताङ्का क्षेत्रका निम्ति महत्त्वपूर्ण व्यक्तित्व हुन् । उनका एभरेष्ट रिभ्यु, ज्ञान-विज्ञान, ह्युमन होप्स रिभाइण्ड, संवेदनशीलतामा उनिएका रहरहरू चेतनाको प्रस्फुटन, नवीन साहित्य संगालो, जीवनका अन्तहिन मोडहरू, अदात्त जीवन उदात्त दृष्टिकोण, भावमञ्जरी, सपनीका तरेलीहरू, काव्याञ्जली, पीरामिड अफ पोएम्स र विरान बस्ती (२०६५) ताङ्का सङ्ग्रह प्रकाशित भएका छन् ।

ताङ्काकार रिमालले यस सङ्ग्रहमा ८९४ ताङ्काहरू सङ्ग्रहीत गरेका छन् । हालसम्म प्रकाशित पुस्तकहरू मध्ये सबैभन्दा धेरै ताङ्का भएको यो नै पहिलो पुस्तक बन्न पुगेको छ । उनका ताङ्कामा समाजमा विद्यमान आर्थिक विषम परिस्थिति, अभावग्रस्त गरिब दीनदुःखीहरूको कारुणिक पक्ष तथा तिनीहरूमाथि गरिने विभिन्न प्रकारका शोषण, दमन र अन्याय अत्याचारलाई बढी जोड दिएर लेखिएको पाइन्छ । मानिसको स्वार्थी, ईर्ष्यालु झगडालु र लोभीपन जस्ता क्षुद्र व्यवहारलाई पनि ताङ्कामा प्रस्तुत गरिएको छ । राज्यको तहमा प्रशासनिक क्षेत्रमा हुने ढिलासुस्ती र अनियमीता, समाजमा हुने खाने वर्गले असहाय र निम्न वर्गमाथि गर्ने शोषणलाई पनि आफ्ना ताङ्कामा

उतारेका छन् । नेपाली ताङ्का विकासमा निर्मलकुमार रीमाल महत्त्वपूर्ण व्यक्ति हुन् ।

### ४.१.११ केशव आचार्य

नेपाली साहित्यमा केशव आचार्य ५० को दशकदेखि ताङ्का लेखनमा समर्पित देखिन्छन् । उनले वि.सं.२०६१ सालमा **'छाँया कुल्चेर'** हाइकु, ताङ्का र सेदोका मिश्रित सङ्ग्रह गोजीका आकारमा प्रकाशित गरेका छन् । उनका ताङ्कामा बिम्बात्मक र प्रतीकात्मक भाव उद्बोधन भएको पाइन्छ । 'छाँया कुल्चेर' सङ्ग्रहमा काव्यात्मक शैली र मानवतावादी लहर प्राप्त गर्न सकिन्छ । प्रकृतिको सूक्ष्मातिसूक्ष्म अभिव्यक्ति त्यत्तिकै झङ्कृत भएको देखिन्छ । उनको अर्को विशेषता भनेको उन्मुक्तिको खोजी र अन्धकारबाट मुक्ति पनि हो । उनी शृङ्गारिक वा यौन लेखनमा पनि त्यत्तिकै सक्रिय देखिन्छन् । उनले जापानी मूल्यको परम्परागत धर्म निर्वाहमा सचेतता देखाएका छन् । ताङ्कामा सूक्ष्म आध्यात्मिक प्रवाह, माधुर्यपूर्ण शैलीले गहन रूपमा आफ्नो उपस्थिति देखाएका छन् । समग्रमा गोजीका आकारमा प्रकाशित भए पनि छाँया कुल्चेर सङ्ग्रहले यस क्षेत्रमा पृथक र मौलिक सिर्जना गरेको देखिन्छ ।

### ४.१.१२ शङ्कर लामिछाने (१९८४-२०३२)

नवीन शैली, चिन्तन, र प्रयोगलाई आत्मसाथ गर्न अभिरुचि राख्ने शङ्कर लामिछाने निबन्ध विधामा प्रख्यात छन् । उनले कथा, कविता, हाइकु, ताङ्का सिर्जना गरेपनि उनी निबन्धमा स्थापित छन् । **एब्ट्रयाक्ट चिन्तन प्याज, 'गोधुली संसार'** (२०२७) **शङ्कर लामिछानेका निबन्ध** (२०५९) **बिम्ब प्रतिबिम्ब** निबन्ध सङ्ग्रह प्रकाशित भएका छन् । त्यस्तै **'गौथलीको गुँड'** कथा सङ्ग्रह र **शङ्कर लामिछाने** - आत्मपरिचय पुस्तिका पनि प्रकाशित भएका छन् ।

नेपाली साहित्यका बौद्धिक चिन्तक शङ्कर लामिछानेले तीसको दशकतिरै ताङ्का लेखेका थिए भनेर दावी गरिए पनि उनका कुनै ताङ्का प्रकाशित भएका छैनन् । उनले २०३० सालमा तत्कालीन नेराप्रप्रबाट प्रकाशित

'विश्व साहित्यको रूपरेखा' नामक सम्पादन ग्रन्थमा उनले हाइकु र ताङकाको साथै सेदोका र सेन्यू लगायतका कविताको सैद्धान्तिक चर्चा गर्दै जापानी साहित्यको संक्षिप्त इतिहास प्रस्तुत गरेका छन् । यस लेखले जापानी ताङकाको परम्परा र सिद्धान्त बुझ्न पाठकलाई केही अवसर मिलेको देखिन्छ । चेतनाथ धमलाको 'नेपाली ताङका सिद्धान्त र सिर्जना' पुस्तकमा तीनवटा ताङका समेटिएका छन् । समसामयिक जीवनका विषयवस्तु यी ताङकामा प्रस्तुत भएका छन् ।

नेपाली साहित्यमा ताङकाको परिचय गराएर शङ्कर लामिछानेले महत्त्वपूर्ण योगदान दिएका छन् । नेपाली ताङकाकर्मीका निम्ति उनको यो कार्य सह्रानीय रहेको छ ।

### ४.१.१३ क्षेत्रप्रताप अधिकारी (१९९९)

नेपाली साहित्यमा कवि तथा गीतकारका रूपमा स्थापित नाम हो क्षेत्रप्रताप अधिकारी । उनका **रहर लागेर** (२०२४) **गामबेँसीका गीत** (२०३४) **पहाडदेखि पहाडसम्म** (२०४१) **म त लाली गुराँस भएछु** (२०४२) **नफुलेका फूलहरू** (२०५३) **हाइकु र हाइजिन** (२०६४) आदिका साथै **जापानी नवरत्न** (२०४९, अनु.) **हिम, जून, फूल** (२०५१, अनु.) **जापानी साहित्यको इतिहास** (२०५५) आदि रहेका छन् । नेपाली साहित्यमा राष्ट्रप्रेमले ओतप्रोत सिर्जना गर्नमा तल्लीन अधिकारीले ताङकाको विकास प्रक्रियामा महत्त्वपूर्ण योगदान दिएका छन् । उनले ताङका विकासमा गरेको योगदान अतुलनीय रहेको देखिन्छ ।

मूलतः क्षेत्रप्रताप अधिकारी पचासको दशकदेखि जापानी हाइकु ताङका र कविताको अनुवाद कार्यमा बढी सक्रिय रहेको देखिन्छन् । उनले '**जापानी नवरत्न**' अनुवाद पुस्तकमा ताङकाको सैद्धान्तिक विश्लेषण गरेका छन् । यसपछि उनले '**हिम, जून, फूल**' नामक सङ्ग्रहमा पचास जना जापानी कविका एक सय ताङका कविताको नेपाली अनुवाद गरेका छन् । यस अनुदित सङ्ग्रहमा आदिकवि काकीनोमोतो हितोमारोदेखि तावारामाची सम्मका मौलिक

सुन्दर रचनाहरू पढ्न सकिन्छन् । प्राकृतिक सौन्दर्यको अनुपम चित्रण यहाँ भेट्न सकिन्छ । हाइकु र छोटा कविता पनि समेटेको यस सङ्ग्रहमा ताङकाको सैद्धान्तिक संरचनाका बारे पनि स्पष्ट उल्लेख गरिएको छ । उनले **जापानी साहित्यको इतिहास** पुस्तकमा जापानी साहित्यको विशद व्याख्या र विश्लेषण गरेका छन् । यस पुस्तकमा ताङकाको सैद्धान्तिक परम्पराका साथै उद्भव प्रक्रिया समेतको चर्चा परिचर्चा भेटिन्छ । यो सिर्जन कार्यले नेपाली साहित्यिक ताङकाको शैली र सिल्पलाई महत्त्वपूर्ण योगदान पुगेको छ ।

ताङकाकर्मी क्षेत्रप्रताप अधिकारी मौलिक रूपमा ताङका सिर्जनामा पनि व्यस्त देखिएका छन् । 'गरिमा' राष्ट्रिय पत्रिकाका विभिन्न अङ्कमा जापानी कविहरूका सुन्दर ताङका अनुवाद पनि गरेका छन् । वि.सं. २०६० सालदेखि विभिन्न पत्रपत्रिकामा ताङकाहरू उनले प्रकाशित गरेका छन् । उनी आफ्ना सिर्जनामा राष्ट्रियताप्रति उत्तरदायी हुँदै सूक्ष्म व्यङ्ग्य चेतना, सामाजिक र सांस्कृतिक महत्त्वको चित्रण गर्दै देशप्रेम र गाउँबेंसीका भावाभिव्यक्ति समेत प्रस्तुत गरेका देखिन्छन् । यसरी अनुवाद कार्यमा गरेका क्षेत्रप्रताप अधिकारीको महत्त्वपूर्ण योगदानले नै आज ताङका सिर्जनकर्मीहरूलाई बाटो मिलेको देखिन्छ । यस सुकार्यका निम्ति कवि क्षेत्रप्रताप अधिकारी धन्यवादका पात्र बन्न पुगेका छन् ।

### ४.१.१४ पुष्कर लोहनी (१९९५)

नेपाली साहित्यमा पुष्कर लोहनी यौनवादी साहित्यकारका रूपमा चर्चित रहेका छन् । निर्भिकताका साथ यौन कुण्ठालाई अभिव्यक्त गर्नु उनको विशेषता हो । साहित्यमा यौनलाई मूल विषयवस्तुका रूपमा हेर्नु, यौनवादी लेखन, समीक्षा र आलोचना पनि पुष्कर लोहनीको मौलिक विशेषताको रूपमा लिने गरिन्छ । उनका **चहकदार मइन्टोल र पिलपिले लालटिन** (लेख सङ्ग्रह), **कौडी** (कविता सङ्ग्रह) प्रकाशित छन् ।

मूलतःपुष्कर लोहनी ताङका पुस्तकहरूको भूमिका लेखनमा नै यसको सैद्धान्तिक चर्चा गर्नमा सक्रिय देखिन्छन् । उनले वि.सं.२०६० सालबाट हाइकु

र ताङका लेखनमा सक्रियता देखाएका हुन् भने यौनमुखी साहित्यिक व्याख्या, सिर्जना, समीक्षा र सैद्धान्तिक विवेचनामा समेत हात हालेको देखिन्छ । नेपाली ताङका विकासका निम्ति सुविसुधा आचार्य सम्पादक रहेको 'अन्तरिक्ष' पत्रिकामा पुष्कर लोहनीको **'ऐतिहासिक तथ्यमा जापानी ताङका'** महत्त्वपूर्ण लेखको रूपमा रहेको छ । त्यस्तै शशि भण्डारीको 'डाँडावारिको घाम' र विष्णु बहादुर सिंहको 'फूलको वर्षा' सङ्ग्रहमा उल्लेखित भूमिका पनि उल्लेखनीय रहेको छ । भूमिका लेखनको सन्दर्भमा उनले ताङकाको सैद्धान्तिक चर्चा परिचर्चा गरेका छन् । यसका अलावा उनी ताङकाका सिर्जनामा पनि सक्रिय रहेका देखिन्छन् । उनका ताङकामा पनि शृङ्गारीक सौन्दर्य भाव र यौन चेतनाबाट नै प्रभावित भएको प्रष्टै देखिन्छ । नेपाली यौन बिम्ब र प्रतीकको सटीक प्रयोगले उनका ताङका सजिएका छन् । उनले आफ्ना ताङका रचनामा यौन चेतनका सूक्ष्म पक्षलाई केन्द्रीय रूप दिएर प्रस्तुत गरेका छन् । ताङका सिर्जनामा उनले बाह्य र आन्तरिक दुवै पक्षलाई त्यत्तिकै महत्त्वकासाथ व्यक्त गरेका छन् ।

यसरी ताङकाको जापानी परम्परा र सिद्धान्तको व्याख्या एवं विश्लेषणमा महत्त्वपूर्ण योगदान दिएका छन् । उनको यो कर्म नेपाली ताङका विकासमा स्मरणीय रहेको देखिन्छ ।

### ४.१.१५ रामकुमार पाँडे (२००३)

नेपाली साहित्यमा रामकुमार पाँडे स्थापित नाम हो । उनी वि.सं.२०६० सालपछि ताङका सिर्जनामा सक्रिय देखिन्छन् । उनले जापानी साहित्यको नेपाली हाइकु ताङका र सेन्यू लेखनमा मौलिक सिर्जना, अनुवाद र सैद्धान्तिक विश्लेषण समेत गरेका छन् । विभिन्न ताङका सङ्ग्रहमा मन्तव्य व्यक्त गर्दै यसको सैद्धान्तिक चर्चा गरेका पाइन्छन् । सरल, सहज र कलात्मक त्रिवेणी उनको प्रयोगात्मक विशेषता हो । प्राकृतिक र सांस्कृतिक समसामयिक व्यङ्ग्य विधानमा उनका रचना सफल देखिन्छन् ।

उनका ताङकामा आन्तरिक, बाह्य र आन्तरहरफीय सामीप्यले पूर्णतालाई अगाडि ल्याएको देखिन्छ । उनका ताङकामा जीवनवादी मूल्य मान्यताहरू विभिन्न बिम्ब र प्रतीकको माध्यमबाट गहन रूपमा प्रस्तुत गरिएका छन् । उनी ताङका सिर्जनामा भन्दापनि जापानी  हाइकु र ताङकाको परम्परागत सैद्धान्तिक मूल्य मान्यताको व्याख्यामा सक्रिय देखिन्छन् ।

### ४.१.१६ धनञ्जय भट्ट 'यत्न'

केही विद्वानका अनुसार धनञ्जय भट्ट यत्नले ३० को दशकतिरै ताङका सिर्जना गरेको उल्लेख गएिको पाईन्छ । यद्यपि त्यतिखेर उनका ताङका कतै प्रकाशित भने भएको देखिएको छैन । स्रष्टा चेतनाथ धमलाको आफ्नो ताङका समालोचना पुस्तकमा यत्नका तीन ओटा ताङका समेटिएका छन् ।

धनञ्जय भट्ट यत्नका ताङकामा व्यग्र छटपटी, विकृति, पीडा र कुण्ठाको भाव भेट्न सकिन्छ । उनले सामाजिक विकृति र विसङ्गतिमाथि व्यङ्ग्यपूर्ण अभिव्यक्ति दिएका छन् । उनले आफ्नो पेशाप्रतिको निराशा आफ्ना ताङकामा पोखेका छन् । आफ्नो शैक्षणीक पेशाप्रति निराशा प्रकट गरेर केही ताङका सिर्जना गरेका देखिन्छन् ।

### ४.१.१७ रत्नशमशेर थापा

नेपाली साहित्यमा रत्नसमशेर थापा एक सुपरिचित स्रष्टा हुन् । गीतकारका रूपमा चर्चित रहेका उनी कविता, हाइकु, ताङका आदि विधामा पृथक र मौलिक प्रभाव जमाएका छन् । वि.सं. २०६० पछि ताङका सिर्जना कर्ममा लागेका थापाका ताङका सिर्जना अर्थयुक्त र सौन्दर्यवर्द्धक देखिन्छन् । उनले चातुर्‍याइपूर्वक स्वभाव र स्वरूपलाई प्रयोगात्मक रूपले बढाउँदै शास्त्रीय संरचनालाई समेत प्रवर्धन गर्नमा सक्रिय रहेका छन् । आफ्नो ताङकामा स्वच्छन्द शब्दचयन, सूक्ष्म व्यङ्ग्य, प्रेम र प्रणययुक्त शृङ्गारिक धारा, अलङ्कार तेज र अनन्त सम्भावनालाई सरल र सहजरूपमा चित्रण गरेका  छन् । आधुनिक नेपाली ताङका संरचनामा भाव, शैली र मर्मलाई

अँगाल्दै जीवन र जगतको बेजोड चित्रण गर्न पुगेका देखिन्छन् । उनले आफ्ना ताङका सिर्जनामा बिम्ब  र प्रतीकको समायोजन सहज र सफल रूपले गरेका छन् ।

### ४.१.१८ बुलु मुकारुङ

नेपाली साहित्यमा बुलु मुकारुङ स्थापित नाम हो । उनले वि.सं.२०६० सालपछि ताङका लेखनमा कम्मर कसेका देखिन्छन् । उनका ताङकामा साङ्गीतिक चेत र गीति लयात्मक कौशलता झल्किएका छन् । प्राकृतिक सम्पदाको बिम्बात्मक प्रयोगले ताङका सफल र उत्कृष्ट देखिन्छन् । उन्मुक्ति र निर्दयीपनको भिन्नता खोजिरहनु ताङकाकारको व्यक्तिगत विषय रहेको छ । अटल आस्थाको रूपमा पहाड र गतिशील नदीको साङ्गीतिक भाषालाई उनले ताङकामा सजाएका छन् । मानवीय मूल्य, मान्यता र प्रतिष्ठाको गरिमालाई रचनामा अभिव्यक्त गरेका छन् । उनले नै ताङकामा सङ्गीत गर्ने र लय भर्ने पहिलो कार्य सम्पादन गरेको देखिन्छन् ।

### ४.१.१९ सुकुम शर्मा (२०२७)

साहित्यमा सुकुम शर्मा ४० को दशकदेखि मौलिक सिर्जनामा मौलाएका स्रष्टा हुन् । केही कृतिहरू समेत पस्किसकेका उनले हाइकु र ताङका लेखनमा अग्रसर देखिन्छन् ।  ताङकाका शास्त्रीय संरचना, तीखो व्यङग्यवाण, विकृति र दासताबाट मुक्तिको खोजी, ध्वनि र अभिव्यञ्जनात्मक अभिव्यक्ति सहज र सरलरूपमा प्रकट गर्नु ताङकाकार शर्माको सफलता देखिन्छ । उनले बाहृय र अन्तरलयबीच आफ्नो ताङका रचनामा तालमेल गर्दै जनमुखी सचेतना, परिवर्तनगामी सोंच, अन्धविश्वासबाट मुक्ति, र प्राकृतिक मनोरम दृश्यसँगको सहवास गरेका छन् । क्रान्ति चेत, नारी अस्मिता र प्रेम प्रणयको मनोवैज्ञानिक विश्लेषण जस्ता अभिव्यक्तिमा उनी सफल देखिएका छन् । सरल भाषा, शैली, प्रतीकात्मक भावार्थ र ऋृतुकालीन बिम्ब समायोजनले ताङका उत्कृष्ट बन्न पुगेका छन् । ताङका सिर्जना क्षेत्रमा सुकुम शर्मा प्रतिनिधि स्रष्टा पनि हुन् ।

### ४.१.२० सगुन सुसारा (२०३६)

नेपाली साहित्यमा निरन्तर सक्रिय साधनामा जुट्ने कवि सगुन सुसारा स्थापित नाम हो । मोफसलमा बसेर सिर्जन कर्ममा कवि सुसारा सक्रिय रहेका छन् । पाँचथरमा बसेर साहित्यका विभिन्न विधामा कलम चलाइरहेको देखिन्छन् । उनका 'श्रद्धाका फूल' (२०५६) कथा सङ्ग्रह र 'माङफुनको कायाकल्प' (२०६३) कविता सङ्ग्रह प्रकाशित छन् । नेपाली साहित्यमा उनी 'उत्तरवर्ती सोच' आन्दोलनका संस्थापक मध्ये एक पर्दछन् । उनले कविता, मुक्तक, हाइकु, ताङ्का, गीत, गजल आदि विधाको सैद्धान्तिक व्याख्या र विश्लेषणमा पनि उत्तिकै सक्रिय कलम चलाईरहेका छन् । कवि सुसाराको ताङ्का सङ्ग्रहको पाण्डुलिपी पनि तयार रहेको छ ।

साहित्यको ताङ्का वाटिकामा पचासको दशकबाटै सक्रिय रूपमा सिर्जन कर्ममा जुटेका सुसाराले विभिन्न पत्रपत्रिकामा ताङ्का प्रकाशन गरेका देखिन्छन् । उनका ताङ्कामा वर्तमान परिवेश र विवश वेदनाका मृगतृष्णालाई प्रस्तुत गरिएको छ । ग्रामीण जनजीवनका समस्यामा आदिवासी मिथकहरूको प्रयोगले ताङ्का कलात्मक बन्न पुगेका छन् । नेपालीले बहादुरीका नाममा बगाउनु परेको रगत र आँशुको कथा व्यथा सिङ्गै अटाएका छन् उनले । यसरी नै रोग, भोक, शोकले व्यथित जीवनलाई मार्मिक ढङ्गले सजाएका छन् । उनले प्रेम र प्रणयमुखी जीवन पद्धति पनि ताङ्कामा उत्तिकै सुन्दर ढङ्गले झल्काएका देखिन्छन् । उनले परम्पराको विद्रोह गर्दै ग्रामीण परिवेशमा नारी र पुरुषबीचको मनोवैज्ञानिक पक्ष उद्घाटित गरी सार खिचाएका छन् । नेपाली ताङ्का विकासमा सुसाराले आफूलाई अग्रस्थानमा राख्न सफल रहेका छन् । ताङ्का लेखन अभियानमा गरेको अग्रणी भूमिका महत्त्वपूर्ण रहेको छ । विधागत चर्चा परिचर्चा गर्दै ताङ्का लेखन अभियान सञ्चालन गरेर ताङ्का विकासमा गरेको योगदान प्रशंसनीय देखिन्छ ।

### ४.१.२१ चेतनाथ धमला (२०३१)

साहित्य र पत्रकारिता दुवै क्षेत्रमा आफ्नो परिचय बनाइसकेका नाम हुन् चेतनाथ धमला । उनले डेढ दशक लामो साहित्यिक यात्रामा लेखन तथा सम्पादन गरी आधादर्जन जति कृति पनि नेपाली साहित्यलाई पस्किसकेका छन् । उनका **छहरा** (२०५५) कविता सङ्ग्रह, **कवितारामका अस्वीकृत मान्यताहरु** (२०६० सम्पा) **आगोको मुर्छना** (२०६१) विलयन काव्य, **प्रतिनिधी नेपाली हाइकु** (२०६४ सह सम्पा), **नेपाली ताङ्का सिद्धान्त र सिर्जना** (२०६४) आदि पुस्तक प्रकाशित भएका छन् । कवि धमला 'विलयन काव्य लेखन' सँग संलग्न रहेका छन् ।

धमला विभिन्न ताङ्का सङग्रहमा भूमिका लेखन तथा ताङ्का सिर्जना दुवैमा सक्रिय देखिएका छन् । फुटकर रूपमा ताङ्का बारे लेखेका भरमा र विभिन्न पुस्तकका भूमिका हेरेर ताङ्काको सैद्धान्तिक पक्ष थाहा पाउनु पर्ने स्थितिबाट उनले नेपाली लेखक तथा पाठकलाई मुक्ति दिलाएका छन् । उनले **'नेपाली ताङ्का सिद्धान्त र सिर्जना'** मा उल्लेखित सबै कुरासँग पूर्ण रूपमा सहमत हुन नसकेता पनि यसले ताङ्काको इतिहास, विकासक्रम, लेखन सूत्र आदि विषयमा यसले राम्रो सूचना प्रदान गरेको छ । नेपाली ताङ्कामा देखिएका सर्जकहरूको संख्या र गुणात्मक उपस्थिति सबै नभएता पनि केही उल्लेख गरिएका छन् । उनले आफ्ना ताङ्का सिर्जनामा सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक विषयलाई प्रतीकात्मक, सङ्केतात्मक र व्यङ्ग्यात्मक पाराले सशक्त रूपमा प्रस्तुत गरेका छन् ।

नेपाली साहित्यमा ताङ्का विधाको पहिलो सामालोचनात्मक पुस्तक तयार गरेर धमला धन्यवादका पात्र बन्न पुगेका छन् । ताङ्मा बुझ्न चाहाने र सिर्जनशील मन भएका स्रष्टा लेखक तथा पाठकका निम्ति यो उपयोगी पुस्तक बन्न पुगेको छ ।

### ४.१.२२ चन्द्र योङया (२०३५)

नेपाली साहित्यमा चन्द्र योङया मोफसलबाट निरन्तर साधनारत रहेका छन् । पाँचथरमा बसेर साहित्य सिर्जनामा तल्लीन कवि योङया ६० को दशक देखि नै ताङका लेखनमा क्रियासिल देखिन्छन् । उनी विभिन्न पत्रपत्रिकामा संलग्न रहँदै आएका छन् । उनको वि.सं.२०६४ सालमा 'भीर' कविता सङ्ग्रह प्रकाशित भइसकेको छ । मोफसलमा बसेर पनि उनी 'रङ्गवाद' साहित्यिक आन्दोलनसँग सम्बद्ध रहेका छन् । ताङका सङ्ग्रहको पाण्डुलिपी समेत तयार पारेका तर प्रकाशन नगरेका योङया ताङका सिर्जनाका अग्रणी मध्येका एक हुन् । प्राकृतिक र यौन आदि विषयलाई कलात्मकताका रूपमा प्रस्तुत गरेका छन् ।

यसरी ताङका सिर्जनामा सक्रिय रूपमा सिर्जन कर्ममा लागिपरेका योङयाको उपस्थितिले नेपाली ताङकामा महत्त्वपूर्ण योगदान पुगेको यथार्थ सत्य छ - भन्न सकिन्छ । उनका विधागत प्रस्टताका साथ सिर्जना गरिएका ताङकाले यसको विकासमा उल्लेखनीय मद्दत पुगेको छ ।

### ४.१.२३ मेदिनी पाइअस (२०३५)

नेपाली साहित्यमा मेदिनी पाइअस मोफसलमा बसेर साहित्य साधनारत स्रष्टा हुन् । पाँचथरमा बसेर साहित्य सिर्जनामा लागि परेका उनी ताङका प्रधान '**साहित्यिक ताङका**' पत्रिकाको सम्पादक हुन् । उनी पत्रिका सम्पादन सँगै साहित्य सिर्जनामा पनि उत्तिकै लागि परेका छन् । उनी पचासको दशक देखि नै ताङका सिर्जनामा सक्रिय देखिन्छन् । नेपाली साहित्यमा देखिएको 'उत्तरवर्ती सोंच' आन्दोलनमा उनी संलग्न रहँदै आएका छन् ।

ताङका कविताको विकास र विस्तारमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका पाइअसका ताङकामा समाज तथा जीवन र जगतको यथार्थ पक्षको कलात्मकताका साथ विम्ब, प्रतीक र अलङ्कारको प्रयोगले सुन्दरता प्रदान गरेका छन् । सांस्कृतिक र सामाजिक बिम्बको प्रयोग गरेर प्रतीकात्मक

ताङकाको सिर्जना गर्नु उनको मौलिक विशेषता हो । उनका ताङकामा डर, त्रास, मिलन, बिछोडका कथा पनि त्यत्तिकै उनेका छन् । जीवनका आरोह अवरोहलाई पनि ताङकामा प्रस्तुत गरेका छन् । शृङ्गारयुक्त ताङका नै बढी उत्कृष्ट र गहन बन्न पुगेका देखिन्छन् ।

पत्रिका सम्पादनका माध्यमबाट ताङकाको बिकास र विस्तार गर्नमा उनको योगदान महत्त्वपूर्ण रहेको छ । चाँडै ताङका सङ्ग्रहको प्रकाशन तयारीमा पनि रहेका पाइअसले नेपाली ताङका लेखनमा तीव्रता दिएका देखिन्छन् ।

### ४.१.२४ अन्योल नरेन्द्र केरुङ (२०३६)

ताङका साहित्यको परम्परामा अन्योल नरेन्द्र केरुङ पचासको दशकको उत्तरार्धमा देखिएका ताङकाकार हुन् । कवि केरुङ विभिन्न पत्रिकासँग पनि सम्बद्ध रहेका छन् । उनका ताङकामा आकर्षक तथा रोचक ढङ्गमा व्यङ्ग्य गर्दै सामाजिक, राजनीतिक, सांस्कृतिक पक्षका साथै मान्छेका कुटिल व्यवहार सामाजिक तथा पारिवारिक बन्धन र प्रेमको भावनालाई सुन्दर रूपमा चित्रण गरेको पाइन्छ । समाजमा रहेका विविध विषय प्रसङ्ग, घटना र क्रियाप्रतिकृयालाई टपक्क टिपेर शब्दगुच्छामा उनेर सुन्दर ताङका तयार पारेका छन् । ताङका सिर्जनामा कवि केरुङ सक्रिय रहेका देखिन्छन् ।

### ४.१.२५ अमृता शर्मा

पचासको उत्तरार्धदेखि हाइकु र ताङका लेखनमा अमृता शर्मा सक्रिय रहेका छन् । उनले **'वसन्तराग'** हाइकु र ताङका सङ्ग्रह प्रकाशित गरेर नारी हस्ताक्षरको नमुनाको रूपमा इतिहास कायम गरेकी छिन् । गोजीकाका रूपमा यस सङ्ग्रहले जीवन र जगतका तत्त्व वा प्रभावलाई खोतल्ने प्रयास गरेका छन् । कोमल नारी हृदयको आग्रहलाई खोतल्दै पथभ्रष्टहरूको स्वभावलाई पनि चित्रण गरेको देखिन्छ । सिद्धान्त, भाव र दर्शनको परम्परालाई शास्त्रसम्मत सिर्जना गर्नाले नेपाली साहित्यको ताङका कविता परम्परामा महत्त्वपूर्ण

योगदान पुगेको छ । प्रेम प्रणयको विसङ्गत पक्ष, क्रान्तिचेत, माटो र देशको सुवास आदि ताङकामा जमेका छन् ।

### ४.१.२६ अम्बरप्रसाद रिजाल

मूलतःअम्बरप्रसाद रिजाल निबन्धकार हुन् । यद्यपि यस विधामा उनी वि.सं.२०६० सालपछि देखा परेका हुन् । उनको **'नेताका आँखामा'** नामक व्यङ्ग्य कविता सङ्ग्रह वाणी प्रकाशन विराटनगरले वि.सं.२०६२ सालमा प्रकाशित गरेको हो । यस सङ्ग्रहमा ताङका पनि सङ्ग्रहीत गरेका छन् । ताङकामा खासगरी सामाजिक विकृति र विसङ्गतिमाथि गतिलो प्रहार गरेका छन् । छेपारे प्रवृत्तिको राजनैतिक भ्रष्टाचारी, अनैतिक, दुराचार, व्यभिचार र पथभ्रष्ट मुहारलाई तीखो रूपमा प्रहार गरेका छन् । आन्तरिक र बाह्रय गुण पनि केही शास्त्रीय र केही आधुनिक सिर्जनशील संरचनामा कुँदिएका देखिन्छन् । ताङका कवितामा प्राकृतिक बिम्बको संयोजन गरी शृङ्गारयुक्त ॠतुवोधक र मौसमी चित्रण गरेको देखिन्छ । बिम्ब र प्रतीकको सहायताले जीवनवादी चरित्र र वर्तमान विकृतिलाई पनि अङ्कित गरेको देख्न सकिन्छ ।

### ४.१.२७ अरुणा राई (२०३७)

पचासको दशकदेखि नै ताङका सिर्जनामा लागेका अरुणा राई नेपाली साहित्यका नारी हस्ताक्षर हुन् । उनी पाँचथरमा बसेर साहित्य साधनामा तल्लीन प्रतिभा हुन् । उनका ताङकामा ग्रामीण समाजका दुःख, पीडा, वेदना, करुणा र अभावलाई आत्मसाथ गरेर ताङकामा सुन्दर रूपमा प्रस्तुत गरेका छन् । सामाजिक राजनैतिक घातप्रतिघात, कुण्ठा आदि विषयवस्तुले ग्रसित पारेको जनजीवनप्रति सहानुभूति र समस्याको चित्रण गर्नुका साथै राजनैतिक आरोह अवरोह र आन्दोलन एवं परिवर्तनका बाछिटा पनि ताङकाकार अरुणा राईका रचनामा प्रस्ट देखिन्छन् । उनी ताङका विकासमा महत्त्वपूर्ण नारी प्रतिभाका रूपमा  देखिएकी छिन् ।

### ४.१.२८ अतीत 'ओम'

ताङ्का सिर्जनामा अतीत ओम वि.सं.२०६० सालपछि देखिएका स्रष्टा हुन । विद्यमान हत्या, हिंसा विरुद्धको शान्ति र मानवता ल्याउनु पर्ने आग्रह उनका ताङ्काले प्रस्तुत गरेको देखिन्छ । सभ्यता र समानताको बोध उनका ताङ्कामा पाइने मूल विषय हुन् ।

### ४.१.२९ इन्द्रसुर वेल्टारे (२०३६)

नेपाली ताङ्का लेखनको इतिहासमा एक आशालाग्दा सर्जक प्रतिभाको रूपमा इन्द्रसुर वेल्टारे देखा परेका छन् । समाजमा विद्यमान आर्थिक विषम परिस्थिति, अभावग्रस्त गरिब दीनदुखीहरूको कारुणिक पक्ष तथा तिनीहरूमाथि गरिने विभिन्न प्रकारका शोषण, दमन, र अन्याय अत्याचारलाई बढी जोड दिएर ताङ्का लेख्ने प्रवृत्ति वेल्टारेमा टड्कारो रूपमा देखापर्दछ । समाजमा देखिएका अन्यायपूर्ण व्यवहारको निर्भिक र निसङ्कोच चित्रण, व्यङ्ग्य र विद्रोहात्मक शैलीमा गरेका छन् । एउटा सुसभ्य न्यायपूर्ण समाजको अपेक्षा उनका ताङ्काको रहेको पाइन्छ ।

### ४.१.३० इन्दु फोम्बो (२०४०)

ताङ्का लेखनमा सक्रिय नारी हस्ताक्षर हुन् इन्दु फोम्बो । उनी 'उत्तरवर्ती सोच' आन्दोलनसँग सम्बद्ध छन् । फोम्बो वि.स. २०६० सालबाट ताङ्का लेखनमा सक्रिय कलम चलाउने ताङ्काकार हुन् । उनका ताङ्कामा पुरुषले महिलामाथि गरेको अन्याय र अत्याचारको पर्दाफास गरिएको छ । मानव जीवनका भोगाइमा आएका शुभ अशुभ, सोझा बाङ्गा, ठीक बेठीक, सहज असहज, अनुकूल प्रतिकूल, सुख दुःख, प्रेम विछोड, संयोग वियोग, हाँसो रोदन, जस्ता द्वैध प्रपञ्चका विषयलाई ताङ्कामा सहजपूर्वक उल्लेख गरिएका छन् ।

### ४.१.३१ उदय अपेक्षा सावदेन (२०४०)

पचासको दशकको उत्तरार्धमा ताङका सिर्जनामा सक्रिय रूपमा लागेका उदय अपेक्षा विविध विधामा कलम चलाउने प्रतिभा हुन् । उनका ताङकामा तत्कालीन द्वन्द्वको त्रास, हिंसा, मृत्युका घटनाको चित्रण भेटिन्छ । सामाजिक दुर्नियति, खस्कँदो मानवीय संवेदना, विकृति, विसङ्गतिले जन्माएको तीतो यथार्थलाई व्यङ्ग्यात्मक शैलीमा पर्दाफास गरेका छन् । सरल भाषा शैलीले ताङका सहज बन्न पुगेको देखिन्छ ।

### ४.१.३२ उदय पन्दाक (२०३६)

नेपाली ताङकाको परम्परामा सशक्त ताङका लेख्ने अर्का लेखक उदय पन्दाकको नाम पनि महत्त्वपूर्ण रहेको छ । पन्दाकले आफ्ना ताङकामा नेपाली समाजमा देखे भोगेका सामाजिक अवस्था, राजनीतिक पद्धति, आर्थिक विनियोजन, नैतिक व्यवहार, वैचारिक स्वतन्त्रता, शैक्षिक विकासदेखि लिएर हालसम्मका विषयवस्तु समेटेका छन् । वर्तमान समयसम्मको अवधिमा उक्त क्षेत्रमा देखिएको अनियमितता, अदुरदर्शिता, अन्याय, दमन र शक्तिको आडमा गरिने मनोमानी व्यवहार गरिबी बेवारिसे अवस्था आधिकारिक निकायमा बसेका मानिसहरूको साधारण जनताहरूप्रति गरिने तिरस्कार, गैरजिम्मेवारी क्रियाकलाप, नातावाद र क्रिपावादको घृणित व्यवहार जस्तो अत्यन्त तीतो, पीरो र टर्रो अनुभूतिलाई ताङकाको केन्द्रिय विषयवस्तु बनाएर रचना गरिएका छन् ।

### ४.१.३३ उदासी पान्थरे कान्छा (२०४१)

साहित्यमा उदासी पान्थरे कान्छा सक्रिय प्रतिभा हुन् । उनले वि.सं. २०६० साल पछि ताङका लेखन गरेका देखिन्छन् । उनले ताङकामा खस्कँदो मानवता, आस्था र आर्थिक अवस्थाको बारेमा चिन्ता प्रकट गर्दै पीडित जनसमूहप्रति एकातिर सहानुभूति दिएको पाइन्छ भने अर्कोतिर आजको मानिसभित्र पलाउँदै गएको पाशविक वर्वर प्रवृत्तिप्रति असन्तुष्टि व्यक्त गरेका

छन् । यसका अलावा नारी पुरूषका प्रेमानुरागलाई जीवनको स्वतन्त्रता, मौलिकता र अस्तित्वको लागि गरिने संघर्षका पक्षहरूलाई पनि ताङकाको विषय क्षेत्र बनाएका छन् ।

### ४.१.३४ कपिलदेव खनाल

ताङका सिर्जना फाँटमा कपिलदेव खनालले आफूलाई वि.सं. २०६० सालदेखि आफूलाई सक्रिय तुल्याएका छन् । उनका ताङकामा व्यङ्ग्य, छटपटी, विषम सामाजिक परिवेश, प्रकृति र जीवनको घनिष्टता झल्किन्छ । मोफसलमा 'बस साहित्य' आन्दोलनको एक प्रवर्तक पनि हुन खनाल । यसरी काव्यिक सौन्दर्यको खोजी गर्दै ग्रामीण परिवेश, सुख, दुःखलाई ताङकामा उतारेका छन् । यो कार्यशैली नवीन मौलिक संरचना र साहित्यिक सांस्कृतिक यात्रा निर्माणमा होमिएका उनी ताङकामा नवीनता खोज्ने प्रयत्नमा देखिएका छन् ।

### ४.१.३५ कमल मिश्र (२०४२)

शिक्षण पेशासँगै साहित्य सिर्जनामा जुटेका अर्का प्रतिभा हुन कमल मिश्र । उनले सामाजिक परिवेशका घटनाहरू र मान्छेकै मनोवृत्तिका क्रिया, प्रतिक्रिया र उसका व्यवहारलाई नै ताङका लेखनको केन्द्रिय विषय बनाएका छन् । भय, तनाव, पीडा र मृत्युग्रस्त जीवनको अमूर्त, असङ्गत, अनियमितता र नमिलेको पक्षलाई विसङ्गतिवादी चिन्तनमा रहेर समसामयिक कटुसत्यलाई ताङकामा प्रस्तुत गरेका पाइन्छन् ।

### ४.१.३६ कुमार खरेल

वि.सं.२०६० सालपछि ताङका सिर्जनामा सक्रियता देखाएका सर्जक हुन कुमार खरेल । उनले देशमा चलेको हिंसालाई समाधान गर्ने सिर्जनशील उपाय खोजेका देखिन्छन् आफ्ना ताङकामा । यथार्थमा देशप्रेम, माटोको माया र प्राकृतिक सौन्दर्य आदि विषयमा ताङका लेखन गरेका छन् । उनका ताङकामा

न्याय र अन्यायको नापजाँच गरिएको छ । ताङकाले राष्ट्रियता, प्रेम र प्रणयको समान सौन्दर्य र सार्वभौम तत्त्वको खोजी गरेका छन् ।

### ४.१.३७ **कृसु क्षेत्री** (२०३२)

नेपाली साहित्यमा कृसु क्षेत्री स्थापित नाम हो । उनका प्रकाशित कृतिहरू **अर्द्धमुद्रित आँखाहरू** (गजल सङ्ग्रह), **आगोको मुर्च्छना** (विलयन काव्य) **बोधिसत्वको मृत्यु उत्सव** (कविता सङ्ग्रह) रहेका छन् । वि.सं. २०६० सालदेखि प्रकाशित भएका उनका ताङकामा शास्त्रीय मिथक, बिम्ब, आधुनिक प्रयोगात्मक संरचनाले संवेदनाबोध गराएको छ । विलयन लेखनका प्रवर्तक मध्ये एक समेत रहेका क्षेत्री ताङका लेखनमा पनि उत्रिएका छन् । प्रकृतिसँग मित लगाउँदै ऋतुजन्य बिम्ब र प्रतीकसँग वर्षिएका छन् । सूक्ष्म अभिव्यक्ति, कलात्मक र सुन्दर भाषाशैलीलाई आत्मसाथ गरेकाले उनका ताङका सहज र सरस देखिन्छन् ।

### ४.१.३८ **खड्गनारायण आङ्देम्बे** (२०३६)

वि.सं.२०६० सालदेखि ताङका लेखनमा सक्रिय रहेका खड्गनारायण आङ्देम्बे मोफसलमा बसेर साधनारत प्रतिभा हुन् । उनले ताङकामा पितृसत्तात्मक समाज, परम्परागत आस्था, विश्वासबाट उत्पन्न नारी बुहार्तन र जीवनका जटिलता आदि नकारात्मक प्रवृत्तिमाथि व्यङ्ग्य गरेका छन् । जनजीवनका समस्याप्रति ताङकाकारले ताङका लेखेका देखिन्छन् ।

### ४.१.३९ **गजेन दासी** (२०३५)

गाउँघरका प्राकृतिक बिम्बले सजाएर सुन्दर ताङका लेख्ने गजेन दासी मोफसलका प्रतिभा हुन् । ताङकामा प्रेमको भावुकता, आवेग, संवेग, सन्देह र कुतूहलताको प्रवलतालाई कलात्मक रूपमा प्रस्तुत भएका छन् । समाज सापेक्ष उच्च र गरिमामय पक्षलाई बडो शिष्ट शैलीमा प्रस्तुत गरिएका छन् । उनले नारी पुरुषका प्रेमानुरागलाई सुन्दर रूपमा अभिव्यक्त गरिएका छन् ।

### ४.१.४० गणेश राई

ताङका कविता प्रकाशनको दृष्टिले वि.सं. २०६० पछि देखिएका राईका ताङकामा परिस्थितिजन्य संचेतना प्रकट भएको पाइन्छ । चित्रात्मक शैलीको अनुभूति र यथार्थको खोज नै ताङकाको मर्म बन्न पुगेको छ । प्रकृतिमुखी, यथार्थ र सांस्कृतिक लेखन चरित्रको ताङका सिर्जिएका छन् । उनका ताङकाहरू सरल, सरस र कर्णप्रिय छन् । ताङकामा बिम्ब र प्रतीकको मञ्च प्राप्त गर्न सकिन्छ । हिंसा र आतङ्कको दोहोरो चपेटाले पीडित जनताको ध्वनि समेत प्रतिबिम्बित भएको छ । प्रकृतिको अपार अर्चना जस्तै हिंसाजन्य मादकताको विपरीत मानवताको खोजी, दासताको मुक्ति र उन्मुक्तिको गहन भऱ्याङ चढ्दै गरेको झैं लाग्दछ राईका ताङकाहरु ।

### ४.१.४१ गोपीकृष्ण ढुङ्गाना 'पथिक'

वि.सं.२०६० सालपछि गोपीकृष्ण ढुङ्गाना पथिक ताङका लेखनमा उदाएका हुन् । शून्य आभाष, समसामयिक चित्रण, कालरात्रीको अन्त्य र उज्यालोको खोजी पथिकको अहिलेको लेखन शैली हो । ताङकामा शान्ति र क्रान्तिको सुन्दर बिम्ब समायोजन भएको पाइन्छ । हाम्रो सुख, दुःखको ढुकढुकी प्रतिबिम्बित भएको छ । ताङकामा स्वतन्त्रसँग कुरा गर्न रुचि राख्ने पथिक आत्म स्वभिमानको कुरा गर्छन् । यसरी उनले ताङका साधनामा सुन्दर भविष्य खोजेका छन् ।

### ४.१.४२ चन्द्रकला शाह (२००६)

वि.सं.२०६० सालपछि चन्द्रकला शाह हाइकु र ताङका सिर्जनामा सक्रिय देखिएकी छिन् । लोक गीत सङ्कलन तथा गायन दुवैमा सक्रिय शाहले वि.सं.२०६१ सालमा **'आँधी आएर'** हाइकु र ताङका सङ्ग्रह प्रकाशित गरेका छन् । उनका ताङकामा गीतिलय, लोक जीवन, प्रकृतिको चित्रण, नारीत्वको खोज, सांस्कृतिक चेतना, सरल, कोमल, शृङ्गारिक तथा आध्यात्मिक प्रभाव समेत प्राप्त गर्न सकिन्छ । उनी आफै गायिका भएकाले पनि ताङकामा

लयात्मकता र पद्यमयता उत्तिकै पाउन सकिन्छ । समग्रमा नेपाली ताङका कविता परम्परामा उनी अग्रपङ्तिमा देखिन्छिन् ।

### ४.१.४३ चन्द्र 'रसिक' राई

वि.सं. २०६० देखि चन्द्र रसिक राई ताङका सिर्जनामा होमिएका देखिन्छन् । उनले आफ्ना ताङकामा क्षणिक यौन कुण्ठा र द्वन्द्वलाई उत्तेजित शैलीमा उतारेका छन् । देशको माटो, जीवन र जगतको सूक्ष्म विषय ताङकामा प्रस्तुत गरेका छन् ।

### ४.१.४४ टङ्क सेलिङ कान्छा (२०४४)

नेपाली ताङका सिर्जनामा उत्कृष्टता ल्याइसकेका प्रतिभा हुन टङ्क सेलिङ कान्छा । उनले विभिन्न प्राकृतिक बिम्बको कुशल संयोजन गरेका देखिन्छन् । जीवनका अभावग्रस्त अवस्था, पीडाले किचिएको दिनचर्या जस्ता मानवीय समस्यालाई सुन्दर रूपमा उनले प्रस्तुत गरेका छन् । अन्य ताङ्काकर्मीकोमा झैं जीवनका स्वतन्त्रता, जिजीविषा, अकर्मण्यता, शून्यता, अभाव, अपराध, नियति, विवशता, कुसंस्कार, विसङ्गति, विडम्बना आदि विषयवस्तुको प्रस्तुति नै ताङकाकार श्रेष्ठका ताङकाका केन्द्रिय भावका रूपमा रहेका छन् ।

### ४.१.४५ तारा लाओती (२०४५)

वि.सं. २०६० देखि ताङका विधामा तारा लाओती सक्रिय कलम चलाउदै आएकी ताङकाकर्मी हुन् । उनले नारी पीडा, कुण्ठा र उत्पीडनलाई छर्लङ्ग्याएकी छिन् । प्रेमको उन्माद पनि सृष्टिको अस्तित्वको संरक्षण भएको दार्शनिक भाव समेत उनका ताङकामा प्रस्तुत भएका छन् । नारी मनोविज्ञानलाई कलात्मक रूपमा अभिव्यक्त गरेका छन् । प्रेमलाई उपयोगी साधन मात्र सम्झिने पुरुष प्रति घृणा व्यक्त गरेका छन् । स्रष्टा लाओतीका ताङकाले प्रकृति र समसामयिक दुवै विषयमा बिम्बको सुन्दर संयोजनले पाठकमा प्रभाव छाड्न सफल रहेको पाइन्छ ।

### ४.१.४६ ताराहाङ तावा (२०३७)

नेपाली साहित्यमा ताराहाङ तावा पचासको दशकदेखि नै ताङका सिर्जना क्षेत्रमा सक्रिय कवि हुन् । विभिन्न साहित्यिक पत्रपत्रिका सम्पादनमा क्रियाशिल रहेका तावा ताङका विकासका सुरुवात समयमा महत्त्वपूर्ण योगदान दिने व्यक्तिमा पर्दछन् । उनका ताङकामा समाजका राजनैतिक घटना परिघटनाको चित्रण घनीभूत रूपमा गरेका देखिन्छन् । संक्षिप्त र सूत्रात्मक संरचनामा जे भन्नु पर्ने हो त्यही कुरा वा विषयवस्तुलाई तीखो तर मीठो रूपमा प्रस्तुत गर्ने कला उनको ताङका लेखनमा पाइन्छ । चित्रबिम्ब पद्धति र मुक्तकीय पद्धतिको प्रयोगबाट सामाजिक, राजनीतिक, आर्थिक, वैयक्तिक, समस्यामूलक विषयवस्तुको चित्रण गरेका छन् । परिवेश घटना र वस्तु आदिको पूर्वापर सम्बन्धको अनावश्यक व्याख्या नगरेर खदिलो, चुस्त र दुरुस्त रूपमा ताङका सिर्जनामा उनी सफल देखिएका छन् । चाँडै ताङका सङ्ग्रह प्रकाशनको तयारीमा रहेका तावाको नेपाली ताङका विकास प्रकृयामा महत्त्वपूर्ण देन रहँदै आएको छ ।

### ४.१.४७ तीर्थकुमारी वाइवा (२०४३)

नेपाली साहित्यमा उदाएका उत्साही नारी हस्ताक्षर हुन तीर्थकुमारी वाइवा । उनले **'दुखाई भित्रका आवाजहरू'** गजल सङ्ग्रह प्रकाशित गरेका छन् । उनले ताङकामा एउटा सुसभ्य न्यायपूर्ण समाजको आशा प्राप्त गर्न सकिन्छ । असहाय र निमुखा वर्गहरूप्रति गरिने कुनै पनि किसिमका नीच व्यवहारप्रति तीव्र विरोध र निमुखा वर्गहरूप्रति सहानुभूति प्रकट गरिएका उनका ताङकाहरू सरल, सुबोध्य र मार्मिक रहेका छन् । सामाजिक परिदृश्यका तमाम वास्तविक घटनाहरूसित सम्बन्धित जीवनका अभाव, शोषण, दमन, अनियमितता, भ्रष्टाचार तथा प्रेमप्रणयमा आइपर्ने घात, प्रतिघात, आदि विषयलाई कलात्मक रूपमा ताङकामा सजाएका छन् ।

### ४.१.४८ तीर्थराज वन्त

साहित्यमा तीर्थराज वन्त कविता, हाइकु र ताङ्का आदि विधाको सिर्जनामा सुपरिचित स्रष्टा हुन् । उनले आत्मकेन्द्रित र यथार्थबोधक अभिव्यक्ति आफ्ना ताङ्कामा सजाएका छन् । जीवन र जगतका कतिपय क्रिया र प्रतिक्रियामा आधारित भई सिर्जनाकर्ममा लाग्नु उनको आफ्नो विशेषता हो । समग्रमा यथार्थपरक, आत्मपरक र शृङ्गारयुक्त लेखन प्रवृत्ति उनका  ताङ्कामा बिम्ब र प्रतीकका साथ देखा पर्दछ ।

### ४.१.४९ दिव्य गिरी (२०११)

नेपाली साहित्यमा गजल विधामा स्थापित नाम हो दिव्य गिरी । उनको **सागर लहर किनार** (२०४९) गजल सङ्ग्रह प्रकाशित भएको छ । उनी वि.सं. २०६० सालदेखि ताङ्का साधनामा देखापरेका स्रष्टा हुन् । ताङ्कामा आशै आशाका गीत भेटिन्छन् । प्राकृतिक सुन्दरताको बिम्ब संयोजनले ताङ्का पनि उत्कृष्ट बनेका छन् । प्रेम प्रणयका रूप बिहानीको गीतमा झैं टलक्क प्रतिबिम्बित बन्न पुगेको छ । उनले विकृति र विसङ्गतिप्रति पनि तीखो प्रहार गरेका छन् । अविश्रान्त शैलीका सुसुचित आधारहरू ताङ्का सिर्जनामा त्यत्तिकै देखिन्छन् ।

### ४.१.५० दीपक सुवेदी

ताङ्का लेखनमा दीपक सुवेदी अर्का प्रतिभा हुन् । विभिन्न विधामा कलम चलाउने सुवेदी वि.सं. २०६० देखि ताङ्का सिर्जनामा देखा परेका प्रतिभा हुन । उनले सामाजिक जीवनका विविध मोड, अभाव, दैन्य, कलुषित भावना, प्रकृति, असङ्गति, अमानवीय व्यवहार र खस्कदो मानवीय मूल्य मान्यतालाई बिम्बात्मक, प्रतीकात्मक र व्यङ्ग्यात्मक भाषाशैली मार्फत सशक्त ताङ्काहरू उनले लेखेका छन् । ग्रामीण जीवनका यथार्थलाई नगरमुखी वास्तविकता कृतिमता ईर्ष्या र छद्म व्यवहारलाई बढी चित्रण गरेका छन् ।

### ४.१.५१ दीला मुक्साम लिम्बू (२०३७)

ताङका कवितामा प्रसस्तै प्रेम र प्रणयका भाव प्रस्तुत गर्ने दीला मुक्साम पाँचथरका प्रतिभा हुन् । अबोध र निरीहपनाको सुवासलाई किस्ताबन्दीमा सजिलै दिनुको पीडा, छटपटी र आक्रोस तीव्र देखिन्छ । शृङ्गारिक बिम्बको संयोजनले ताङका उत्कृष्ट बन्न पुगेको छ । अन्य विषयवस्तुले पनि उनका ताङकामा त्यत्तिकै ठाउँ पाएका छन् । त्यसैगरी ताङकामा यौन, जीवनप्रेम, राष्ट्रप्रेम, ग्रामीण जनजीवन, आफ्नो जातीय परम्परा आदिको सुन्दर बिम्ब प्रसस्त भेट्न सकिन्छ ।

### ४.१.५२ देवेन्द्र लाओती 'पराभूत' (२०३७)

पराभूत उपनामले परिचित देवेन्द्र लाओती पचासको दशकको उत्तरार्धमा देखिएका सक्रिय प्रतिभा हुन् । उनले सामाजिक विविधतालाई आकर्षक पारामा व्यक्त गरेका छन् । सामाजिक पृष्ठभूमिमा देखिएका गरिबीको कारण मानिसहरू भोकभोकै, नाङ्गै सुत्नु परेको स्थिति, रोग पालेर मर्नुपरेको स्थिति एकातिर छ भने अर्कोतिर अथाह सम्पत्तिका मालिक पनि यही समाजमा रहेका असमान स्थितिको चित्रण गरेका छन् ।

### ४.१.५३ धिरज गिरी कल्पित (२०३६)

नेपाली साहित्याकाशमा धिरज गिरी कल्पित काठमाडैंमा बसेर निरन्तर साधनारत स्रष्टा हुन् । उनी वि.सं.२०६० सालदेखि बढी सक्रिय देखिएका छन् । ताङकाकर्मी गिरीले आफ्ना ताङकामा उमेरजन्य अनुभूति, चञ्चल स्वभाव, कुटिल चरित्र आदिको चित्रण गरेका छन् । समाजका भ्रष्टता, अनियमितता, दमन, शोषण र अन्यायलाई व्यङ्ग्यात्मक शैलीमा प्रस्तुत गरेका छन् । युवा युवतीको असीम प्रेमोद्‌गार, समाजसेवी भनाउँदाको नक्कली अनुहार, न्यायको नाममा धोका जस्ता विषयलाई ताङकामा उल्लेख गरेका छन् । नेपाली ताङकाको विकास प्रक्रियामा धिरज गिरी कल्पितको महत्त्वपूर्ण योगदान रहेको छ ।

### ४.१.५४ नवीन लोयम लावती (२०३५)

पाँचथरमा बसेर नेपाली साहित्यमा साधनारत स्रष्टा हुन् नवीन लोयम लावती । पचासको दशकको उत्तरार्धमा देखिएका लावती ताङका लेखनमा सक्रिय रूपमा रहेका छन् । उनले आफ्ना ताङका सिर्जनामा सामाजिक दुर्नियति, खस्किदो मानवीय संवेदना, विकृति, विसङ्गतिले जन्माएको तीतो यथार्थलाई व्यङ्ग्यात्मक शैलीमा पर्दाफास गरेका छन् । नारी पुरुषको बीचमा हुने प्रेम, वासना, मानसिक आवेग, संवेग, राग, अनुरागमूलक द्वन्द्वलाई टपक्क टिपेर ताङकामा सजाएका छन् । उनी उत्कृष्ट ताङका स्रष्टाका रूपमा रहेका छन् ।

### ४.१.५५ निशेष सुब्बा (२०४५)

ताङका लेखनमा वि.सं. २०६० सालदेखि सक्रिय रहेका निशेष सुब्बा युवा प्रतिभा हुन् । उनका ताङकामा समसामयिक युगबोधको राम्रो चित्रण पाइन्छ । समकालीन सामाजिक, राजनीतिक क्षेत्रमा देखिएका विषमताप्रतिको व्यङ्ग्य विद्रोह नै सघन रूपमा प्रस्तुत भएका रचनाहरू बढी मात्रामा रहेका पाइन्छन् । ताङकामा व्यक्ति, परिवार, समाज, देश र विश्वलाई समेत समग्र नियाल्ने प्रयास गरिएका छन् ।

### ४.१.५६ पराजित (२०४१)

पचासको दशकको उत्तरार्धमा ताङका सिर्जनामा देखिएका पराजित नेपाली साहित्यमा सशक्त हस्ताक्षर हुन् । पराजितका 'सूत्र मंगल धून' गजल सङ्ग्रह प्रकाशित भइसकेको छ । उनका ताङकामा आकर्षक र सान्दर्भिक प्रतीकहरूको प्रयोग गरी वर्तमान विकृति, अन्योल, द्वन्द्व, सन्त्रास, अभाव, दमन, हैकम, जातीय भेदभाव र मानिसको मनभित्र रहेको रागात्मक अनुभव र अनुभूतिलाई मार्मिक रूपमा अभिव्यक्त गरिएका छन् । पराजित उत्कृष्ट ताङका सिर्जनाकारका रूपमा देखिएका छन् ।

### ४.१.५७ प्रकाश पौडेल 'माइला'

साहित्यमा हाइकु र ताङका सिर्जनामा सक्रिय नाम हो प्रकाश पौडेल माइला । उनले रुग्ण समाजले दिने परिणाम र मूल्यका विषयमा ताङका लेखेका छन् । प्रेम प्रणयका विषयले पनि उत्तिकै स्थान पाएका ताङकामा सामाजिक र राजनैतिक वेथितिको तीखो व्यङ्ग्य प्रहार गरिएको छ । सुखद भविष्यभन्दा पर मलमको नाममा स्वार्थपरक ढङ्गले नुन घाउमा छर्किन पुगेको दृष्य उनका ताङकामा खिचिएका छन् । बिम्ब र प्रतीकको संयोजनले ताङका सम्प्रेषणीय बनेका छन् ।

### ४.१.५८ पृथराज थेगिम (२०४२)

मोफसलमा बसेर साहित्य साधनामा सक्रिय रूपमा कलम चलाउने साहित्यकर्मी हुन् पृथराज थेगिम । उनले वि.सं. २०५० सालको उत्तरार्धबाट ताङका लेखनमा सक्रियता देखाएका हुन् । उनले सामाजिक, राजनीतिक, मानवीय आचरणमा देखिएका विषमता, विसङ्गति, अन्याय, अत्याचार, अनियमितता जस्ता विषयको उद्घाटन गर्दै व्यङ्ग्य प्रहार गरेका छन् । ताङकाले युगीन समाज, देश, राष्ट्र र मानिसमा देखिएको कमजोरीलाई औंल्याउँदै सामाजिक सुधारको समेत सन्देश दिएका छन् । कवि पृथराज थेगिम ताङका साहित्यका सक्रिय ताङकाकर्मी हुन् ।

### ४.१.५९ प्रेयसी माङलाक (२०३५)

ताङ्का सिर्जनामा कलम चलाउने प्रतिभाका रूपमा प्रेयसी माङलाक पनि देखिएका छन् । उनले ताङकामा बिम्ब र प्रतीकको समायोजन कलात्मक पारामा गरेका छन् । जन्म र मृत्युकाबीच आन्तरिक पीडा, क्षोभ, भत्कोस र कमजोरीका साथै समयमा प्रचलित पुराना संस्कार, मान्यता, रुढिगत परम्परा आदिले वर्तमान समयमा ग्रसित गराएको प्रसङ्गलाई पनि उठाउँदै विद्रोहात्मक भाव आफ्ना ताङकामा उनले प्रस्तुत गरेका छन् ।

### ४.१.६० भावना राई (२०३९)

नेपाली ताङ्का लेखनमा भावना राई पाँचथरका प्रतिभा हुन् । उनका ताङ्कामा कौतुहलता घुसेको हुन्छ । चेतन र अवचेतनको अभिव्यक्त झझल्को उनका रचनामा प्राप्त गर्न सकिन्छ । वैयक्तिक तर्कलाई सामर्थ्यमा उतारेकी छिन् ताङ्काकर्मी राईले । स्वतन्त्र अस्तित्व र क्रान्तिकारी बिम्ब समायोजन गरेका छन् ।

### ४.१.६१ मंगल अन्जान वेघा (२०४२)

नेपाली साहित्यमा मंगल अन्जान वेघा विभिन्न विधामा कलम चलाउने स्रष्टा हुन् । अनुभव र अनुभूतिका पुञ्जहरूलाई छोटो मीठो र प्रभावकारी ढङ्गमा भन्न सक्नु ताङ्का सिर्जनाकालागि ठूलो क्षमताको कुरो हो । अत्यन्त अनुभवी र परिपक्व व्यक्तिले मात्र त्यो संक्षिप्ततालाई ग्रहण गरी आफ्नो कला प्रस्तुत गर्न सक्दछ । त्यस्तो कला वेघाका ताङ्कामा प्राप्त गर्न सकिन्छ । उनले आफ्ना ताङ्कामा अरू सर्जकलेझैं नेपाली समाज, प्रशासन, राजनीति आदि क्षेत्रमा देखा परेका विकृति विसङ्गतिहरूको यथार्थ चित्रण गर्नुका साथै व्यङ्ग्य विद्रोह समेत प्रस्तुत गरेर मंगल वेघाले ताङ्का सिर्जना गरेको पाइन्छ ।

### ४.१.६२ मदन मुर्छना (२०४२)

नेपाली साहित्यको ताङ्का लेखन परम्परामा देखा परेका सशक्त र होनहार स्रष्टा प्रतिभा मध्येका एक हुन् मदन मुर्छना । मानिसको स्वार्थीपन ईर्ष्यालुपन, झगडिया प्रवृत्ति र लोभीपन जस्ता क्षुद्र व्यवहारलाई उनले आफ्ना ताङ्कामा प्रस्तुत गरेका छन् । राज्यको तहमा प्रशासनिक क्षेत्रमा हुने ढिलासुस्ती र अनियमितता, समाजमा हुनेखाने वर्गले असहाय र निम्न वर्गमाथि गर्ने विभिन्न प्रकारको शोषण र हेपाहा प्रवृत्तिमाथि घोर व्यङ्ग्य गरेर लेखिएका ताङ्काहरू पनि सिर्जना गरेका छन् । यसरी उनले सामाजिक जनजीवनमा घटने घटनाहरू नै ताङ्काको प्रमुख विषयवस्तु बनाएर ताङ्का लेखन गरेका छन् ।

### ४.१.६३ मणि लोहनी

हाइकु, कविता, गीत, निबन्ध र कथा जस्ता विधामा परिचय बनाइसकेका मणि लोहनीले वि.सं.२०६० सालबाट ताङका सिर्जनाको शुभारम्भ गरेको देखिन्छ । अनुभूतिजन्य स्पर्ष, कलात्मक बिम्ब, सूक्ष्म व्यङ्ग्य, सापेक्षतामा शृङ्गारिकपन, स्वतन्त्रताको गीत, सामन्ती मनोवृत्तिप्रति घृणा र आमूल परिवर्तनकारी चेतना उनका भोगाइका रङहरू हुन् । प्रतीकात्मक भाषा शैलीमा निरङ्कुशताबाट उन्मुक्ति खोज्नु ताङकाकार लोहनीको केन्द्रीय लेखन देखिएको छ ।

### ४.१.६४ मधुसुदन गिरी

नेपाली साहित्यको समालोचना, व्यङ्ग्य, कविता, हाइकु, र ताङका लेखनमा मधुसुदन गिरी सक्रिय स्रष्टा हुन्  । उनले हाइकु २०४५ सालदेखि लेख्न थाले पनि ताङका भने भर्खरै लेख्न थालेका देखिन्छन् । उनका ताङकामा मानवीय व्यवहारको यथार्थ पक्षको चित्रण तथा विद्रोह र चुनौतीको खोज भएको छ । त्यसैगरी विवेक र समझदारी विहीन धार्मिक आडम्बर भएको आत्मधारणा पनि उनले  ताङकामा उल्लेख गरेका छन् । सूक्ष्म चेतना र प्रगतिशील चिन्तनका कुशल प्रतिभाका रूपमा चिनिने गिरीका ताङकामा सटीक बिम्ब र प्रतीकको संयोजन भएको छ ।

### ४.१.६५ मनोज न्यौपाने (२०३४)

ताङकामा मनोज न्यौपानेले प्रकृति र मानवीय संवेदनाप्रति गहिरो सम्बन्ध देखाउने प्रयास गरेका छन् । जीवनको सूक्ष्म र साधारण घटना आदिको अवस्थाप्रति मनोज न्यौपानेको ताङकामा प्राप्त ध्यानले जापानी जेन परम्पराको सम्झना दिलाउँछ । प्रकृति र मानवबीचको सम्बन्धलाई नङ र मासुको जस्तो प्रस्तुत गर्नु उनका ताङकाको छुट्टै विशेषता रहेको छ । उनी ताङका बारे चर्चा परिचर्चा गर्ने कार्यमा पनि सक्रिय रहेका छन् ।

### ४.१.६६ मिलन राई (२०३५)

गद्य कवितामा जस्तो प्रकीर्ण भावाभिव्यक्तिको विन्यासात्मक ताङका सिर्जनामा मिलन राई पनि देखिएका छन् । उनी वि.सं.२०६० सालपछि देखिएका सक्रिय ताङका सर्जक हुन् । ताङकामा समसामयिक नेपाली समाज र जीवनको वस्तुस्थिति र वास्तविकतालाई देखाउन सफल देखिएका छन् । उनले विद्यमान सामाजिक, राजनैतिक, सांस्कृतिक विसङ्गति, आर्थिक अनियमितता, अनैतिकता, अन्याय, शोषण, अभाव, यौनिक कुलत, मानिसको छद्म चरित्र र व्यवहारलाई सुन्दर ढङ्गले ताङकामा प्रस्तुत गरेका छन् ।

### ४.१.६७ मिलन समीर

वि.सं.२०६० सालदेखि ताङका रचनामा देखापरेका ताङकाकर्मी हुन् मिलन समीर । उनी कतै क्रान्तिबोध गर्न पुगेका छन् भने कतै प्रेमप्रणयको पुष्पहरू फुलाउने प्रयत्नमा छन् । अभिशप्त समयको वेगले फैलाएका कर्तुत र असान्दर्भिक विषयप्रति उनले ताङकामा  सूक्ष्म असहमति व्यक्त गरेका छन् । बिम्बात्मक र प्रतीकात्मक शैलीगत विधानमा समीरको कुशलताले ताङ्का स्तरियता तर्फ अग्रसर छन् ।

### ४.१.६८ मिश्र वैजयन्ती (२०२५)

नेपाली साहित्यमा मिश्र वैजयन्ती विराटनगरमा बसेर साहित्यको विविध विधामा कलम चलाइरहेका प्रतिभा हुन् । उनका प्रकाशित कृतिहरू **मोरङका समकालीन कविता**, सहलेखन (२०६०), **संवेदनाका नागवेलीहरू** (२०६२) रहेका छन् । उनी ताङका विधामा पनि सक्रिय स्रष्टा हुन् । शृङ्गारिक बिम्ब समायोजन, वर्तमान यथार्थको खोज र प्रकृतिको अगाध प्रेमले ताङका सिर्जनालाई बढी नै सक्रिय तुल्याएको  देखिन्छ । जीवन र जगतका विषयवस्तुलाई विम्बात्मक र प्रतीकात्मक रूपमा  उत्कृष्टताका साथ उनले ताङकामा प्रस्तुत गरेका छन् ।

### ४.१.६९ मित्रबन्धु पौडेल

नेपाली साहित्यमा मित्रबन्धु पौडेल साधनारत स्रष्टा हुन् । उनले आफ्ना ताङकामा अनुभव र अन्तरसंवाद पश्चात सरल व्यङ्ग्य चेतना कसेका छन् । सामाजिक, राजनीतिक परिस्थितिजन्य जड संरचनामाथि बज्रपात गरेका छन् । विडम्बनाबोध र कौतूहल प्रकट गरेका पौडेलले आतङ्कप्रति विमति, घृणा र निन्दा, स्वतन्त्र बिम्ब संयोजन एवं उन्मुक्तिको लेखनलाई प्रस्तुत गरेका छन् ।

### ४.१.७० मुरारीप्रसाद सिग्देल

कविता, हाइकु र ताङका आदि काव्य विधामा सक्रिय नाम हो मुरारी प्रसाद सिग्देल । उनले ६० को दशकबाट ताङका लेख्न थालेका देखिन्छन् । ताङकामा प्राकृतिक र ऋतुबोधक बिम्बलाई आत्मसाथ गर्न पुगेका छन् । ज्ञान, विज्ञान, मृत्यु र प्रेमलाई यथार्थ रूपमा उनले आफ्ना रचनामा व्यक्त गरेका छन् । विरोधाभास, मानसिक द्वन्द्व र आकस्मिक घटनालाई उनले सहज रूपमा चित्रण गरेका छन् ।

### ४.१.७१ युवराज गैरे

युवा पुस्ताका ताङकाकार युवराज गैरेले वि.सं.२०६० सालपछि आफूलाई ताङका सिर्जनामा सक्रिय पारेका हुन् । गैरेले आफ्ना ताङकामा मानवीय जनजागरणको शाश्वत पक्ष पनि शून्यताबाट परिकल्पित भएको झझल्को भेटिन्छ । युद्ध र द्वन्द्वले निम्त्याएको विभत्स दृष्यको चित्रण र अस्थिर नेतृत्वले उत्पन्न हुने भयावह परिस्थितिलाई उनले गम्भीर रूपमा चित्रण गरेको देखिन्छ । उनका ताङकाले मूलतः समसामयिक यथार्थलाई अङ्कित गरेको देखिन्छ । उनले बिम्ब र प्रतीकलाई आफ्नै स्थलगत परिवेशमा ढालेर प्रस्तुत गरेका छन् ।

### ४.१.७२ रमेशप्रसाद सागर

पचासको दशकदेखि नै हाइकु र ताङका सिर्जनामा रमेशप्रसाद सागर निरन्तर लागि परेका छन् । सरल र जटिल काव्य संरचनाको मध्यमार्गी सिर्जना

सागरको विशेषता नै हो । उनका ताङकामा प्राकृतिक बिम्बको अधिकतम प्रयोगमा सूक्ष्म र चोटिलो प्रहार भेटिन्छ । ताङकामा नवीनानुभूति रहेको पाइन्छ । जीवन र जगत उन्मुख लोकप्रिय शब्दावलीको सार्थक प्रयोगले उनको ताङका सिर्जनामा नयाँ गति प्रकट भएको अनुभूत हुन्छ । नेपाली प्रकृति र प्रवृत्तिले पुरै सुशोभित रहेका छन्  सागरका ताङकाहरू ।

### ४.१.७३ राजकुमार एलोन

ताङका सिर्जनामा राजकुमार एलोन वि.सं.२०६० सालपछि मौलिक चिन्तन र परिकल्पनालाई सतहमा देखाउन पुगेका स्रष्टा हुन् । उनका सिर्जनाले जीवनका अनेकौं आरोह अवरोहलाई कलात्मकताकासाथ प्रस्तुत गरेका छन् । एउटै विषय सन्दर्भ पनि सुन्दर र कुरूप बन्न सक्छ भन्ने जिज्ञासा ताङकाकारको देखिन्छ । सोचेका कुरालाई उनी अचम्म र रहस्यमय देख्न पुगेका छन् । त्यसो त ताङकाको भाव र विषयमा बिम्ब र प्रतीकमा थप ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।

### ४.१.७४ राजकुमार खड्का (२०३७)

वि.सं.२०६० सालदेखि ताङका लेखनमा सक्रियता देखाएका प्रतिभा हुन् राजकुमार खड्का । कुनै पनि अवस्थामा भोगिएका घटना आदिलाई सजीव रूपले दृश्यात्मक चित्रबिम्बमा उतारेर उनले ताङकाहरू लेखेका  पाइन्छन् । खस्कँदो मानवता, आस्था र आर्थिक अवस्थाको बारेमा चिन्ता प्रकट गर्दै पीडित जनसमूहप्रति एकातिर सहानुभूति दिएको पाइन्छ भने अर्कोतिर आजको मानिसभित्र पलाउँदै गएको पाशविक, बर्बर प्रवृत्तिप्रति असन्तुष्टि व्यक्त गर्दै व्यङ्ग्यात्मक रूपमा ताङका सिर्जना गरेका छन् ।

### ४.१.७५ राजु तुम्बापो  'सुधा' (२०३७)

साहित्यमा  'सुधा' उपनामबाट परिचित राजु तुम्बाम्पो पचासको दशकको उत्तरार्धमा देखा परेका प्रतिभा हुन् । उनका ताङकामा देखेका भोगेका भोगाइलाई अनुभव तथा विचारका पुञ्जका रूपमा प्रस्तुत गरिएका छन् ।

उनले ताङकामा समाजमा देखिएका अन्याय, अत्याचार, अनियमितता, उत्पीडन, शोषण, दमन, विकृति, विसङ्गति, कुरीति, कुसंस्कार र अर्थहीन व्यवहारप्रति धारिलो प्रहार गरेका छन् ।

### ४.१.७६ राजेन्द्र नेम्बाङ (२०४२)

वि.सं.२०६० सालदेखि राजेन्द्र नेम्बाङ सक्रिय ताङका लेखनमा लागेका देखिन्छन् । उनी राष्ट्रमा देखिएका राजनीतिक कुचक्र, सत्ता स्वार्थी राजनेताको भ्रष्ट र तुच्छ व्यवहारलाई निर्भीक भई यथार्थतालाई उदङ्ग्याउने काम गरेका छन् । उपयुक्त तहमा देखिएका अनियमितता, विसङ्गति र विकृतिप्रति विद्रोहात्मक चिन्तनको अभिव्यञ्जना पनि उनका ताङकामा पाइन्छन् ।

### ४.१.७७ राजेन्द्रबहादुर श्रेष्ठ

विगत पाँच दशकदेखि नेपाली साहित्यमा राजेन्द्र बहादुर श्रेष्ठले महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएका छन् । कविता, गीत, हाइकु आदि विधामा सिर्जनारत श्रेष्ठ हाल आएर ताङका लेखनमा पनि सक्रिय देखिएका छन् । प्राकृतिक सुन्दरताको सहायता लिएर मानवीय स्वरूप र स्वभावलाई चित्रण गर्नु उनको विशेषता नै हो । खासगरी श्रेष्ठले आफ्ना ताङकामा नेपाल र जापानको मानवता, भूगोल, प्रकृति र जीवनबारे चर्चा गरेका देखिन्छन् । उनले प्राकृतिक बिम्बको अधिक प्रयोग गर्दै आएका पनि छन् ।

### ४.१.७८ रामप्रसाद डोटेल 'वालक'

वि.सं. २०६० सालदेखि रामप्रसाद डोटेल वालकले ताङका सिर्जनालाई तीव्रता दिएका छन् । उनले आफ्ना ताङकामा आँशु, हाँसो, रगत र घाउले चहऱ्याइरहेको वर्तमानको दृश्य प्रस्तुत भएका छन् । शहीदको कथा,व्यथा, इतिहास निर्माण र द्वन्द्वहरू ताङका सिर्जनाका विषयवस्तु बनेका छन् । अनन्त सम्भावनासँगै प्रेमको गीत गाइएको छ । प्रकृति र मानवताका अर्चनाकारका रूपमा देखा परेका डोटेलका ताङकामा हत्या र हिंसाले आक्रान्त भएको नेपाली मुहारको चित्रण पनि व्यक्त गरेका छन् ।

### ४.१.७९ रासा

नेपाली साहित्यमा रासा स्थापित नाम हो । उनका ताङकामा परिवेश सम्म देखिएर पनि राजनीति धूमिल भएपछि सम्पूर्ण दर्शन आफै अस्पष्ट र त्रुटिपूर्ण हुने कुरा प्राप्त गरिन्छ । उनले हिंसा र प्रतिहिंसाको दोहोरो मार खेपिरहेका वस्तीहरूको चित्रण ताङकामा अघि सारेका छन् । ताङकामा रहस्य मार्ग, बन्द र संवेदनाको जिकिर फैलिन्छ । प्राकृतिक बिम्ब र समयवोधको गहन अध्ययन ताङकामा पाइन्छ ।

### ४.१.८० रूपा लाओती (२०४१)

नारीप्रति भएको अन्याय र अत्याचारको प्रतिकार भाव रूपा लाओतीका ताङकामा प्राप्त गर्न सकिन्छ । प्रेमको माध्यम बनाएर नारी अस्मितामाथि गरिएको अतिलाई उनले ताङकामा आक्रोशपूर्ण उदाङ्गो पारेका छन् । ग्रामीण परिवेशमा देखिएका इर्ष्या, द्वेष, मनमुटाब जस्ता विषयले प्रमुख ठाउँ पाएका देखिन्छन् । स्थानीय विषयवस्तुलाई महत्त्वकासाथ प्रस्तुत गर्नु रूपा लाओतीको मुख्य विशेषता देखिन्छ । उनी पाँचथरको गाउँमा बसेर साहित्य साधनामा तल्लीन प्रतिभा हुन् ।

### ४.१.८१ रेनुका भट्टराई

हाइकु लेखनमा सक्रिय रेणुका भट्टराई नारी हस्ताक्षरको रूपमा ताङका लेखनमा वि.सं. २०६१ सालदेखि बढी समर्पित देखिएका छन् । उनका ताङकामा शास्त्रीय काव्यिक तत्त्व, निख्खर प्राकृतिक भावना, नारी स्वर, ओजस्वी प्रेम र प्रणयले युक्त र समसामयिक यथार्थको चित्रण पाइन्छ । क्रान्तिचेतना बोध पनि त्यत्तिकै देख्न सकिन्छ । नारी ताङका सिर्जनामा उनको पृथक र मौलिक उपस्थिति रहँदै आएको छ ।

### ४.१.८२ लालबहादुर भुजेल

साहित्यमा लालबहादुर भुजेलले वि.सं.२०६२ सालदेखि आफूले ताङका लेख्न शुरु गरेको बताएका छन् । उनले ताङकामा सुख र दुःखका भिन्न कथा र

व्यथाहरू व्यक्त गर्दै आएका छन् । जालभ्mेल मोह भएका अहम्युक्त पात्रहरू घृणित र कुटिल बन्न पुगेको देखिन्छ । वर्तमान नैतिक र सामाजिक घात प्रतिघातमा केन्द्रित हुनुले ताङ्काकर्मी भूजेल निक्कै मर्माहत बन्न पुगेको महसुस हुन्छ । उनी ताङ्कामा स्थानीय संस्कृति, रहनसहन र रीतिरिवाजलाई पनि खिच्न सफल देखिएका छन् । बिम्ब संयोजनमा न्यूनता देखिएतापनि ताङ्का सम्प्रेष्य बन्न पुगेको छ ।

### ४.१.८३ वन्दना राई (२०३७)

साहित्यमा ५० को दशकदेखि ताङ्का सिर्जनामा देखिएका प्रतिभा हुन् वन्दना राई । उनी पनि मोफसल पाँचथरमा बसेर साहित्य साधनारत स्रष्टा हुन् । उनका ताङ्कामा नारी र पुरुषबीच, गरिब र धनीबीच अर्थात सम्पन्न र विपन्नबीच देखिएको गहिरो खाडललाई ताङ्का मार्फत प्रस्तुत गरेका छन् । काँडा, फूल, औंसी, चन्द्रमा, पर्खाल, आकाश जस्ता बिम्ब र प्रतीकले ताङ्कामा सुन्दरता ल्याएको छ । ताङ्कामा जीवनको प्रेमजन्य मादकताका अनुभूतिहरू कुँदेका छन् । प्रेमी र प्रेमिकाबीच हुने अन्तर संवादलाई ताङ्कामा कलात्मक रूपले कुँदेका छन् । गामवँसीका बिम्ब र प्रतीकहरू बढी टिपेर सुन्दर रचना गर्ने एक प्रतिभाका रूपमा उनी चिनिन्छिन् ।

### ४.१.८४ वसन्तकुमार बस्नेत (२०४३)

लघुकविताको निकट देखिने ताङ्काको ऐतिहासिक परम्पराको एक सशक्त प्रतिभाका रूपमा रहेका छन् कवि वसन्तकुमार बस्नेत । राजनीति र साहित्य दुवै क्षेत्रमा उत्तिकै सक्रियताका साथ लागि परेका बस्नेत गजल, हाइकु, मुक्तक, ताङ्का आदि विधामा सफल देखिन्छन् । नेपाली साहित्यमा पचासको दशकदेखि नै ताङ्का सिर्जनामा लागि परेका उनका ताङ्कामा सामाजिक, सांस्कृतिक र राजनीतिक क्षेत्रमा देखापरेका विकृति, विसङ्गति, विरोधाभास, विडम्बना, अनियमितता, अन्याय, भ्रम, वेइमानिपन, कुरीति जस्ता विषयहरूलाई कलात्मक रूपमा प्रस्तुत गरिएका छन् । उनका ताङ्काभित्र जीवन भोगाइका अनुभव, अनुभूति, जिजीविषा, मूल्यबोध, मृत्युबोध, सपनाका

स्मृति, व्यङ्ग्य, कमजोरी, भ्रष्टाचारको दूषित चरित्र, मजदुरका दिनावस्था जस्ता विषयलाई समेटिएका छन् । ताङ्का सिर्जनाका एक सफल स्रष्टाका रूपमा वसन्तकुमार बस्नेत रहेका छन् ।

### ४.१.८५ वसन्तराज अज्ञात

ताङ्का सिर्जनामा वसन्तराज अज्ञातले विंसं.२०६० सालपछि ताङ्का सिर्जनामा आफूलाई बढी सक्रिय पारेका छन् । उनका ताङ्कामा जीवनवादी चेतना देखा पर्दछ भने प्रेम र प्रणय युक्त शृङ्गारिक र ऋतुबोधक चित्रण पनि सलबलाएको देखिन्छ । बिम्ब र प्रतीकको समावेश प्रकृति र स्वतन्त्रतामुखी भएको आभास मिल्छ ।

### ४.१.८६ विनोद कुगेनाम्बा (२०३७)

लिम्बू भाषाको कविता सिर्जनामा बढी सक्रिय देखिएका विनोद कुगेनाम्बा नेपाली ताङ्का लेखनमा पनि सक्रिय रहेका छन् । वि. सं.२०६० सालदेखि ताङ्का सिर्जनामा लागिपरेका हुन् उनी । ताङ्कामा आञ्चलिक विषयवस्तुलाई स्थानीय देवी, देउराली, खोलानालाको बिम्ब र प्रतीकले सम्प्रेष्य बन्न पुगेका छन् । सरल र सहज भाषाशैलीले उनका रचना पठनीय देखिन्छन् ।

### ४.१.८७ वी.के. पाल्पाली

पचासको दशकबाट हाइकु लेखनमा जुटेका देखिन्छन् वी.कें पाल्पाली । उनको वि.सं.२०६० सालमा **'हाइकु साहित्य र सैद्धान्तिक अवधारणा'** प्रकाशित भएको छ । पाल्पालीको यस पुस्तकमा ताङ्काको सैद्धान्तिक परम्परा र यसको अवधारणा बारे उल्लेख गरिएको छ । हाइकु र ताङ्का विश्लेषणमा वि.के.पाल्पाली सक्रिय रहेका छन् ।

### ४.१.८८ शान्तिराम थापा मगर

नेपाली हाइकु र ताङ्का लेखनमा सक्रिय हस्ताक्षर हुन् शान्तिराम थापा मगर । उनले आफ्ना ताङ्कामा जीवन प्रेम र प्रणयको स्पर्शाानुभूति व्यक्त

गरेका देखिन्छन् । ताङकामा अन्तरचेतना र मानवीय संवेदनाको खोजी हुन पुगेको छ । यी ताङकाहरूको मूल अभिव्यक्ति भनेकै यौन र शृङ्गार हो । उनको ताङकामा सिर्जना अभिव्यक्ति चिन्तन र ध्यान स्पर्र्शमा रूपान्तरित हुदै जाने सम्भावना प्रवल रहेको छ ।

### ४.१.८९ सपना रम्तेल (२०३८)

नेपाली ताङका सिर्जनामा सपना रम्तेल एक सशक्त नारी हस्ताक्षर हुन् । उनका ताङकामा मानवीय विश्वासका त्यान्द्राहरू अडिएका छन् । उनले आफ्ना जिजीविषालाई ताङकामा आशा र भरोसासँग गाँसेकी छिन् । उनमा तीव्र क्रान्तिकारी प्रगतिशिल सोँच रहेको छ । अहङ्कारको अन्त्य र सामाजिक भेदभाव विरुद्ध समानताको वकालत उनको ताङकामा प्राप्त गर्न सकिन्छ । उनी जस्तो सुकै अभाव र विश्वासघातलाई पनि जित्ने दाउमा छिन् । उनले क्रान्ति र विसङ्गतिमाथि आफनो कलम तीव्ररूपमा चलाएका छन् । ताङकाकार रम्तेलका ताङका बिम्बहरू वस्तुपरक र यथार्थपरक देखिन्छन् ।

### ४.१.९० समीर (२०३६)

नेपाली साहित्यमा कविता र उपन्यास विधामा सक्रिय कलम चलाई रहेका स्रष्टा समीर ताङका सिर्जनामा पनि सक्रिय रहेका छन् । पचासको दशकदेखि नै ताङका कर्ममा जुटेका देखिन्छन् । उनको **'पारुंमा'** उपन्यास प्रकाशित भइसकेको छ । कवि समीर नेपाली साहित्यमा 'उत्तरर्वी सोंच' आन्दोलनसँग सम्बद्ध रहेका छन् । उनका ताङकामा अन्याय, अत्याचार, अनियमितता, उत्पीडन, शोषण, दमन, विकृति, विसङ्गति, कुरीति, कुसंस्कार र अर्थहीन व्यवहारप्रति धारिलो प्रहार गर्दै सटीक अभिव्यक्ति प्रस्तुत गरेका छन् । ताङकामा समसामयिक समाजभित्र हुने र भएका नारी पुरुषबीचको प्रणय सम्बन्ध, प्रेमकाउतार चढाब आदि विषय प्रस्तुत भएका पाइन्छन् । स्थानीय सांस्कृतिक बिम्बले उनका ताङका बढी घनीभूत भएका देखिन्छन् ।

### ४.१.९१ सन्दीप झझल्को राई (२०४५)

साहित्यका मुख्य विधा कवितामा कलम चलाउँदै आएका सन्दीप राई गजल तथा ताङ्का लेखनमा बढी क्रियाशिल रहेका पाइन्छन् । उनले ताङ्कामा समाजका विद्यमान अन्याय, अत्याचार, शोषण, दमन, भ्रष्टाचार, आर्थिक वैषम्यता, वर्गीय विभेदको विद्रोह र व्यङ्ग्य गरेका अकर्षक ताङ्काहरू उनले लेखेको पाइन्छ । जीवन र जगतलाई केही सन्देश दिने सामाजिक परिवर्तन लोककल्याण र मानवहितको  अपेक्षा राख्ने, आदर्श समाजको कल्पना गर्नुका साथै मनोरञ्जनमूलक ताङ्काहरू पनि उनका रहेका छन् । अनावश्यक ढोंगी चालचलन, रीतिरिवाज, सामाजिक विभेदलाई उनका रचनाहरूले तीव्र आलोचना गर्दै खैरो काढेका छन् ।

### ४.१.९२ सर्जन सुब्बा (२०३५)

नेपाली ताङ्काको परम्परामा सर्जन सुब्बा उत्साही सर्जक व्यक्तित्व हुन् । उनका ताङ्कामा आर्थिक शोषण, सामाजिक असन्तुलन  वा विषमता र मानिसभित्रको पशुवत क्षुद्र प्रवृत्तिप्रति घोर विद्रोहात्मक प्रगतिशील दृष्टिकोण रहेको पाइन्छ । झिनो वा मसिनो सामाजिक विषयवस्तु वा घटनादिलाई उनले ताङ्कामा प्रस्तुत गरेका छन् । समाजमा घटित घटनाहरूलाई पृष्ठभूमि बनाई लेखिएका ताङ्काहरूले समाजको अर्न्तसंरचना र दूषित संस्कार तथा मान्यताहरूलाई उदाङ्गो पार्न सक्षम भएका छन् । नैतिक तथा आदर्श समाजको परिकल्पना गर्ने उनका ताङ्काहरू वास्तवमा मानव कल्याण र सामाजिक हितको सन्देश दिने खालका रहेका छन् ।

### ४.१.९३ सीता पिरती (२०३८)

मोफसलमा रहेर निरन्तर साहित्यसाधनामा जुटेका हस्ताक्षर हुन् सीता पिरती । उनी पत्रिका सम्पादनमा पनि सक्रिय रहदै साहित्य सिर्जनारत प्रतिभा हुन् । उनले आफ्ना ताङ्कामा बाध्यता, विवशता, गरिबी, शोषण, दमन, अन्याय र खस्कँदो मानवीय जस्ता पक्षको गुढ र भित्री सत्यको उद्घाटन

गरेका छन् । खासगरी राजनीतिक, प्रशासनिक र मान्छेको आजको सन्दर्भमा मान्छे मान्छेमा उत्पन्न अविश्वास, कुटिलता, ईर्ष्या, जीवनकै सन्देह, तनाव र अभावग्रस्त विवश र विसङ्गत जीवनावस्थालाई पृष्ठभूमि बनाई ताङका लेख्ने प्रवृत्ति सीता पिरतीमा देखिन्छ ।

### ४.१.९४ सृजना चट्याङ पारघारी (२०४०)

ताङकाकर्मी सृजना चट्याङ पारघारी वि.सं. २०६० पछि ताङका सिर्जनामा देखा परेका प्रतिभा हुन् । उनले गाँउवेंसीका बिम्बलाई टपक्क टिपेर ताङकालाई सुन्दर बनाएका छन् । उनले समाजमा विद्यमान मानिसभित्रका लघुवृत्ति, छुद्रता, अमानवीयता र सङ्कीर्ण प्रवृत्तिलाई टड्कारो रूपमा ताङकामा व्यक्त गरेका छन् । समय चक्रसँगै निष्क्रिय र अकर्मण्य बन्दै गएको मानव व्यवहारलाई मानवीय जीवनको आस्था, मूल्य र मान्यतालाई केन्द्रमानेर ताङकाको सिर्जना कवि पारघारीले आफ्ना ताङकामा व्यक्त गरेका छन् ।

### ४.१.९५ श्रीजङ्ग राई (२०४३)

ताङका सिर्जनामा श्रीजङ्ग राई मोफसलका प्रतिभा हुन् । उनले सांस्कृतिक बिम्ब र प्रतीकले ताङका सुन्दर बनाएका छन् । जीवनका स्वतन्त्रता जिजीविषा, अकर्मण्यता, शून्यता, अभाव, अपराध, नियति, विवशता, संस्कार र असङ्गति वा विडम्बना जस्ता विभिन्न आमुखिकाहरूलाई समेटेर सुन्दर ताङका निर्माण गरेका छन् । पितृसत्तात्मक समाज, परम्परागत आस्था, विश्वासबाट उत्पन्न नारी बुहार्तन र जीवनका जटिलता आदि नकारात्मक प्रवृत्तिमाथि सूक्ष्म व्यङ्ग्य गरिएका ताङका प्रसस्त लेखिएका छन् ।

### ४.१.९६ श्रीराम श्रेष्ठ

ताङका सिर्जनामा श्रीराम श्रेष्ठ पनि होमिएका छन् । उनले वि.सं. २०६० सालपछि यसै विधाको सिर्जनामा आफ्नो उपस्थिति जनाएका छन् । उनले ताङकामा प्रकृतिको शाश्वत चित्रण गरेका छन् । शास्त्रीय चेतनामा अन्तरविगुल बजेको आभास मिल्छ । उनका ताङकाले ग्रामीण परिवेशको

मनोरम छटाभित्र रुमल्लिरहेको अनुभूति दिन्छ । उनले शाब्दिक बिम्ब उतारे पनि वर्तमान यथार्थ पनि झल्किन्छ । यौन उन्मादका अनुरागहरू जमिनभरि फिजारिएका छन अर्थात फूलको सुवास भवँरामा केन्द्रित भए जस्तो लाग्छ ।

### ४.१.९७ सुनिल पुरी

साहित्यमा कविता, गीत, गजल, हाइकु लेखनमा परिचित सर्जक हुन् सुनिल पुरी । उनले ताङ्का लेख्न भने वि.सं.२०६३ देखि सुरु गरेका हुन् । शृङ्गारिक, प्राकृतिक र मानवीय स्वभावका उनका ताङ्कामा देखा परेको शैलीगत प्रवृत्तिमा उनी सहभागी भएका छन् । सरल शब्द संयोजन अनुरूप भावको वितरण तथा बिम्ब र प्रतीकको केही प्रयोग देखिन्छ ।

### ४.१.९८ सुरेन्द्र महर्जन 'अमर'

ताङ्का सिर्जनामा वि.सं.२०६२ देखि सुरेन्द्र महर्जन देखापरेका सर्जक हुन् । ताङ्का लेखनमा निरन्तर कलम चलाउँदै आएका अमरले प्रकृति, यौन जीवन, सामाजिक विसङ्गति र यथार्थ परिस्थितिको चित्रणलाई सिर्जन केन्द्रविन्दु मानेका छन् । उनले सहरी परिवेशको विकृत संस्कृति र अहंको दानवीय स्वरूपलाई पनि उल्लेख गरेका देखिन्छन् ।

### ४.१.९९ सुविसुधा आचार्य

हाइकु र ताङ्का लेखनमा सुविसुधा आचार्य एक उत्साहित नारी स्रष्टा हुन् । विशेषगरी वि.सं.२०६० सालपछि हाइकु र ताङ्का सिर्जनामा सक्रिय देखिएका छन् । आचार्य पत्रिका सम्पादन र नवीन ताङ्का सिर्जनामा अग्रसर देखिएका छन् । यसरी साहित्य सिर्जनामा ताङ्काकार सुविसुधा आचार्य अग्रस्थानमा देखा पर्दै आएकी छिन् ।

### ४.१.१०० सुरेश काफ्ले 'सहसा'

साहित्य अंगालेका सुरेश काफ्ले 'सहसा' ताङ्का सिर्जनामा देखिएका अर्का प्रतिभा हुन । उनले ताङ्का लेख्ने क्रममा जीवनको अनियमितता,

विसङ्गति, निराशा, कुण्ठा, शून्यता, नियति, विवशता, निरीहता जस्ता जीवन विषयक भावहरू प्रस्तुत गरेका छन् । तात्कालीक सामाजिक एवं राजनीतिक परिवेशभित्रका असङ्गत वा अनर्थपूर्ण र विकृत स्थितिकोसाथै मानिसको जीवन र उसभित्रको कुटिल, तुच्छ, स्वार्थी मनोवृत्ति र ढोँगी वा आडम्बरी स्वभावप्रति लक्षित ताङकाहरू पनि उत्तिकै रहेका छन् ।

### ४.१.१०१ हरिहर खनाल

नेपाली साहित्यको फाँटमा हरिहर खनाल विशिष्ट प्रतिभा हुन् । उनले मूलत ताङकालाई वि.सं.२०६० सालपछि प्रसारण गर्न थालेका देखिन्छन् । ताङकामा निम्न वर्गीय चेतना, समसामयिक विकृति र विसङ्गतिको विरोध, मानवीय अस्तित्वको खोज, वर्तमान हिंसा, उत्पीडन र अभावलाई लक्षित गरी व्यङ्ग्यवाण समेत गरिएको देखिन्छ । सरल र आलङ्कारीक तस्वीरको सोंच र चिन्तन पनि झल्किएको छ । सुन्दर बिम्ब र प्रतीकको संयोजन संस्कृति र प्रकृतिको अगाध प्रेमको सुवास यत्रतत्र सर्वत्र फैलिएको छ । जीवनवादी मूल प्रवाहलाई अँगाल्दै ताङका कविताको शास्त्रीय मान्यताको गोरेटो घोडेटो हुँदै मूल निर्मित भएको देखिन्छ ।

### ४.१.१०२ हेटनारायण रम्तेल (२०३८)

ताङकामा कलम चलाउने अर्का प्रतिभा हुन् हेटनारायण रम्तेल । उनले आफ्ना ताङकामा विवशता, बाध्यता, पीडा, कुण्ठा, निरीहता, पराधीनता, ग्लानी, नैराश्यता  नपुंसकता र साँस्कृतिक मूल्य मान्यताले सिर्जना गरेका विविध बन्धन आदिको कलात्मक चित्रण गरेका छन् । त्यसैगरी नारी र पुरुषबीचको प्रेम र दाम्पत्य जीवनमा देखा पर्ने द्वन्द्व, आक्रोस, कटुता र प्रेमाभावमा आइपर्ने मानसिक कुण्ठा, आदिको भाव पनि ताङकामा प्राप्त गर्न सकिन्छ ।

# परिच्छेद – ५

# सारांश र निष्कर्ष

साहित्यमा कविता विधाको निकट देखा पर्ने एक उपविधा ताङका (Tanka) पनि हो । अर्को तरिकाबाट भन्नुपर्दा कविता विधाको प्रभेद, प्रविधाका रूपमा पनि ताङकालाई लिन नसकिने होइन । यो सानो र संक्षिप्त कवितात्मक संरचना हो । यसमा कवितात्मक तत्त्वको प्रधानता रहेको हुन्छ । यद्यपि ताङका जापानी साहित्यको उपज हो । यसर्थ यसलाई आयातित विधाको रूपमा लिने गरिन्छ । जापानी साहित्यको इतिहासमा ताङकाबाट हाइकुको जन्म भएको पाइन्छ । तर नेपाली साहित्यमा भने हाइकुले प्रवेश पाएको निक्कै समयपछि मात्र ताङका भित्रिएको पाइन्छ । पचासको दशकबाट लेखन आरम्भ गरिएको ताङका वर्तमान समयसम्ममा अन्यविधासँग प्रतिस्पर्धा गर्न सक्षम भइसकेको देखिन्छ । ३१ अक्षरीय अर्थात ५,७, ५, ७, ७ अक्षरको संरचनामा सिर्जना गरिने जापानी ताङकामा नेपाली ताङकाकर्मीहरूको लामो ताती देखिसकिएको छ । नेपाली भाषाको ताङका सिर्जनामा उत्साही युवा स्रष्टा र साधनाले खारिएका स्थापित भइसकेका स्रष्टाहरूको उपस्थितिले यसको भविष्य उज्ज्वल देख्न सकिन्छ ।

संरचनात्मक स्वरूप तथा स्वभावका आधारमा ताङका मूलतः मुक्तकीय झड्का दिने सूक्ष्म तर तीव्र भाव छाड्ने लघुकविता हो । यो मानव समाज वा जीवन र जगतमा सीमित स्थान, छोटो समयमा घट्ने र हुन सक्ने घटनाहरूलाई सानो एवं संक्षिप्त कवितात्मक संरचनामा आफ्नो मौलिक पूर्ण स्वत्वलाई देखाउन सफल देखिन्छ । हरेक मानिसका नाक, कान, आँखा, मुख लगायतका अन्य अङ्गहरू यथास्थानमा हुँदाहुँदै पनि प्रत्येक मानिसको अनुहार र व्यवहारमा फरक परे जस्तै कविताको प्रविधा देखिने ताङकाको आफ्नै विधागत वैशिष्ट्यता प्रस्ट रूपमा रहेको देख्न सकिन्छ । झलक्क देख्दा ताङकाको काय  सानो भए पनि यो पूर्णाङ्गिक हुन्छ । पाँच पङ्तिको ३१ अक्षरमा यसको स्वरूप विकसित भएको हुन्छ । जीवनका छोटा टुक्रा

आयामको प्रयोग गर्दै तीव्र व्यङ्ग्यात्मक उपकरण मार्फत थोरै शब्दमा धेरै विषयको अभिव्यक्ति सम्प्रेषण गर्ने क्षमता ताङकामा रहेको पाइन्छ । आकस्मिक प्रकाशको भिल्का स्वरूप छोटो, मीठो र कलात्मक ढङ्गमा जीवनका मार्मिक पक्षहरूलाई मूलत व्यङ्ग्यात्मक, प्रतीकात्मक तथा अन्योक्तिमूलक अर्थ प्रदान गर्नु यसको महत्त्वपूर्ण विशेषता रहेको हुन्छ । त्यस्तै उत्कृष्ट ताङकामा पाठकमा भाव तथा विचारको एकोन्मुख प्रभाव पारी उत्कर्षात्मक अन्त्य गराउनु अर्को सूक्ष्मशक्ति वा विशेषता देखिन आउँछ । जसले गर्दा पाठकमा क्षणभरमै भाव, तथ्य र विचारको प्रभावकारी उद्‌बोधन हुन जान्छ । मस्तिष्क र हृदयमा गहिरो प्रभाव पार्न सक्दछ ।

ताङका कविता आजको समयको माग हो । विश्वका अन्य औद्योगिक राष्ट्रहरूको तुलनामा नेपाली जनजीवन त्यति यान्त्रिक भइसकेको छैन । आज विज्ञानको सूक्ष्म प्रविधिबाट क्षिप्ररूपमा ठूलाठूला कामकुरा सम्पन्न गरे जस्तै आधुनिक जीवनको यान्त्रिकता, व्यस्तता, बेफुर्सदी, समय अनुकूल कला र साहित्यको क्षेत्रमा पनि छोटो मीठो प्रस्तुतिबाट सम्पूर्णतालाई प्रस्तुत गरी सन्तुष्टि प्राप्त गर्ने प्रचलन बढेको देखिन्छ । अर्कोतर्फ पुरानो, लामो, पट्यार लाग्दो साहित्यिक विधाबाट केही नवीन प्रयोग वा विचलन स्वरूप मुक्त लघु विधाको उन्नयन समयको परिवर्तनसँगै भएको देखिन्छ । जसको परिणाम स्वरूप काव्य विधामा मुक्तक, फुटकर कविता, गीतिरचना, नाट्यविधामा लघुनाटक, निबन्ध विधामा टिप्पणी, आख्यानविधामा लघुकथा देखापरेझैं कविता विधामा ताङका देखा परेको अनुमान गर्न सकिन्छ । यसप्रकार ताङका लेखनको प्रचलन जापानी साहित्यबाट नेपाली भाषा साहित्यमा सिधै प्रवेश गरेको देखिन्छ ।

आधुनिक ताङका यात्रा वा ताङकाका विकासक्रम र प्रयोगशिलताका निम्ति हामी जापानी साहित्यको इतिहाससम्म पुग्नैपर्ने हुन्छ । ताङका जापानी साहित्यमा आठौं शताब्दीतिर नै प्रसिद्ध भएको इतिहास पाउन सकिन्छ । 'मानयोशु' जस्तो भव्य साहित्यिक ग्रन्थको प्रकाशन आठौं शताब्दीमा नै भएको

इतिहास छ । यो जापानी भाषाको कोशेढुङ्गो मानिन्छ । जसमा वाका अर्थात ताङकाहरू सङ्कलित छन् । त्यसपछि 'कोकिन्शु' तथा 'सिनकोकिन्शु' ग्रन्थ पनि प्रकाशित हुन्छन् । यसका अलावा अन्य सङ्कलन समेत प्रकाशमा आए । यी पुस्तकका आधारमा जापानी कविताको स्वरूप, प्रयोग, परिवेश आदिका साथै सामाजिक संस्कार, बनोट र त्यसबाट उत्पन्न मनोदशा समेत बुझ्न सकिन्छ । विश्वमा नै प्रसिद्धि पाएको ताङका लेखनको इतिहास १२०० वर्ष भन्दा पुरानो छ । वाका वा ताङका (कविता) मा रहस्यात्मक चिन्तन ताओवाद र अहिंसावादी चिन्तन बौद्ध धर्मको अप्रत्यक्ष प्रभाव प्राप्त गर्न सकिन्छ । यस विधाको ऐतिहासिक पृष्ठभूमि चिनियाँ भाषा तथा साहित्यसँग जोडिएको छ । सूत्रात्मक र प्रतीकात्मक काव्य सिर्जनामा चिनियाँ पृष्ठभूमि हालसम्म पनि अग्रस्थानमा रहेको पाइन्छ । यसर्थ आध्यात्मिक र साहित्यिक चिरन्तन चिन्तनका दृष्टिकोणले पौरस्त्य साहित्यमा पाइने काव्यात्मक सूक्तिको प्रभाव समेत ताङकामा भेट्न सकिन्छ । जापानी कविहरूको तार्किक क्षमता र परिष्कृत शैलीले यसलाई विश्वव्यापी तुल्याएको अनुमान गर्न सकिन्छ ।

सत्य साहित्य सधैं जीवनवादी हुन्छ । यसर्थ जापानी छन्द शैलीका कविता पनि यस्तै जीवनवादी रहेका छन् । खोक्रो आदर्शका विपरीत जीवन चेतना र मानवीय मूल्य मान्यता बोध गर्नु जापानी कविताको विशिष्ट पहिचान नै हो । सिङ्गो वाङ्मयको संरक्षणमा जापानी दरवारिया संस्कृतिको उल्लेख्य योगदान रहेको पाइन्छ । तत्कालीन समयमा दरवारले ताङका लेखनलाई मन्त्रयुक्त मनोरञ्जनका रूपमा स्वीकार गरेको पाइन्छ । यसरी सातौं शताब्दी देखि प्रचारमा आएको  ताङका (गीति कविता) सोह्रौं शताब्दी सम्म आइपुग्दा यसको शास्त्रीय मान्यता र लोकप्रियता शिखरमा पुगेको देख्न सकिन्छ । वास्तवमा यही समयमा ताङकाले हाँगा हालेको पाइन्छ । हेइअन समय (Heian perod, 794-1185) को अन्त्यताका दुईजना कविले ताङकालाई दुई भागमा विभक्त गरेर यसको भविष्य अझ चम्काए । ती दुई कविले एउटा रोमान्टिक धारणाको थालनी नै गरे । ताङकालाई छोटो वा छरितो कविता वा सुललित र हृदयस्पर्शी गीतको रूपमा प्रस्तुत गरे । यसरी जापानी ५,७,५ र

७,७ = ३१ अक्षरको ताङकालाई ५,७,५ = १७ र बाँकी ७,७ = १४ अक्षर दुई भागमा विभाजन गरेर अघिल्लो १७ अक्षरलाई कामी नो कु (Kami no ku) र बाँकी १४ अक्षरलाई सिमो नो कु (Shimo no ku) बनाएरपछि ताङकाको अघिल्लो रूपले 'हाइकु' को मान्यता पायो भने बाँकी ७,७ मा केही परिवर्तन भएर ५,७ = १२ अक्षरको दुई पङ्तिले शोककाव्य (Elegy) को अवधारणा बनाएको पाइन्छ ।

पुराना वाका अर्थात ताङकामा प्रकृतिबाट प्रसस्त बिम्बहरू ल्याउने गरिन्थ्यो । वैयक्तिक अनुभूतिको अभिव्यक्ति पनि प्रसस्त भएका छन् । त्यसताकाका ताङका कविहरू दुःख, सुख, पीडा, प्रेम जस्ता मानिसका अनुभूति प्रकृति र ऋतुगत सौन्दर्यमा केन्द्रित रहन्थे । युद्ध, भौतिक पीडा, मृत्यु र नम्रता भन्दा तल्ला कुरा हुँदैनथे । बढी मात्रामा सौन्दर्य र दुःख समयको प्रभावमा ताङका कविता अभिव्यक्त भएका हुन्थे । नेपालसँगको प्राकृतिक, धार्मिक, साँस्कृतिक तादात्म्यताले जापानी साहित्य नेपालको सन्दर्भमा पनि मर्मस्पर्शी बन्न पुगेको छ । पहाडी देश, प्रकृतिक छटा, बौद्ध धर्म, चाडपर्व आदि विविध कारणले गर्दा जापान र नेपाल निक्कै निकट देखिन्छन् । चीन हुँदै जापान पुगेको बौद्ध दृष्टि एक मात्र काव्यको मूल स्रोत रहेको पाइन्छ । जापानमा मात्र होइन विश्वका विभिन्न देश र नेपालमा पनि हाइकुले त्यत्तिकै उचाइ प्राप्त गरेको छ । हाइकुपछि ताङका हुँदै नेपालमा चोका र सेदोकाको क्रमिक उदय जानी नजानी हुँदै खारिँदै तिखाँरिदै साहित्यमा महत्त्वपूर्ण पाटो थप्न समर्थ बन्दै गएको छ । पुराना पिँढी थोरै र आधुनिक युवा जमात नै यतैतिर बढी आकर्षित भई अनेकौं रचना र पुस्तक प्रकाशनतर्फ लागेका छन् ।

मूलतः पहिलो पटक ताङकाको चर्चा शङ्कर लामिछानेले वि.सं.२०३० सालमा 'विश्व साहित्यको रूपरेखा' नामक सम्पादन ग्रन्थमा गरेको देखिन्छ । यस लेखले जापानी साहित्यलाई नेपाली परिवेशमा उद्घाटित गरेको पाइन्छ । तथापि यस लेखले नेपाली स्रष्टा लेखकलाई त्यतातिर आकर्षित गर्न सकेको भने देखिन्न । यसको निक्कै लामो समयपछि नेपाली साहित्यमा क्षेत्रप्रताप

अधिकारीको जापानी साहित्य सम्बन्धी विभिन्न पुस्तकहरूको प्रकाशन पश्चात ताङका लेखनको आरम्भ भएको देखिन्छ । यसका अलावा उनले नेपालको राष्ट्रिय पत्रिका गरिमाका विभिन्न अङ्कमा जापानी सुन्दर ताङकाको अनुवाद गरी प्रकाशित पनि गरेका छन् । मूलतः यी पुस्तकहरूको अध्ययन पश्चात थुप्रै युवा स्रष्टाहरू ताङका सिर्जना कर्ममा जुटेका देखिन्छन् । यद्यपि ३० को दशकमै शङ्कर लामिछानेले नेपाली भाषामा ताङका लेखेका थिए भनेर दावी गर्ने विद्वान पनि रहेका छन् । तर उनको ताङका कहीं पनि प्रकाशित भएको नपाइएकाले त्यसपछिनै ताङका लेखिएको अनुमान गर्न सकिन्छ । ताङका लेखन तथा प्रकाशन र यसको विकासप्रकृयामा युवा स्रष्टाको महत्वपूर्ण योगदान रहँदै आएको छ । हालसम्मको अध्ययन अनुसार नेपाली भाषाको पहिलो ताङका चन्द्र योङ्याको (नूतन पाइला वर्ष- १, अङ्क- १, २०५८) मा देखिएको छ । आज केही अग्रज कविहरू पनि ताङका सिर्जनाकर्ममा जुटेका देखिन्छन् । यसरी उत्साहित युवा जमात र स्थापित कवि लेखकहरूको उपस्थितिले ताङका विकासमा तीव्रता आएको देखिन्छ ।

नेपाली ताङका विकास यात्राको पूर्वार्ध चरण ताङकाको चर्चा परिचर्चा तथा लेखनाभ्यासको रूपमा रहेको देखिन्छ । विभिन्न विद्वानहरूले जापानी ताङकाबारे पत्रपत्रिकामा लेख मार्फत चिनारी दिएका छन् । शङ्कर लामिछानेको ताङका चर्चापछि राधेश्याम लेकालीले सम्पादन गरेको **'कदर'** (२०३८) पत्रिकामा प्रमोद प्रधानले हाइकु लेखमा ताङका शब्दको प्रयोग गरेका छन् । यसपछि अभि सुवेदीको **'जापानी हाइकु हिजो र आज'** (२०४४) पुस्तक प्रकाशित भएको छ । यो पुस्तक जापानी हाइकुको अनुवाद सङ्ग्रह भएता पनि यसमा ताङका बारे उल्लेख गरिएको छ । त्यसरी नै भुवनलाल प्रधान अनुवादक र चित्तरञ्जन नेपाली सम्पादक रहेको **'जापानी इतिहास'** (२०४५) पुस्तकमा पनि ताङकाको सामान्य परिचय प्राप्त गर्न सकिन्छ । यसपछि ताङकाबारेमा सैद्धान्तिक चर्चा गर्दै जापानी सुन्दर ताङकाको अनुवाद कार्यमा सक्रिय अग्रज कवि हुन् क्षेत्रप्रताप अधिकारी । उनले **जापानी नवरत्न** (२०४९, अनु.) **हिम, जून, फूल** (२०५१, अनु.) **जापानी साहित्यको इतिहास** (२०५५)

पुस्तकहरू प्रकाशित गरेका छन् । जापानी नवरत्नमा विभिन्न समयका जापानी भाषाका कविहरूको कविता अनुवाद गरिएका छन् भने 'जापानी कविताको कथा' शीर्षक लेखमा जापानी भाषाका कविताको इतिहास सँगसँगै ताङ्काको सैद्धान्तिक चर्चा गरिएको छ । अर्को पुस्तक हिम, जून फूल पुस्तक पनि अनुवाद कृति हो । यसमा जापानी छोटा कविता, हाइकुसँग पचास कविका एक सय सुन्दर ताङ्काहरू अनुवाद गरिएका छन् । अर्को महत्त्वपूर्ण विषय यसमा 'तांका टिपोट' भनेर ताङ्का सम्बन्धी महत्त्वपूर्ण जानकारी दिइएको छ । त्यसैगरी '**जापानी साहित्यको इतिहास**' अर्को महत्त्वपूर्ण कृति रहेको छ । यसमा सम्पूर्ण जापानी भाषा साहित्यको व्यापक अध्ययन गरी समग्र इतिहासको उल्लेख गरिएको छ । ताङ्काको उद्भव देखि विकासको सम्पूर्ण इतिहास यस पुस्तकमा प्राप्त गर्न सकिन्छ ।

त्यसरी नै भिक्टर प्रधानको **चिनिया साहित्यको दिग्दर्शन** (२०५१) पनि महत्त्वपूर्ण पुस्तकको रूपमा लिन सकिन्छ । 'हाइकु' साहित्य र सैद्धान्तिक अवधारणा सङ्ग्रहमा वी.के. पाल्पालीले हाइकुसँगै थोरै ताङ्काको चर्चा गरेका छन् । यसपछि विभिन्न पत्रपत्रिकामा सैद्धान्तिक विश्लेषण गरिएका लेखहरूको पनि ताङ्का विकासमा महत्त्वपूर्ण योगदान रहेको छ । वसन्तकुमार बस्नेत प्रधान सम्पादक रहेको पाँचथरबाट प्रकाशित **साहित्य चौतारी** (२०५९) ताङ्का विशेषाङ्कमा सगुन सुसाराको 'सेरोफेरोमा केही ताङ्का' लेख महत्त्वपूर्ण रहेको छ । मोफसलका कवि लेखकमा यस ताङ्का विश्लेषणले यस विधाबारे बुझ्न महत्त्वपूर्ण सहयोग पुऱ्याएको छ । यसैगरी रामकुमार पाँडेले **समकालीन साहित्य – ५०** मा **'जापानभित्रको हाइकु र हाइकुभित्र जापान'** लेख तथा **'हाइकुको चमत्कार र चमत्कारिक हाइकु'** लेख **'कविता'** – ८२ मा थोरै ताङ्काबारे उल्लेख गरेका छन् । सुविसुधा आचार्य सम्पादक रहेको **अन्तरिक्ष** (२:१४,२०६३) पत्रिकामा प्रकाशित पुष्कर लोहनीको **'ऐतिहासिक तथ्यमा जापानी तान्का'** लेख उल्लेखनीय रहेको छ । त्यस्तै चेतनाथ धमला प्रधान सम्पादक रहेको **'नेपाली ताङ्का'** (१:१ २०६१) मा चेतनाथ धमलाको **'तांका लेखनको लघुत्तम सर्भेक्षण'** लेख र रमेशप्रसाद सागरको 'तांका कविता केही

नमुना' लेखको पनि उत्तिकै महत्त्व रहेको छ । उसैगरी मेदिनी पाइअस सम्पादक रहेको **'साहित्यिक ताङका'** (१,१,२०६२) मा राज माङलाकको **'ताङका विशेषाङ्क र साहित्य चौतारी'** लेख पनि उत्तिकै महत्त्वपूर्ण देखिन्छ । त्यसैगरी विष्णु संगम सम्पादक रहेको **संगम** (५:२,२६,२०६२) ताङका अङ्कमा विष्णु संगमको **'जापानी साहित्य इतिहासमा ताङका'** लेख त्यति नै महत्त्वपूर्ण रहेको छ ।

यसपछि ताङका विकासमा विभिन्न ताङका सङ्ग्रहमा भूमिका लेखनका क्रममा गरिएका ताङकाको सैद्धान्तिक लेखहरू पनि महत्त्वपूर्ण रहेका छन् । यसरी भूमिका लेखनमा ताङकाको इतिहास र सिद्धान्तको विश्लेषण गर्नेमा क्षेत्रप्रताप अधिकारी, पुष्कर लोहनी, रामकुमार पाँडे, सगुन सुसारा, चेतनाथ धमला, ताराहाङ तावा, राज माङलाक आदिको नाम अग्रपङ्तिमा आउँछ । उनीहरूले भूमिका लेख्ने क्रममै ताङकाबारे विशद चर्चा परिचर्चा गरेका छन् । तत्कालीन समयमा भूमिका पढेर नै ताङका बारे ज्ञान आर्जन गर्नुपर्ने अवस्था भएकाले यसको उल्लेखनीय योगदान रहेको देखिन्छ । त्यस्तै मोफसलमा बसेर त्यही क्षेत्रमा ताङका लेखनमा अभिप्रेरित गर्ने स्रष्टाहरूको अझ महत्त्वपूर्ण योगदान रहेको देखिन्छ । ताङका लेखन कार्यमा  सुरुका समयमा मोफसलका ताङकाकर्मीले विशेष रुचिकासाथ सिर्जना गरेका देखिन्छन् । यसरी खासगरी नेपालको पूर्वाञ्चल क्षेत्रमा यसको सैद्धान्तिक विश्लेषण गर्दै ताङका लेखन अभियान सञ्चालन गर्ने ताङकाकर्मीमा सगुन सुसाराको नाम अग्रपङ्तिमा देखिन्छ । उनले मोफसलका पत्रपत्रिकामा ताङकाको इतिहास र संरचनात्मक सूत्रको व्याख्या र विश्लेषण गर्दै ताङका लेखनमा स्रष्टाहरूलाई अभिप्रेरित गरेका देखिन्छन् । यसरी ताङकाको संरचनात्मक सूत्र र यसको सैद्धान्तिक पक्षको चर्चा गर्दै ताङका सिर्जनामा लागिपरेका स्रष्टाहरू चन्द्र योङया, मेदिनी पाइअस, रामदयाल राकेश, धिरज गिरी कल्पित, समीर, बुलु मुकारुङ, मधुसुदन गिरी, विष्णु संगम आदिको नाम अग्रस्थानमा रहेको छ ।

यसरी प्रारम्भिक चरणमा ताङका सिर्जनामा बढी अभ्यास समय भएको देखिन्छ । यस समयमा त्यति धेरै सर्जकहरूको उपस्थिति देखिन्न । पचासको दशकमा प्रायः अघिल्ला पुस्ताका स्रष्टाहरूले ताङकाको इतिहास र सैद्धान्तिक चर्चामा सक्रियता देखाएका छन् भने युवा पुस्ताका धेरै सर्जकहरू ताङका लेखनमा सक्रिय रहेका छन् । युवा प्रतिभाका ताङकालाई खासगरी ग्रामीण क्षेत्रका गोजिका, लघु तथा हवाई पत्रिकाहरूले महत्त्वकासाथ स्थान दिएर प्रकाशित गरेका देखिन्छन् । जब गोजिका, लघु, हवाई आदि पत्रिका प्रकाशित गर्ने लहर आयो, त्यसपछि नेपाली ताङका लेखन परम्परा सुरु भएको छ । साधारणतया सापेक्षिक रूपमा साहित्य समाजको दर्पण पनि हो - भएकाले कुनै साहित्यिक विधा देश काल, परिस्थितिबाट टाढा रहन सक्तैन । त्यसैले देशको बदँलिदो राजनीतिक परिवर्तन, विद्यमान राजनीतिक आराजकता, भिडतन्त्र, भ्रष्टाचार, अविश्वसनीयता, अनियमितता, हिंसा, आतङ्क, गरिबी, शोषण, नातावाद, चाकडीवाज, चेलीबेटी बेचबिखन, अमानवीयता, खोक्रो आडम्बरी, आधुनिक विकृत चालचलन र यस समयमा देशमा राजनैतिक द्वन्द्व चलेको हुनाले त्रास र सन्त्रासका काला बादल, मृत्यु लहर जस्ता असुरक्षाका विषयवस्तुमा व्यङ्ग्यमूलक ताङकाहरू लेखिएका छन् । यस विधामा प्रतिबद्ध लेखकहरूको उपस्थिति हुँदै गएको देखिन्छ । यस अवधिमा ताङ्का  विधातर्फ धेरै लेखकहरू आकृष्ट भएको देखिन्छ । पूर्वार्ध चरण आभ्यासिक काल भएकाले तुलनात्मक रूपमा निक्कै कमजोर ताङकाहरू पनि प्रकाशित नभएका होइनन् । ताङकाको नाममा जीवन र जगतसित गम्भीर चासो नराख्ने, क्षणिक मनोरञ्जनका र हास्यप्रधान चुट्किला पाराका ताङका पनि त्यत्तिकै सिर्जिएका छन् । यस्ता शब्दको थुप्रो मात्र भएका ताङकाहरू अज्ञानताका विकृत पक्ष हुन् । जेहोस यस अवधिमा ताङकाको क्षेत्रमा देखिएका धेरैमध्ये थोरै सर्जकले राम्रो दृष्टिकोण र चासो राखेर संरचनात्मक स्वरूपमा गहनता भर्ने प्रयास गरेका छन् । आज तिनै थोरै सचेत स्रष्टाहरू यस विधालाई विकास गर्न कम्मर कसेका देखिन्छन् ।

युगानुकूल पाठकको चाहानानुसार चुस्त र सारगर्भित कलात्मक अभिव्यक्तिकासाथै व्यङ्ग्यात्मक अभिव्यञ्जना दिनसक्ने खुबी भएका कारण ताङका दिनानुदिन लोकप्रिय विधा बन्दै गएको छ । तसर्थ नेपाली ताङका परम्परामा पहिलेजस्तो यस विधाप्रतिको निष्कृयता पाइदैन । यस विधाको क्षेत्रमा कलम चलाउने राम्रा ताङकाकर्मीको संख्या उत्साहजनक रहेको छ ।

विश्व साहित्य तथा नेपाली साहित्यको परिप्रेक्षमा पनि नेपाली आधिकारीक रूपमा अर्थात व्यापक र विस्तृत रूपमा ताङकाको सैद्धान्तिक रूपरेखा तयार नभएको अवस्थामा नेपाली ताङकाको परम्परामा देखिएका ताङका, ताङका सङ्ग्रह र ताङकाकारहरूको मूल्याङ्कन गर्नु अत्यन्त कठिन र गम्भीर विषय हो । सामान्यत ताङकाको नाता 'कविता' को नजिक भए पनि कविताको सैद्धान्तिक मापदण्डमा राखेर मूल्याङ्कन गर्नु युक्तिसङ्गत हुँदैन । तसर्थ ताङकाको आफ्नै सैद्धान्तिक स्वरूप वा मूल्य मान्यताको मापदण्डबाट मूल्याङ्कन गर्नुपर्ने हुन्छ । मोटामोटी ताङकाको मूल्याङ्कन गर्ने कसीको रूपमा यसको आफ्नै जापानी संरचनात्मक तत्त्व र विशेषताहरूको प्रभावकारितालाई आधार मान्न सकिन्छ । यसअनुसार ताङकाको संरचना विषयवस्तु, सैन्दर्यविधान, लयविधान, अलङ्करण, बिम्बविधान, भाषाशैली, उद्देश्य आदिलाई हेर्नुपर्ने हुन्छ । नेपाली ताङकाको ऐतिहासिक विकासक्रमको प्रारम्भिक चरणमा कुनै स्रष्टाले ताङका सङ्ग्रह प्रकाशन गरेको देखिन्न । केवल फुटकर लेखनमा यो समय गुज्रिएको पाइन्छ ।

यसैगरी नेपाली ताङका विकासको प्रारम्भिक चरणमा विभिन्न पत्रपत्रिकाले पनि ऐतिहासिक भूमिका निभाएका छन् । यस चरणमा ताङका सिर्जनाप्रति धेरैको विश्वास नरहेको अवस्थामा मूलतः मोफसलका हवाई तथा लघु पत्रपत्रिकाको भूमिका महत्त्वपूर्ण रहेको छ । यी पत्रिकाहरूले ताङका रचनालाई प्राथमिकताकासाथ प्रकाशित गरेका देखिन्छन् । यस्ता पत्रिकामा नन्द नेम्बाङको सम्पादनमा प्रकाशित **नूतन पाइला** (२०५८), राजु सुधाको सम्पादनमा रहेको **आगमन** (२०५९), ताराहाङ तावाको सम्पादनमा प्रकाशित

**प्रस्थान** (२०५८), प्रेम प्रभात सम्पादक रहेको **प्रभात** (२०५९) पदमेश थुलुङ सम्पादक रहेको **मेचीकाली** (२०५९) राज माङलाक सम्पादक रहेको साहित्यिक **आँखीझ्याल** (२०५९) राजेश विद्रोही सम्पादक रहेको **शब्दास्त्र** (२०५९) सचित राईको सम्पादनमा प्रकाशित **इशारा** (२०५९) त्रिचन्द्र श्रेष्ठ प्रतीक्षा सम्पादक रहेको **प्रतीक्षा** (२०५९) वसन्तकुमार बस्नेतको सम्पादनमा प्रकाशित **साहित्य चौतारी** (२०५९) उदय अपेक्षा सम्पादक रहेको **चाँदनी** (२०५९) त्यस्तै अर्जुन निर्दोष गिरी सम्पादक रहेको **बिम्बप्रतिबिम्ब** (२०५९) निर्दोष डेविटको सम्पादनमा प्रकाशित **अणिमा** (२०५९) आदि महत्त्वपूर्ण रहेका छन् ।

यस्तै प्रकारले अभ्यास चरणमा देखापर्ने सर्जकहरूले सामाजिक राजनैतिक क्षेत्रमा देखापरेका समसामयिक अनियमितता हत्या हिंसा, बलात्कार,बिसङ्गति, अभाव, अन्याय, अत्याचार, रोग, भोक, शोक, हेपाहा प्रवृत्ति, खुट्टा तान्ने प्रवृत्ति जस्ता विषयलाई केन्द्रीय रूपमा राखेर ताङका लेख्ने ताङकाकर्मीहरूमा – धनञ्जय भट्ट यत्न, वसन्तकुमार बस्नेत, उदय अपेक्षा, सोम सम्बाहाम्फे, सविना कन्दङवा, पराजित, कृष्ण वान्तवा, पृथराज थेगिम, सुनिल अन्जान, पदमेश थुलुङ, देवेन्द्र लाओती पराभूत,पदम नेम्बाङ, राजु तुम्बापो सुधा, नवीन लोयम, अरुणा राई, अन्योल नरेन्द्र केरुङ, समीर, लेखनाथ सिकारु, चेतनाथ निरौला, खड्गनारायण आङ्देम्बे, देवेन्द्र खालिङ राई, बन्दना राई, श्रीजङ राई, निशेष सुब्बा, वसन्तहाङ आङदेम्बे, मदन रोदन तुम्बापो, कुवेरमान थेगिम, शोभा बुढाथोकी, गजेन दासी, राजकुमार खड्का, कविता राई, राधा सुब्बा, रिङ्का राई, खेमराज मायालु आदि रहेका छन् ।

वि.सं.२०६० साल पछिको समयलाई ताङका विकास प्रक्रियामा विकास चरण मानेर अध्ययन गरिएको छ । धेरै स्रष्टाहरूले यही सालदेखि ताङका सिर्जना गर्न थालेको पाइन्छ । यसका अलावा यो वर्ष मौलिक नेपाली ताङका सङ्ग्रहको प्रकाशन प्रारम्भको समय पनि हो । अधिकांश स्रष्टाहरूको ताङका लेखन सुरुवात यही सालदेखि भएको छ । कृति प्रकाशनको तीव्रता पनि यही वर्षदेखि नै भएको देखिन्छ । यसरी नेपाली ताङकाको विकासमा वि.सं. २०६०

सालमा धेरै महत्त्वपूर्ण कार्यहरू भएको हुनाले पनि यस वर्षदेखि विकास चरणको रूपमा विभाजन गरेर हेर्नु उपयुक्त देखिन्छ । नेपाली ताङ्काको इतिहासमा राज माङलाकको **'धूँवाका धुनहरू'** ताङका सङ्ग्रह यो वर्ष प्रकाशित भएको छ । यस सङ्ग्रहमा नेपाली समाजका आर्थिक, राजनीतिक, विकृति, विसङ्गतिप्रति व्यङ्ग्य गरिएको छ भने प्रेमप्रणयका प्रसङ्गलाई प्रकृतिका बिम्ब र प्रतीकको संयोजनले सजाउने प्रयास गरिएको छ ।

त्यसैगरी अर्का ताङकाकार राजकुमार तेयुङको पनि यस क्षेत्रमा उल्लेखनीय योगदान रहेको देखिन्छ । उनले वि.सं.२०६१ मा **'गाउँबेसीमा रोइरहेका आवाजहरू'** हवाई (४ पृष्ठको) सङ्ग्रह प्रकाशित गरेका छन् । उनले यसमा ३४ वटा ताङका राखेका छन् । जीवनका मूल्य, मान्यता, सामाजिक जीवनमा देखापर्ने विविध आयामहरूको चित्रण गर्नु यस सङ्ग्रहको केन्द्रीय ध्येय रहेको छ । तत्कालीन ग्रामीण क्षेत्रको राजनैतिक कारणले जन्मिएका युद्ध, सन्त्रास, अनियमितता, मृत्यु, हत्या, हिंसा जस्ता विकृत समयको चित्रण पनि यस पर्चा सङ्ग्रहमा गरिएको छ ।

नेपाली साहित्यको क्षेत्रमा ताङका लेख्ने अर्का लेखक चन्द्रकला शाह पनि हुन् । सरल भाषाशैलीमा छोटोमीठो संरचनात्मक आयाममा आफूले दिनहुँ हिड्दा, बस्दा, डुल्दा,देखेभोगेका यथार्थ घटनाहरूलाई रोचक ढङ्गले चित्रण गरी लेखेका ताङकाहरू उनको ताङका कृति **'आँधी आएर'** मा रहेका छन् । विशेषगरी नारी जीवनका विविधावस्था र नारी पुरुषबीच प्रणय जनित भावनाहरूलाई ताङकामा अभिव्यक्त गरिएका छन् । शाहले नारी पुरुषबीच हुने प्रेम विषयक द्वन्द्व, आवेग र संवेगलाई सुन्दर रूपमा ताङकामा प्रस्तुत गरेका छन् । सङ्ग्रहका विभिन्न ताङकामा मानिसका खोक्रा अर्थहीन आडम्बरीपना, जिउनुको विवशता र नियतिको सिकार हुनुपरेको पीडा रहेका छन् । तात्कालिक परिवेशका मानवीय लाछीपना, निरीहताप्रति आलोचना गरेर परम्परागत मूल्यहीन संस्कारप्रति असन्तुष्टि पनि प्रस्तुत गरेमा छन् ।

नेपाली ताङ्काको ऐतिहासिक विकासक्रमको विकास चरणमा उत्कृष्ट ताङ्का लेखेर सङ्ग्रहको प्रकाशन समेत गर्ने नाम हो विष्णुबहादुर सिंह । उनले वि.सं.२०६२ सालमा **'फूलको वर्षा'** ताङ्का कृति प्रकाशित गरेका छन् । उनले यसमा प्राकृतिक दृश्यको सूक्ष्म सौन्दर्यको चित्रण गरिएका ताङ्काहरू सङ्गृहीत गरिएका छन् । मानव जीवनका आयामिक क्षणहरू, प्रकृति र प्रेम प्रणयका प्रसङ्गहरू पनि त्यत्तिकै सजाइएका छन् । ग्रामीण जनजीवन, अभाव, भोकमरी, प्राकृतिक दृश्य, सांस्कृतिक मिथक आदिलाई बिम्ब बनाएर सजिएका ताङ्का पनि प्रशस्त रहेका छन् । समाजमा देखिने अन्याय, शोषण, अनियमितता, असङ्गति, सामन्ती निरङ्कुश व्यवहार, हुकुमीतन्त्र, नारी वेदना, दमन, शोषण र संस्कारगत कुरीतिप्रति तीव्र व्यङ्ग्य गरिएका मर्मस्पर्शी ताङ्काहरू सिंहले प्रस्तुत गरेका छन् ।

ताङ्का क्षेत्रमा उत्कृष्ट ताङ्का लेख्न सक्रिय एवं प्रतिबद्ध लेखकको रूपमा चिनिएका अर्का ताङ्काकार शशि भण्डारी हुन् । कुनै पनि क्षण विशेषमा वा परिवेशमा समाज र जीवनमा घटेका सूक्ष्म विषयवस्तुलाई टिपेर सटीक अभिव्यक्ति दिन सफल रहेका छन् भण्डारी । उनको वि.सं.२०६२ मा **'डाँडावारिको घाम'** पुस्तक कृति प्रकाशित गरेका छन् । विभिन्न फन्कोमा रहेका ताङ्काहरूले जीवन, संस्कृति र विश्वप्रकृतिलाई अँगालेका छन् । मानिसको आन्तरिक संवेदनालाई समातेर चिन्तनको गहिराइमा पुगेर भाव सम्प्रेषण गर्न सक्ने क्षमता उनका ताङ्काले बहन गरेका छन् । जीवनका विविध विषय सम्प्रेषण गर्न सक्ने क्षमता पनि उनमा प्राप्त गर्न सकिन्छ । जीवनको मूल्य, सामाजिक जीवनमा देखा पर्ने विभिन्न किसिमका विविधताहरूको चित्रण यस पुस्तकमा प्राप्त गर्न सकिन्छ । छोटो मीठो संरचनामा लेखिएका ताङ्काहरू जीवनका वास्तविकता, चिन्तन तथा सघन अभिव्यक्तिले युक्त व्यङ्ग्यप्रधान उनका प्रायःजसो ताङ्काहरू जीवनमूलक रहेका छन् ।

नेपाली ताङ्का इतिहासको विकास चरणमा देखापर्ने ताङ्काकार अमर त्यागीका ताङ्कामा भावगत तीक्ष्णता र सौन्दर्यविधानको तीव्रता प्रशस्त भेट्न सकिन्छ । प्राकृतिक सौन्दर्य र मानवजीवनको मोहकताका साथै राष्ट्ररागको ओज त्यत्तिकै गहन रूपमा सजिएका छन् । समयुगीन वृहत्तर सामाजिक ढाँचामा अन्तर्निहित विसङ्गति एवं मूल्य विघटन तथा बहुल मानवीय पीडाचक्रतर्फ साङ्केतिक भावभूमि उनको **'अभियुक्त ईश्वर'** (२०६२) ताङ्का सङ्ग्रहमा प्राप्त गर्न सकिन्छ । उनका ताङ्का सामाजिक, राजनीतिक, क्षेत्रमा देखिएका विषमता, आर्थिक असमानता, अन्याय, शोषण र वर्गीय द्वन्द्व नै सिर्जनको मुख्य स्रोत रहेको देखिन्छ । विद्यमान सामाजिक, राजनीतिक, सांस्कृतिक, पारम्परिक सामन्ती संस्कारको विद्रोहमा व्यङ्ग्यात्मक ताङ्काहरू कृतिमा प्रचुरमात्रामा पाइन्छन् ।

वि.सं. २०६२ सालमा नै ताङ्का संग्रह **'अनावरण'** शान्तिनारायण श्रेष्ठले प्रकाशित गरेका हुन् । जम्मा १८० ओटा ताङ्काहरू सङ्ग्रहीत गरिएका यस पुस्तकमा ग्रामीण बिम्बमा प्रकृति प्रणयका गीतहरू गाइएका छन् । समाजका हिंसा, द्वन्द्व, गरिबी,शोषण,अन्याय र नियतीका विषयहरू प्रस्तुत भएका छन् । यसरी नै कुनैपनि घटना, प्रवृत्ति विचारलाई सशक्त बिम्ब मार्फत सान्दर्भिक रूपमा ढालेर उत्कृष्ट ताङ्का लेख्ने अर्का ताङ्काकार विष्णु संगम पनि हुन् । कुनै पनि विषयलाई कलात्मक ढङ्गले ताङ्काको आयामिक ढाँचामा प्रस्तुत गरेका ताङ्काहरू उनले आफ्नो ताङ्का सङ्ग्रह **'आलिङ्गनका स्वरहरू'** (२०६३) प्रकाशित गरेका छन् । पारिवारिक समस्या ग्रामीण सङ्कटावस्था, पीडा र मानवीय दुष्प्रवृत्ति, प्रेमप्रणयका आरोह अवरोह, सामाजिक, आर्थिक समस्या जस्ता विषयहरू ताङ्कामा कवि संगमले समेटेका छन् ।

त्यस्तै नेपाली ताङ्काको क्षेत्रमा सक्रिय कलम चलाउने स्रष्टा वैरागी जेठाले काव्य नै तयार पारेका छन् । उनले **शची शोक** (२०६३) काव्य प्रकाशित गरेका छन् । यसमा शची पात्रको कलिलै उमेरमा भएको मृत्युले सारा मानिसलाई रुवाएको विषयवस्तु रहेको छ । एघार वर्षको कलिलो उमेरमै

मृत्युवरण गर्नुपरेको कारुणीक कथामा ताङका काव्य तयार गरेका छन् ताङकाकारले । वियोग र व्यथाले शोकमग्न अवस्था यस सङ्ग्रहका ताङकाहरूले प्रस्तुत गरेका छन् । त्यसरी नै अर्का प्रतिभा मोहनबहादुर कायस्थले **'विस्कुन'** (२०६३) ताङका सङ्ग्रह प्रकाशित गरेका छन् । सामाजिक विकृति र विसङ्गति, अनियमितता जस्ता विषयलाई उनले ताङकामा व्यक्त गरेका देखिन्छन् । अन्योक्तिमूलक अर्थको उचाइमा पुगेर विभिन्न प्रतीकहरूका माध्यमबाट सामाजिक तथा राजनीतिक क्षेत्रमा विद्यमान सांस्कृतिक पारम्परिक रुढी, अन्धता, कुप्रथा, कुरीति, कुसंस्कार, अन्याय, अत्याचार, शोषण, भ्रष्टाचार, निरङ्कुश सामन्ती व्यवहारप्रति लक्ष्य गरेर विद्रोहात्मक व्यङ्ग्य प्रकट गरिएका सुन्दर ताङकाहरू श्रेष्ठका रहेका छन् ।

यस चरणका अर्का ताङकाकर्मी हुन् रमेश शुभेच्छु । उनले **वगैंचा** (२०६४) खिचडी सङ्ग्रह प्रकाशित गरेका छन् । यसमा कविता, गजल, हाइकु मुक्तक, गीत आदि विधाका रचना समेटिएको यस पुस्तकमा १२ वटा ताङका पनि समेटिएका छन् । समाजका अन्याय, अत्याचार आदि विषयलाई मुख्य विषयवस्तु बनाइएका ताङकाहरू यहाँ रहेका छन् । यसैक्रममा केशव आचार्यले **'छाँया कुल्चेर'** ताङका सङ्ग्रह प्रकाशित गरेका छन् । यस चरणमा आएर ताङका सिर्जनामा लागेका निर्मलकुमार रिमाल निक्कै पुराना पुस्ताका स्रष्टा हुन् । उनले **विरान बस्ती** (२०६५) ताङका कृति प्रकाशित गरेका छन् । यसमा आठसय चौरानब्बे ताङका समेटिएका छन् । सामाजिक, आर्थिक, सांस्कृतिक विकृति, विसङ्गतिलाई ताङकामा केन्द्रीय भावको रूपमा प्रस्तुत गरिएका छन् । रिमालका ताङकामा समसामयिक शोषण, दमन, हुकुमी प्रथा, पुरुषप्रधान समाजमा नारीमाथि गरिने भेदभाव आदि विषयलाई ताङकाको पृष्ठभूमि बनाइएको पाइन्छ । बिम्ब, प्रतीक र व्यङ्ग्यको कुशल प्रयोगले ताङका ओजस्वी बन्न पुगेका छन् ।

नेपाली ताङकाको समालोचनात्मक पुस्तक पनि प्रकाशित भइसकेको छ । ताङकाकर्मी चेतनाथ धमलाले **'नेपाली ताङका सिद्धान्त र सिर्जना'**

(२०६४) प्रकाशित गरेका छन् । यस पुस्तकको आधा भागमा ताङ्काको सैद्धान्तिक विश्लेषण गरिएको छ भने बाँकी भागमा विभिन्न ताङ्काकर्मीका नेपाली ताङ्काहरू समेटिएका छन् । त्यस्तै डा.बमबहादुर थापा जितालीको जापानी छन्दमा नेपाली कविता पुस्तक ताङ्काको सैद्धान्तिक विश्लेषणका निम्ति उल्लेखनीय रहेको छ । ताङ्का विकासमा विभिन्न पत्रपत्रिकाको योगदान अविश्मरणीय रहेको छ । विकास चरणमा आएर ताङ्का विशेषाङ्क प्रकाशित गरेर अतुलनीय योगदान पुऱ्याएका छन् । यस चरणमा आएर राष्ट्रिय स्तरका केही पत्रपत्रिकाले ताङ्कालाई स्थान दिएर प्रकाशित गरेको देखिन्छ ।

ताङ्का प्रधान पत्रिकामा हालसम्म **'नेपाली ताङ्का'** (२०६१) ले प्रथम ताङ्का पत्रिका हुने अवसर पाएको छ । चेतनाथ धमलाको सम्पादकत्वमा काठमाडौंबाट प्रकाशित यस पत्रिकामा चेतनाथ धमला र रमेशप्रसाद सागरले ताङ्का लेख प्रस्तुत गरेका छन् । यो एक अङ्क प्रकाशित भएपछि बन्द भएको छ । त्यसरी नै अर्को ताङ्का प्रधान पत्रिका **'साहित्यिक ताङ्का'** (२०६२) रहेको छ । मेदिनी पाइअसको सम्पादकत्वमा पाँचथरबाट प्रकाशित यस पत्रिकामा राज माङलाकको ताङ्का लेख रहेको छ । यस पत्रिकामा सत्ताइस ताङ्काकर्मीका सुन्दर ताङ्का समेटिएका छन् । यो पत्रिका पनि एक अङ्क प्रकाशित भएपछि अर्को अङ्क निस्कन सकेन । यी दुई पत्रिकाहरू एकएक अङ्क मात्र प्रकाशित भएतापनि यिनीहरूको योगदानले ऐतिहासिक महत्त्व पाएको छ ।

विभिन्न लघुआकारका पत्रपत्रिकाले ताङ्का विशेषाङ्क प्रकाशित गरेका छन् । वसन्तकुमार बस्नेतको सम्पादनमा पाँचथरबाट प्रकाशित **'साहित्य चौतारी'** (१:३, २०५९) ताङ्का विशेषाङ्क, विष्णु संगमको सम्पादनमा इलामबाट प्रकाशित **संगम** (५: २: २६, २०६२) ताङ्का अङ्क, चेतनाथ धमलाको सम्पादनमा काठमाडौंबाट प्रकाशित **कौशिकी** (८: २: २२, २०६३) ताङ्का विशेषाङ्क, र मंगल अञ्जान वेघाको सम्पादनमा पाँचथरबाट प्रकाशित **कटाक्ष** (४: ८, २०६६) ताङ्का विशेषाङ्क प्रकाशित भइसकेका छन् । ताङ्का

विकासमा यी पत्रिकाको उल्लेखनीय योगदान रहेको छ । यस चरणमा आएर ताङका रचनालाई महत्त्वकासाथ प्रकाशन गर्ने पत्रिकाहरूमा युवराज गौतम सम्पादक रहेको **मधुपर्क** (२०६०) प्रेम कन्दङवा मौसमको सम्पादनमा रहेको **गाउँले संगालो** (२०६१) उदासी पान्थरे कान्छाको सम्पादनमा रहेको **साराङ्गा** (२०६२) सुविसुधा आचार्य सम्पादक रहेको **अन्तरिक्ष** (२०६३) सीता पिरती सम्पादक रहेको **दर्पण** (२०६०) आदि पत्रिकाहरू महत्त्वपूर्ण रहेका छन् ।

यसरी नै सङ्ग्रहको रूपमा ताङका कृति प्रकाशन नगरेका तर ताङकाको विकासमा उल्लेखनीय कार्य गरेर योगदान दिने ताङकाकर्मीको देन अझ महत्त्वपूर्ण रहेको  छ । त्यस्ता ताङका स्रष्टाहरूले नेपालको सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक आदि क्षेत्रमा देखिएका अनियमितता, हिंसा, हत्या, द्वन्द्व, बलात्कार, अन्याय, अत्याचार, रोग, शोक, भोक, पीडा,शोषण, दमन आदि विषयमा उत्साहकासाथ ताङका सिर्जना गरेको देखिन्छ । त्यस्ता प्रतिभाहरूमा – देवी याङसा लाओती, अरविन अविरल,हेटनारायण रस्तेल, लक्ष्मीहाङ चेम्जोङ, राम दुःखी आङ्देम्बे, रूपा लाओती, दीला मुक्साम, तारा लाओती, मञ्जुल सुनुवार, दीपक सुवेदी, समिप साम्पाङ, सपना रस्तेल, भावना राई, इन्दु फोम्बो, विनोद कुगेनाम्बा, शेरबहादुर भुजेल निर्दोष, श्याम संकल्प, आर.के.अदिप्त गिरी, एल.वि.नेम्बाङ, मनु लिम्बू, चन्द्र पन्दाक, इन्द्रसुर वेल्टारे, शोभियत लक्सम,सन्दिप झझल्को राई, सर्जन सुब्बा, मदन मुर्छना, मोहन प्रसाद अर्याल, मंगल अञ्जान वेघा, विमल कार्की, रविन सेलिङ, माया मोक्तन, निमा तामाङ, अशोक सुब्बा, मणि लोहनी, रत्नसमशेर थापा, सन्जोग प्रेमी शेर्मा, सुनिता कार्की, रश्मी कार्की, टङक सेलिङ, एम.पी.आस्था, रेश्मा सेलिङ, उमेशचन्द्र सम्बाहाम्फे, सरण निष्ठुरी, विना सुब्बा, सृजना चट्याङ पारघारी, सपना पोमु, पार्वता पोमु, आशिष राई, राजेन्द्र साम्पाङ, कोपिला मुखिया,पुरण कटुञ्जेली, अतीत माखिम, उदासी पान्थरे कान्छा, नवीनय सूर्य, सुन्दर अल्पभाषी, पुष्पराज पहाडी, रमेश थापा, देवी साम्पाङ राई, अमृता थापा, डम्बर लोरिङ्देन, सीता पिरती, जमुना लामिछाने, सुरेश काफ्ले, निराजन वतास, नवीन सोल्टी, योजना सुब्बा, निरञ्जन वम, श्याम थापा मगर, रुपिन्द्र

प्रभाषी, शोभा बुढाथोकी, कृसु क्षेत्री, कुमार खरेल, उज्वल जी.सी., अमृता शर्मा, अम्बरप्रसाद रिजाल, सुनिल अञ्जान, दया खड्गी, तीर्थकुमारी वाइवा, गोवर्द्धन पूजा, गोपीकृष्ण ढुङ्गाना, तीर्थराज वन्त, गणेश राई, मणि लोहनी, मञ्जुल सुनुवार, प्रकाश पौडेल माइला, दिलीप दोषी, दिव्य गिरी, मित्रबन्धु पौडेल, मिलन समिर, मुरारीप्रसाद सिग्देल, मनोज न्यौपाने, मधुसुदन गिरी, फूल विश्वास, फुलमाया सुभारा,रेणुका भट्टराई, राजेन्द्र बहादुर श्रेष्ठ, युवराज गैरे, श्यामु गुञ्जन, सन्तकुमार निर्दोषी, कमल मिश्र आदि रहेका छन् ।

अन्त्यमा, नेपाली साहित्यको आधुनिक कालमा आएर देखा परेको कविताको लघुत्तम प्रभेद देखिने आफ्नै संरचनात्मक स्वरूप भएको नेपाली ताङका परम्परामा सुरुसुरुमा खिसिट्युरीको भाषामा भनिने कविता साहित्यमा देखा परेको अनावश्यक उपभेद मानिएको पाइन्छ । यद्यपि यसलाई यसो भनिनु उपयुक्त हुन्न । किनभने मानव जीवन समाज र सिङ्गो जगतका विविध विषय र गम्भीर पक्षलाई छोटो मीठो संरचनामा प्रस्तुत गर्ने काव्य विधाका क्षेत्रमा पूर्ण स्वत्व लिई देखा परेका मुक्तक, कविता, गीत, गजल, लघुकथा, हाइकु जस्तै जीवन र जगतको मार्मिक पक्षको उद्घाटन काव्यिक भाषाका छोटो छरितो संरचना र सटीक शैलीमा व्यक्त गर्ने कविता विधाको पूर्ण र मौलिक भेदको रूपमा ताङका स्थापित हुने क्रममा देखिन्छ । ढिलै भएपनि आफ्नो मौलिक सत्व कायम गर्न सफल भएको नेपाली ताङका परम्परा स्वभाविक रूपमा सुरुसुरुमा निरीह देखिए पनि आजको स्थितिमा किशोरावस्था पार गरी युवा अवस्थामा जमजमाउँदो बन्न पुगेको छ । अर्थात  नेपाली साहित्यमा आफ्नो छुट्टै इतिहास बोकिसकेको ताङकाको अवस्था अब खस्किँदो र गिर्दो नभएर समृद्ध बन्दै गएको छ । यस विधालाई आफ्नो लेखनको अङगी क्षेत्र बनाउँदै गएका प्रमुख ताङकाकारहरूको योगदान पनि अविस्मरणीय रहेको छ । दिन प्रतिदिन ताङका सिर्जनामा जुट्दै गएका स्रष्टाहरू पुस्तकाकार कृति लिएर देखा पर्नुले पनि यसको क्षेत्र फराकिलो हुँदै गएको देखिन्छ । आज ताङका आफ्नै मौलिकतामा उभिएर विकासको गति अघि बढाइरहेको छ ।

## ५.१ सम्भावित शोध शीर्षकहरू

नेपाली साहित्यको आधुनिक चरणमा नवीन विधाको रूपमा स्थापित आधुनिक ताङ्काका बारेमा पुनः अध्ययन तथा अनुसन्धान गर्न चाहाने शोधार्थीहरूले निम्नलिखित शीर्षकमा शोधकार्य गर्न सक्नेछन् ।

५.१.१ विभिन्न प्रमुख ताङ्काकारहरूको ताङ्काकारिता,

५.१.२ विभिन्न ताङ्का सङ्ग्रहहरूको कृतिपरक अध्ययन,

५.१.३ प्रतिबद्ध ताङ्काकारहरूको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

# प्रमुख सन्दर्भग्रन्थ सूची


अधिकारी, क्षेत्रप्रताप, **जापानी नवरत्न**, (काठमाडौंःहिमाली पुस्तकालय, २०४९)

------- **हिम, जून,फूल** (काठमाडौंः  हिमाली पुस्तकालय, २०५१)

--------**जापानी साहित्यको इतिहास**, (भक्तपुरःअक्षर प्रकाशन सहकारी संस्था लि., २०५५)

कँडेल, घनश्याम, **नेपाली समालोचना** (ललितपुरःसाझा प्रकाशन, २०५५) ।

कोइराला, तुलसीहरि, **ताङकाको आकर्षण**, मधुपर्क- (२०६१, माघ)

गौतम, लक्ष्मणप्रसाद, **समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण**, ( ललितपुरः  साझा प्रकाशन, २०६०)

जीताली, बमबहादुर थापा, **जापानी छन्दमा नेपाली कविता**, (काठमाडौंः मर्स्याङ्दी वाङमय प्रतिष्ठान, २०६४)

जेठा, वैरागी, **शची शोक**, (काठमाडौंः  रीता अधिकारी, २०६३)

तरेवा, राजकुमार तेयुङ, **गाउँवेंसीमा रोइरहेका आवाजहरू,** (तेह्रथुम)

त्यागी, अमर, **अभियुक्त ईश्वर** (काठमाडौंः  कौशिकी साहित्य प्रतिष्ठान, २०६२)

त्रिपाठी, वासुदेव र अरु (सम्पा.) **नेपाली कविता भाग** - ४, ते.सं.(ललितपुर साझा प्रकाशन, २०५४)

धमला, चेतनाथ, **नेपाली ताङका सिद्धान्त र सिर्जना**, (काठमाडौंः  कौशिकी साहित्य प्रतिष्ठान, २०६४)

------- **तांका लेखनको लघुत्तम सर्भेक्षण**, नेपाली तांका - १, (२०६४, वैशाख आषाढ)

पाँडे, रामकुमार, **हाइकुको चमत्कार र चमत्कारीक हाइकु**, कविता - ८२, ( २०६०, पुष-माघ)

-------**जापानभित्रको हाइकु र हाइकुभित्रको जापान**, समकालीन साहित्य – ५०, समालोचना अङ्क (२०६०, साउन, भदौ, असोज)

प्रधान भिक्टर, **चिनियाँ साहित्यको दिग्दर्शन** (काठमाडौंः  नेपाली राजकीय प्रज्ञा प्रतिष्ठान, २०५१)

भण्डारी, शशि, **डाँडावारिको घाम**, (काठमाण्डौः  श्रीमती विजयादन श्रेष्ठ भण्डारी, २०६२)

भूजेल, लालबहादुर, **पराकाष्ठा** (काठमाडौंः  सर्वदा वाङमय प्रतिष्ठान, २०६३)

माङलाक, राज, **धूँवाका धुनहरू**, (पाँचथरः  प्रस्थान प्रकाशन, २०६०)

------- **ताङका विशेषाङ्क र साहित्य चौतारी**, **साहित्यिक ताङका** - १, ( २०६२, वैशाख)

मेसन र काइगर, **जापानको इतिहास**,(अनु.भुवनलाल प्रधान), ललितपुर  साझा प्रकाशन, २०५४

रिमाल, निर्मलकुमार, **विरान बस्ती**, (काठमाडौंःनिर्मलकुमार रिमाल, २०६५)

लामिछाने, शंकर, **जापानी हाइकु कविता**, रूपरेखा - ११३ (२०२७, असोज)

लोहनी, पुष्कर, **पीपलबोट**, (काठमाडौंः  पीपलबोट प्रकाशन, २०६३)

------- **ऐतिहासिक तथ्यमा जापानी तान्का**, अन्तरिक्ष - १४, (२०६३, असोज)

विह्वल, धर्मेन्द्र, **एक समयक वात** (काठमाडौंः  हाइकु अध्ययन नेपाल, २०६१)

शर्मा, मोहनराज, **लघुकथा लघुत्तम आख्यान**, मधुपर्क - ३६२ (२०६५, भदौ)

शाह, चन्द्रकला, **आँधी आएर**, (काठमाडौं  गजल मञ्च, २०६१)

शुभेच्छु, रमेश,**बगैंचा**, (काठमाडौंः  पुष्पलता आचार्य, २०६४)

श्रेष्ठ, दयाराम, **साहित्यको इतिहास सिद्धान्त र सन्दर्भ**, दो.सं.(काठमाडौं त्रिकोण प्रकाशन, २०६१)

श्रेष्ठ, शान्तिनारायण, **अनावरण** (पर्वतः गुप्तेश्वर बहुउद्देश्यीय पुस्तकालय, २०६२)

संगम, विष्णु, **आलिङ्गनका स्वर** (इलाम संगम प्रकाशन समाज, २०६३)

------- **जापानी साहित्य इतिहासमा ताङ्का**, साहित्यिका संगम - २६ ( २०६२, कार्तिक, मंसिर)

सागर, रमेशप्रसाद, **तांका कविता केही नमूना**, नेपाली तांका - १, (२०६१, वैशाख,आषाढ)

सिंह, विष्णुबहादुर, **फूलको वर्षा** (काठमाडौंः अन्तराष्ट्रिय नेपाली समाज र हाइकु अध्ययन नेपाल, २०६२)

-------**मैनबत्ती**, (काठमाडौंः शिवपुरी साहित्य समाज, २०६४)

सुवेदी, अभि, **जापानी हाइकु हिजो र आज**, सम्पा. माधवलाल कर्माचार्य, ( साझा प्रकाशन, २०४४)

सुवेदी, राजेन्द्र, **लघुकथाको परिचय विकास र वर्तमान परिप्रेक्ष्यमा लघुकथाको महत्त्व**, अप्र. कार्यपत्र, (२०५३)

सुसारा, सगुन, **सेरोफेरोमा केही तांका**, साहित्य चौतारी - ३, ताङ्का विशेषाङ्क, (२०५९, माघ, फागुन)

------- **नेपाली ताङ्का र लेखन**, कटाक्ष - ८, (२०६६)

# फुटकर पत्र-पत्रिका

**आशिर्वाद** (सम्पा. सुजन मादेन सोल्टी) वर्ष - १, अङ्क - १, मंसिर, २०६०, तेह्रथुम

**कौशिकी** (सम्पा. चेतनाथ धमला) वर्ष - ८, पूर्णाङ्क - २२, काठमाडौं,

**गाउँले संगालो** (सम्पा. डिल्ली सुब्बा) वर्ष - ३, संयुक्ताङ्क -७:८:९, २०६१, तेह्रथुम

**चाँदनी** (सम्पा. उदय अपेक्षा) वर्ष - २, अङ्क - १, पूर्णाङ्क - ७, असार, श्रावण , पाँचथर

**पहाड**, (प्र.सम्पा. गजेन दासी) वर्ष - १, अङक - १, २०६६, पाँचथर

**प्रस्थान**, (सम्पा. ताराहाङ तावा) वर्ष- १, अङ्क - ३, २०५७, पाँचथर

**मधुपर्क** (प्र.सम्पा. कपिल घिमिरे) वर्ष - ३६, अङ्क - ८, पूर्णाङ्क - ४१५, पुष, २०६०, काठमाडौं

**लुङा**, (सम्पा सेसेमी सेरेङ) बर्ष -८ , अङक - १, पूर्णाङ्क - २५, २०६२, पाँचथर ।

**स्वर्णिमपल** (सम्पा. प्रदीप निराश र अरु) वर्ष - १, अङक - २, पूर्णाङ्क - १० श्रावण, आश्विन, २०५९, भोजपुर

**साहित्यिक सारङ्गा** (सम्पा. उदासी पान्थरे कान्छा) वर्ष - १, अङ्क - १, कार्तिक, मंसिर, पौष, २०६२, इलाम